# थारु समाजमा अन्तरजातीय विवाह

## बर्दिया जिल्ला बाँसगढी नगरपालिका २ को एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रिय विभाग अन्तर्गत
समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको शोधपत्र

प्रस्तुतकर्ता :
मन्जु कुमारी चौधरी
परीक्षा क्रमाङ : ६४
त्रि. वि. दर्ता नं. :६–२–३२६–१७–२०११

समाजशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं ।

२०८०

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको एम.ए. उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा मञ्जु कुमारी चौधरीले थारु समाजमा अन्तरजातिय विवाह बर्दिया जिल्ला बाँसगढी २ नगरपालिकाको एक समाजशास्त्रीय अध्ययन, विषयमा यो शोधपत्र तयार पार्नुभएको हो । उहाँले बाँसगढी नगरपालिका २ मा स्थलगत अध्ययन गरेर यो शोधपत्र तयार पार्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....................................

शोध निर्देशक

डा.मनहर ढकाल

समाजशास्त्र केन्द्रिय विभाग त्रि.वि.

कीर्तिपुर, काठमाडौं ।

## त्रिभुवन विश्वविद्यालय
## समाजशास्त्र केन्द्रीय विभाग
## कीर्तिपुर, काठमाडौं

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र विभाग अर्न्तगत मञ्जु कुमारी चौधरीद्धारा "थारु समाजमा अन्तरजातीय विवाह बर्दिया जिल्ला बाँसगढी नगरपालिकाको एकसमाजशास्त्रीय अध्ययन" विषयमा शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको लागि उचित ठहरिएकोले स्वीकृती प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

१. विभागीय प्रमुख ...................................

डा. युवराज लुइटेल

२. वाह्य परीक्षक ...................................

टेकनाथ सुवेदी

३. शोध निर्देशक ...................................

डा. मनहरी ढकाल

मितिः

# कृतज्ञता-ज्ञापन

थारु समाजमा अन्तरजातिय विवाहबारे समाजशास्त्रीय अध्ययन: बर्दिया जिल्लाको बाँसगढी बेलवामा एक समाजशास्त्रीय अध्ययन विषयको शोधपत्र समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त तयार गरिएको हो । यो शोधकार्य पुरा गर्नको लागि धेरैको सहयोग लिएको छु । यस शोध तयार गर्दा मैले अरुप्रति पुऱ्याएका असजिला परिस्थिति भए त्यसमा क्षमा याचना  चाहन्छु । नेपाली समाज आफैमा विविध जातजातीको संगमस्थलको रुपमा रहेको छ। यिनै जनजाति मध्ये थारु समाजको बारेमा अध्ययन अनुसन्धान गर्ने मेरो उत्सुक्तालाई हौसला दिई आवश्यक सर सल्लाह सुझाव र उचित समय दिइ मलाई प्रोत्साहान प्रदान दिनुहुने गुरु टेकनाथ सुवेदी प्रति विशेष आभार व्यक्त गर्दछु ।

सर्वप्रथम मलाई यो शोध अनुसन्धानको लागि स्वीकृति  प्रदान गर्नुहुने यस विभागका विभागीय प्रमुख प्रा.डा. युवराज लुइटेल ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु र यस शोधपत्रको सुपरिवेक्षण गरि सहयोग गर्नुहुने स.प्रा. मनहरी ढकाल ज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै अध्ययन क्षेत्रमा सहयोग पुऱ्याउने बर्दियाा जिल्ला बासगढी नगरपालिकाका थारु समुदायका उत्तरदाताहरु तथा सम्पूर्ण परिवारहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस्तै यस शोधकार्यलाई समाप्त गर्नका लागि प्रेरणाको साथै आवश्यक सहयोग प्रदान गर्नुहुने साथीहरुप्रति पनि आभार व्यक्त गर्दछु ।

...............................

मञ्जु कुमारी चौधरी

# विषय सूची

**सिफारिस-पत्र** ii

**स्वीकृति- पत्र** iii

**कृतज्ञता-ज्ञापन** iv

**विषय सूची** v

**अध्याय–एक : परिचय** **१**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ थारुहरुको परिचय ५

१.३ समस्याको कथन ५

१.५ अध्ययनको उद्देश्य ८

१.६ अध्ययनको औचित्य ८

१.७ तथ्यांकको संगठन ९

**अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन/अध्ययन** **१०**

२.१ समाजशात्रीय बुझाईमा विवाह १०

२.२ समाजशत्रीय सिद्धान्तको कसिमा विवह १३

२.२.१ मार्क्सवादी दृष्टिकोणको अर्थमा विवाह १३

२.२.२ सामाजिक परिवर्तन र विवाह १६

२.३ अन्तरजातीया विवाहबारे विश्लेषण १९

**अध्याय–तीन : अनुसन्धान - पद्धति** **२१**

३.१ अनुसन्धान ढाँचा २१

३.२ अध्ययन क्षेत्र छनौटको औचित्य २१

३.३ समग्रता र नमुना छनौटः २२

३.४ तथ्याङक स्रोत र प्रकृति २२

३.५ तथ्याङक सङ्कलन विधि २२

३.६. द्धितिय तथ्यांक संकलन विधि २४

३.७. तथ्यांकका विश्लेषण तथा प्रस्तुतीकरण २४

३.८. अध्ययनको सीमा २४

**अध्य–चार : अध्ययन क्षेत्रको परिचय २६**

४.१ भौगोलिक अवस्था २६

४.१.१ बर्दिया जिल्लाको परिचय २७

४.१.२ बाँसगढी नगरपालिका २८

४.१.३ जातजाती २८

४.१.४ धर्म २९

४.१.५ मुख्य चाडपर्वहरुः २९

४.१.६ सांस्कृतिक रितिरिवाज २९

४.१.७ विवाहको किसिम २९

४.१.८ विवाहको औसत उमेर २९

४.१.९ भाषा २९

४.२.१ उत्तरदाताको परिवारका किसिम ३०

४.२.२ अन्तरजातिय विवाह गरेका सदस्यहरुको शैक्षिक विवरण ३१

४.२.३ अन्तरजातिय विवाह गरेका सदस्यहरुको पेशागत विवरण ३२

४.२.४ अन्तरजातिय विवाह गरेका सदस्यहरुको धर्मिक विवरण ३३

**अध्याय-पाँच : तथ्याङ्कको विश्लेषण र विवेचना ३५**

५.१ अन्तरजातीय विवाहलाई प्रोत्सहान गर्ने कारकतत्वहरु ३५

५.१.१ शिक्षाले गर्दा जोडी रोज्ने स्वतन्त्रता ३५

५.१.२ प्रेम नै विवाहको केन्द्रीय तत्व ३६

५.१.५ कानुनी प्रावधानले जातीय व्यवस्था कमजोर हुनु ४०

५.१.६ सुचना सञ्चार र प्रविधिको विकासले मनिसको विचारमा परिवर्तन ४१

५.२ विवाहित जोडीहरुको अन्तरजातीय विवाह प्रतिको दृष्टीकोण ४२

५.३ केश विशलेषण ४५
५.४ विवाहको आधुनिक प्रवृत्ति ४७
५.४.१ अन्तरजातीय विवाहका असल र दुर्बल पक्षहरू ४९

**अध्याय–छ : वैवाहिक सामान विवरण ५२**

**अध्याय-सात : अध्ययनको सारांश र निश्कर्ष ६०**
७.१ अध्ययनको सारांश ६०
७.२ अध्ययनको निश्ष्कर्ष ६२

**सन्दर्भग्रन्थ सुची ६४**
**परिशिष्ट-१ : अन्तरवार्तामा सोधिएका मुख्य प्रश्नहरु ६७**

# अध्याय–एक

# परिचय

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधताले भरिएको देश हो । जहाँ विभिन्न जातजाति,धर्म मान्ने मानिसहरु बसोबास गर्दछन् । जुनसुकै जातिमा पनि आ-आफना वर्ग, समुह र संस्थाहरु विद्यमान छन् । तिनै संस्थाभित्र विभिन्न संस्कार तथा संस्कृति,धर्म , परम्परा ,मुल्यमान्ता ,रितीतिथिले निरन्तरता पाएको छ । तिनै संस्कारहरुमध्ये विवाह पनि एक महत्वपुर्ण संस्कारको रुपमा मानिन्छ । जसबाट एक पुरुष र महिलाबीच सम्वन्ध स्थापित भइ बच्चाहरुको वैधानिकता कायम हुन्छ । परापुर्वकालदेखि वर्तमान अवस्थासम्म निरन्तर रुपमा कायम रहेको विवाह मागी विवाह हो जुन थारु समुदायमा कायमछ तर समयअनुकुल विवाह परमार्जन हुँदै आएको छ । यस अध्ययनमा वर्तमान अवस्थामा थारु समुदायमा अन्तरजातिय विवाह बढनुका कारण र अतरजातीय विवाह प्रति समाजको धारण र समाजमा पारेको प्रभाव कस्तो छ भन्ने खोजी गर्ने प्रयास गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

विवाह एउटा विश्वव्यापीरुपमा रहेको सामाजिक संस्था हो । यो मानव सभ्यताको सुरुवातस“गै अस्तित्वमा आएको मान्न सकिन्छ । समाजमा विवाहलाई एउटा सूक्ष्म सामाजिक संस्थाका रुपमा पनि लिन स किन्छ (देवकोटा र ओभ्ना २०६७) ।  विवाह जीवनको अत्यन्तै महत्वपूर्ण क्षण हो । वैवाहिक जीवनको प्रकृतिले वरवधु लागयत उनीहरुमा सन्तान र अरु सम्बन्धितहरूको समेत जीवनको समग्र प्रकृति र आरोह अवरोह निकै हदसम्म निश्चित तुल्याउँछ । मानिसको जीवनमा विवाह एउटा महत्वपूर्ण सँस्था हो । विवाहले परिवार निर्माण गर्दछ । यसले नारी र पुरुषको यौन सम्बन्धलाई सामाजिक र कानुनी मान्यता प्रदान गर्दाछ । नारी र पुरुष बीचको विवाहिक सम्बन्धबाट सन्तानको जन्म हुने र त्यसले सृष्टी संचालनलाई निरन्तरता प्रदान गर्दछ । नारी पुरुषका रुपमा व्यक्ति मिली परिवार बन्छ । परिवार मिलेर समाज बन्छ, समाज मिलेर राष्ट्र र राष्ट्र मिलेर विश्व बनेको छ । समाज,राष्ट्र र विश्वको इतिहाँस हेर्ने हो भने विवाहमा भिन्नता पाउन सकिन्छ । ती मध्ये केही रुपान्तरण हुँदै हालसम्म कायम छन् केही नयाँ पद्धतिहरू जन्मने र विकास हुने क्रममा छन् । पक्कै पनि भविष्यमा यस्तो क्रम जारी रहनेछ । विवाहपद्धतिमा यस्तो भिन्नता किन छ ? विवाहमा परिवर्तन भई नयाँ विवाहपद्धतिहरू किन स्थपित हुँदैछन् ? जस्ता प्रश्नहरू मनमा खेल्ने गर्दछन् । यसको

उत्तर पाउन नेपालमा हुने विवाहबाट सुरुवाट गर्छु , नेपालमा विभिन्न किसिमका विवाह पद्धतिहरू रहेका छन् ती हुन मागी विवाह, प्रेम विवाह, जारी विवाह, विद्युवा, विद्युर विवाह, बाल विवाह, बहुपति प्रथा, एकल विवाह र अन्तारजातीय विवाह जस्ता क्रमवद्ध विवाह छुट्टै परिवेश अनुसार परिवर्तन हुदै आएका छन् मिश्र (२०७४) ।

विवाहको प्रचलन त्यो बेलाको उत्पादन प्रणाली, जीवनयापन मालिक-आश्रितसम्बन्ध, सामन्त र राज्यसत्ता अर्न्तदेशीय सम्बन्ध अदि लामो कालसम्म अपेक्षाकृत रुपमा स्थिर रहे । खास गरेर सामन्त र आश्रित श्रमबीचको विभाजन राजनैतिक, आर्थिक र सांस्कृतिक तहहरूमा व्यापक, गहिरो र झण्डै अपरिवर्तनीय रह्यो र धर्म परम्परा आधारित कानुन साथै उँच-नीच, आर्य-अनार्य स्थानीय बाहिरिया, मालिक-दास, अर्धदास आदि विभेद र असमानताले गर्दा पहिला मागी विवाह हावी थियो । यिही बिच कुल घराना खास जात-जाती र उपजाती उत्पादनशील र अन्य समपत्तिको पुस्तैनी संरक्षण, पुस्तैनी नियन्त्रण कायम राख्न र पितृ सत्ता अर्को पुस्ता सम्म कायम राख्नपुर्खौली राजनीतिक शक्ति कायम गर्न परिवार र नातगोताको सहमातीमा मागी विवाह गर्दाथ्यो । पुँजीवाद सामान्यतया हामी आर्थिक क्षेत्रको सिमाभित्र मात्र राखेर बुझ्ने गर्छौं तर यसले विवाहमा पनि प्रभाव परेको हुन्छ । औद्योगीकरण, शहरीकण, वस्तु र सेवाको विनिमयकरण आदीले यी संरचना र प्रकृयाअन्तर्गत त्यस्तो स्वतन्त्र व्यक्तिको श्रृजना भयो जहाँ घर-परिवार, स्थानीय नातेदार, मित्रजन, कुल-कुटुम्ब, स्थापित मुल्यमान्यता, रीतिरिवाजबाट 'स्वतन्त्र' बन्यो । यो स्वतन्त्र व्यक्तिगत अधिकार, मजदुर र रोजगारविहीन कामदारमा परिणत भयो । यस्तो आर्थिक, राजनैतिक र साँस्कृतिक आमुल परिवर्तनकारी विशिष्टता अँङ्गाल्न थालेको समाजमा परिवार र अभिभावक-प्रधान मागी विवाह पद्धति स्वतः अवैध बन्ने क्रममा पुग्यो । घर परिवार देखि टाढा शिक्षा र रोजगारीको खोजीमा बाहिरिनुपर्ने, बुवाआमाको घरमा नबस्ने र उनीहरुको रेखदेख र नियन्त्रणमा नरहने, नातागोता, इष्टमित्रहरुबाट टाढा रहने सामाजिक संरचनामा बावुआमा र छोराछोरी दुवैका लागी मागी विवाहको आर्थिक राजनैतिक र संस्कृतिक सबै खाले वैधता नष्ट हुन पुग्यो, यस्तो स्थितिमा विवाहको नयाँ पद्धतिको श्रृजना भयो-प्रेम विवाह । प्रेम विवाहमा सबै कुरामा व्यक्ति स्वतन्त्र रहन्छ । यसरी पुँजीवादले डोऱ्याउने, निर्देशित गर्ने एउटै विवाह हुनसक्छ त्यो हो प्रेम विवाह । समान्तवादी अर्थ-राजनीतिको वैवाहिक पाटो मागी विवाह बनेझैं पुँजीवादी अर्थ-राजनीतिको वैवाहिक पाटो प्रेम-विवाह बन्छ मिश्र (२०५७) ।

मार्क्सवादी दृष्टीकोणबाट समाजलाई हेर्ने हो भने समाज र सामाजिक परिपाटिहरू परिवर्तनशिल छ । इतिहाँसको फरक प्रकृया अर्न्तगत सामाजिक द्धन्द र सघंर्षले समाजलाई परिवर्तनको बाटोमा धकेल्दछ र समय सापेक्ष समाज र सामाजिक गतिविधिहरू परिवर्तन हुन्छ । मार्कस्वादि दृष्टीकोणले विवाह मात्र बेहुला र बेहुली बिचको सम्बन्ध होइन त्यो प्रत्येक व्यक्तिको सामाजिक परिपेक्ष र उत्पादन प्रणालीसंग जोडिएको हुन्छ ।वैवाहिक पद्धतिलाई समस्ति उत्पादन प्रणली र त्यसको सामाजिक संरचनाको आधारले हेर्ने हो भने त्यस समयमा मागी विवाह सर्न्दभीक थियो । समय संगै जब समाज परिवर्तन हुँदै पूँजीवाद तर्फ विकसित भयो त्यसरी नै वैवाहीक पद्धत्ती परिवर्तन हुँदै मागी विवाहबाट प्रेम विवाहलाई प्रथामिकतामा ल्याइयो । जब समाज पूँजीवादमा प्रेश गर्‍यो तब समाजका विभिन्न एकाइहरूमा परिवर्तन भयो जसमध्ये विवाहमा पनि परिवर्तन आयो । पजीवादसँगै उदय भएको प्रेम विवाह र प्रेम विवाहमा पनि सजातीय विवाह हुँदा त्यहाँ कुनै खालको प्रश्न उठदैन तर अन्तरजातीय विवाह भन्ने बित्तिकै त्यहाँ प्रश्नहरू उठ्ने गर्छन् । विवाहको सम्बन्ध व्यक्तिगत नभई यसको सम्बन्ध सामाजिक हून्छ । विवाहको सम्बन्ध कुल, वंश, रगत, वीर्य,र धार्मिकसँग जोडिएको हुन्छ । आफ्नो छोरा छोरीले अन्तरजातीय विवाह गरेमा इज्जत स्खलन हुने डर, धार्मिक सँस्कृतिक बहिष्कारको डर हुन्छ ।

**मिश्र** (२०१८) का अनुसार जहाँ आर्थिक विस्तार, व्यक्तिगत स्वतन्त्रता, व्यक्तिकेन्द्रित रोजगारी आर्जनले गर्दा अन्तारजातीय विवाह हुन्छ नकि धार्मिक करणले, जहाँ जातीयता र सजातीय विवाह मुलतः पितृसत्तात्मक राजनीति र अर्थतन्त्रको सबैभन्दा बदलिदो आधार र हतियार बनेर रह्यो । जहाँ जात, उपजात, कुल, वंश सबै पुरुषतर्फबाट तानिन्छ नकि महिला तर्फबाट जसले गर्दा विवाहपश्चत महिलाको जातीयता लोप हुने र पुरुषको कुल, वंश, जात ग्रहण गर्नै पर्ने भयो र सत्ता, सम्पत्ति, पेशा आदि स्वामित्वलाई निरन्तरता दिइरहन पुरुषतर्फको जातीयता कायम रहने परिपाटी बन्यो । पितृसत्तात्मक राजनीति, संस्कृति हुनुमा उच्च जात र वर्गका पुरुषलाई फाइदा भएकोले यो संरचनालाई ज्युँदो राख्न बरबधु एकै जातबाट खोज्ने परम्परा बस्यो । जहाँ सन्तान उत्पादनको चाप कम रहेको धार्मिक अवस्था खुकुलो बनेको, दाइजोको मात्र न्युन रहेको र महिलाको श्रमको मुल्य उच्च बनेको अवस्थामा अन्तरजातीय विवाह बढी ग्राह्य बन्न पुग्छ ।

समग्रम के भन्न सकिन्छ भने नेपालमा पनि तीन चार दशकयता अर्थतन्त्र उल्लेख्य रुपमा विस्तृत हुदै गरेको र बाह्रय अर्थतन्त्रमा नेपालमा नेपाली श्रम र रोजगारी पाउँदै गरेको, सन्तान उत्पादनतर्फको सामाजिक दबाब धेरै कम बनेको महिलाबीच शिक्षा आर्जन, सार्वजनिक क्षेत्रमा सहभागी हुन थालेको साथै सहरीकरण तीब्र बन्दै गरेको, बसाईसराँइ, नातागोताबाट टाढिने स्वनिर्णय गर्ने भएकोले अन्तारजातीय विवाह बढेको पाउन सकिन्छ । आजभोलि उत्पादनका साधनलगायत सीप, संगठनबाट निकै हदमा विमुख हुँदै व्यक्ति केन्द्रित हुँदै छ। आफुले चाहेको काम स्वइच्छाले गर्नथाले पछि युवायुवती अन्य पारस्परिकबाट निस्कदै नयाँ प्रणालीभित्र प्रवेश हुँदैछन् । पहिला बरबधुको जात, गोत्र हेरेर परिवारले बरबधु हेर्ने चलन थियो भने व्यक्तिकेन्द्रित उत्पादन प्रणालीले प्रेम तथा अन्तरजातीय विवाहलाई मलजल गर्दछ। समग्र नेपाली समाजमा पनि निकै परिवर्तन भएको पाएको छ। यसै सम्बन्धमा नेपाली समाज अर्न्तगत थारु समुदाय भित्र रहेको विवाह बारे छोटकरीमा निम्न अनुसार प्रस्तुत गरिएको छ।

**विष्ट** (२००४)का अनुसार विवाह गर्दा पूर्वीय थारु जातीमा सामान्यतया केटीका वावुले केटीलाई मिल्ने जोडी खोज्ने कार्य गर्दछन भने पश्चिम तिरका थारु जातीमा केटीका वावुले केही आफन्तको सहयोग लिएर केटा खोज्ने कार्य गर्दछन् । तर यी दुवै स्थितिमा केटीहरू प्रायकेटा भन्दा वढी उमेरका हुन्छन । कहिलेकाही १५/१६ वर्षका केटीलाई ७/८ वर्षको केटाखोजेर दिने चलन पनि रहेको पाईन्छ। यस्तो सम्वन्धमा प्राय धन र सामाजिक अवस्थालाई वढी महत्व दिईन्छ। तर आजकाल विवाह उमेर पुगेर नै गर्ने गरेको पाईन्छ। त्यसका साथै आजकाल केटीको भन्दा केटाको उमेर नै वढी रहने गरेको पाईन्छ।

**रेग्मी (१९९९)** मा अनुसार थारुहरूको विवाह प्राय सानै उमेरमा हुन्छ। विवाहको वन्दोवस्त घरका वुढापाकाले गर्दछन । यससमुदायमा त्रिपक्षिय सटाहा विवाह गर्ने प्रचलन रहेको छ। विवाहको तय गर्दा छोरा र छोरी एकै साथ साटो गर्दछन । त्यस्तो सटाहा प्रणालीमा जुन घरमा छोरी दिईन्छ त्यही घरवाट वुहारी भित्रयाईन्छ। यदी साटाह गर्न छोरी उपलब्ध नभए वेहुलीको मूल्य प्राप्त गर्दछन । पश्चिमतराईका क्षेत्र दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा जुनघरमा छोरी दिइन्छ त्यही घरबाटबुहारी भित्र्याई साटो विवाह पनि गर्दछन् । सामााजिक सस्थाहरूको विस्तार र परिवर्तन तथा राज्य व्यवस्था परिवर्तन कानुनी प्रक्रिया र नीति अनुसार विवाह संस्कारमा पनि परिवर्तन आएको छ। विवाह पद्धतिमा आधुनिकिकरणको हावी हुँदै गएको पाउन सकिन्छ। पारम्परागत रीति संस्कार बदलिदो परिवेश सँगै क्रमशः

परिमार्जित हुँदै गएको छ । स्थानीय स्तरमा रहेको विवाह जाति तथा भाषाभाषीका कारण एक समुदाय र अर्को समुदायको संस्कृति र संस्कारको नक्कल गर्ने परम्गरा सामान्य भइसकेको छ ।

## १.२ थारुहरुको परिचय

थारुजाति आर्यन जाति अर्न्तगत पर्ने गर्दछ । मेची देखि पश्चिम महाकाली सम्मका तराईका विभिन्न जिल्लाहरुमा र चितवन तथा दाङ, देउखुरी जस्ता भित्री मधेशमा बस्ने थारुहरुको भाषा थारुभाषा हो । तराईको ठूलो क्षेत्रफलमा फैलिएर बसोबास गरेका थारुजातिहरुको भाषाका विभिन्न भाषिकाहरु रहेका छन् नेपालको तराई प्रदेशमा पूर्व मेची देखि पश्चिम महाकालीसम्म र मध्ये पहाडी क्षेत्रका उपत्यकाहरु दाङ, सुर्खेत, उदयपुर, चितवनका प्राचिन जातिको रुपमा रहेका थारु समुदायको प्रमुख पेशा कृषि तथा पशुपालन रहेको पाईन्छ । केही विद्धानहरुले थारुलाई आदिबासीको रुपमा लिएका छन् भने कसैले भारतको थार मरुभूमि क्षेत्रबाट नेपाल प्रवेश गरेकाले यिनीहरुलाई थारु भनेको हुन सक्ने कुरा उल्लेख गरेको पाईन्छ । थारुहरु नेपालका तराई भेगका सबै भन्दा ठूलो आदिबासी हुन् । यो जातिको मुख्य पेशा खेतीपाति नै हो । सथै पशुपालन, माछा मार्ने र शिकार खेल्ने काम पनि गर्दछन् । थारु समुदायमा गाँउ सञ्चालन गर्नको लागि गुरुवा, केसौका, बरघरीया , चिरक्या आदी रहेका हुन्छन् । थारुहरुको कूलदेवता काली, भगवति, मैया, गोरैया मानिन्छ , जसलाई माटोको घोडा तथा विभिन्न आकार प्रकार दिएर पूजा गरिन्छ । मृत्यु संस्कार ठाउँ अनुसार फरक फरक रहेको पाईएको छ । पूर्वी तराईका थारुहरु शवलाई जलाउँछन् भने पश्चिमी तराईमा गाड्छन् । शव गाड्दा पुरुषको भए घोप्टो पारेर र महिलाको भए उत्तानो पारेर गाडिन्छ । किरीया गर्दा पूर्वकोले ब्राहमण र पश्चिमकाले गुरुवा लगाउँदछन् । यो जातिमा पश्चिमका पुरुषले भेगुवा (लंगौटी) , पाईन्ट , सर्ट तथा महिलाले लेहंगा, बलाउज, साडी तथा मेक्सी लगाउँने गर्दछन् । हाल यिनीहरुको पहिरनमा परिवर्तन आई सकेको छ । चाडपर्वहरुमा यिनीहरु दशैंको समयमा कृष्ण कथामा आधारित नृत्य सखिया नाच नाच्दछन् । यस थारु जातिमा मागी विवाह, भागी विवाह, जारी विवाह, विधवा विवाह, प्रचलनमा रहेको पाइन्छ **श्रेष्ठ (११३३) ।**

## १.३ समस्याको कथन

विवाह एउटा सामाजिक संस्था हो, विवाह भित्र पर्ने धर्म,संस्कार,रितीरीवाजहरु पर्दछन् त्यसैले विवाहलाई सामाजशास्त्री दृष्टीकोणले अध्ययन गर्नु पर्छ जुन कमै मात्र गरेको पइएको छ ।

थारुको इतिहाँस बरे धेरै लेख रचनाहरु पाइन्छ तर शैक्षिक रुपमा थारु समुदायमा अन्तरजातीय विवाह बरे कमै अध्ययन गरेको पाइन्छ ।

नेपालको इतिहासमा जनयुद्ध एउटा अविस्मरणीय घटना हो । यसले नेपाली समाजको सबै क्षेत्रमा हस्तक्षेप गरेको छ जसमध्य अन्तरजतीया विवाह पनि एक हो । युद्धकालमा भएका विवाहमा अहिले कतिपय स्थानमा दूरी बढ्दै गएका छन् । कतिपय जिम्मेवार नेताकै जनताले पत्याउने गरी उचित कारणबिना नै उनीहरूको वैवाहिक जीवन सम्बन्ध-विच्छेदमा टुङ्गिन पुगेका छन् । यो समस्या दलितसँग अन्तरजातीय विवाह गर्नमा झनै बढी र जटिल देखिन्छ । युद्धकलमा घर-परिवारसँग धेरै जटिलता थिएन । युद्धपछि पुरानो सम्पत्ति, सम्बन्ध पुनः जोडिन थालेको छ । युद्धका आवेगमा अन्तरजातीय विवाह गर्ने युगल जोडीमा अहिले व्यवहार र आदर्शका बीचमा समन्वय गर्न कठिन भएको छः जसको कारण कुनै बहाना बनाएर दलितसँगको विवाहलाई सम्बन्ध विच्छेद गरेर स्वजातीय विवाह गर्ने घटना बढेका छन् । हिजो युद्धमा हिँडेकालाई परिवारका सदस्यले कि सहिद बन्छ, कि त ठूलो मान्छे बन्छ भनेर सहयोग गर्ने र उनीहरुका गुनासा थाँती राख्ने या उदार हुने गरेका थिए । आज धेरैजसोमा यी दुवै स्थिति छैनन्, जसका कारण उनीहरूमाथि परिवारमार्फत् सामन्ती दबाब र विचार थपिएको छ । दलितसँग विवाह गर्नेलाई उपहासको पात्र बनाउने गरिएको छ । अन्तरजातीय र आर्थिक असमानताका बीचमा भएका विवाह शान्तिकालमा आउँदा विचलन देखिनु त्यसैको उपज हो । युद्धकालमा क्रान्तिकारी बन्ने, आफू नमूना बन्ने प्रतिस्पर्धा थियो । सहिद बन्ने, गाह्रो कामको जिम्मा लिने प्रतिस्पर्धा थियो । अहिले पद, प्रतिष्ठा र सत्ता हत्याउने प्रतिस्पर्धा चलिरहेको छ । सर्वहारा आदर्शका निम्ति प्रतिस्पर्धा चलिरहेको बेला दलित, जनजाति, सहिद परिवार, विधवा विवाहमा पनि प्रतिस्पर्धा चलेका थिए। युद्धका कारण बनेको आदर्श र आधारक्षेत्रमा त्यसलाई सम्मान मानिन्थ्यो । परम्परागत सम्बन्ध तोडेको अवस्थामा परिवार र पुरानो समाजले असहयोग गरेको खण्डमा नयाँ समाज, विचार र पार्टीले सहयोग गर्थ्यो । अहिले त्यो स्थिति छैन । क्रान्तिकारी आदर्श स्थापित भएको बेला बुर्जुवा आदर्श भत्किएका थिए । अहिले बुर्जुवा आदर्श पुनर्स्थापित हुँदै गएका कारण कम्युनिस्ट आदर्श भत्कन थालेका छन् । हिजो नेताहरूसँग सम्बन्ध जोड्नु, सपरिवार नेता बन्नुलाई आदर्श ठानिन्थ्यो । अहिले कमिसनखोरसँग रात्रिभोजमा जानु धनाढ्यसँग नाता जोड्नुलाई आदर्श मान्न थालिएको छ ( शर्मा २०१८) ।

अन्तरजातीय विहेको जे जति बाधा अवरोध रहे तापनि पछिल्लो समयमा बढ्दो क्रममा छ । यसको कुनै आधिकारिक तथ्यांक नभए पनि गाउँसमाजमा हुने गरेको विहेको आधारमा आँकलन गर्न सकिन्छ । यसको पहिलो कारण शिक्षा रोजगार तथा प्रेम विहे को मान्यता हो । दोस्रो, आजकल युवायुवती आफैले मन पराएर विहे गर्न पाउनुपर्ने सोच बढ्दै गएकाले कतिपय शिक्षित अभिभावकमा पनि यस्तो चेतना बढ्दै गएको छ । तेस्रो, महिला सशक्तीकरणको कारण अब युवतीहरू पनि पढेलेखेर सशक्त गएको अवस्था छ, जसले गर्दा उनीहरूले आफ्नो जीवनसाथी आफै रोज्न पाउनुपर्छ भन्ने सोच विकसित हुँदै गएको छ । चौथो, इन्टरनेटको कारण युवायुवतीबीच सहज पहुँच बढेको छ । पाँचौ नेपालको कानुनमा 'कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन र भेदभावपूर्ण व्यवहार गरेमा दण्डनीय हुने र क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ । त्यस्तै जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ अनुसार कसैले जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउन नहुने उल्लेख छ । अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्न नेपाल सरकारले २०६५ सालमा प्रतिविवाह एकलाख रूपियाँ दिने घोषणा पनि गरेको थियो (साह २०१८) ।

जनयुद्धकालमा अन्तरजातीय विहे भएका जोडी कति थिए र अहिले अएर तिमध्य कतिको विवाह दीगो भयो कतिको भएन भन्ने कुराको तथ्यांक त छैन । तर त्यो बेलाको अन्तरजातीय विवाह सिमित मात्रमा थियो । युद्धकालमा आफू नमूना बन्ने प्रतिस्पर्धा थिया त्यसकारण अन्तरजातीय विवाह गर्दाथे भने आजा त्यो स्थिती छैन् । प्रेम विवाह को मान्यता, शिक्षा, जनचेतना, रोजगारको अवसर, सामाजिक संजाल तथा विभिन्न सामजिक अन्दोलनले गर्दा अन्तरजातीय विवाहलाइ प्रोत्साहन  गरेको पाइएको छ ।

### १.४ अनुसन्धानका प्रश्नहरु

थारु समाजमा विभिन्न समस्य तथा अध्ययनका विषयहरु रहेका छन् तर सर्म्पुण विषय बरे अध्ययन सम्भव नभएकोले हल थारु समाजमा बर्दो अन्तरजाती विवाह लाई लिएर अनुसन्धन गरिएको छ बुँदागत रुपमा थारु समाजमा अन्तरजातीय विवाहलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

१) थारु समाजमा अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने कारकतत्वहरु के के हुन् ?

२) अन्तरजातीय विवाहमा आवद्ध थारु जोडीहरुको अन्तरजातीय विवाह प्रति अवधारणा वा दृष्टीकोण कस्तो रहेको छ ?

## १.५ अध्ययनको उद्देश्य

थारु समाजमा रहेको विवाह पद्धति तथा परम्परामा आएका परिवर्तनहरु अध्ययन गर्ने क्रममा निम्न बमोजिमका उद्देश्यहरु उल्लेख गरिएको छ ।

१) थारु समाजमा अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने कारकतत्वहरुको खोजी गर्नु ।

२) अन्तरजातीय विवाहमा आवद्ध थारु जोडीहरुको अन्तरजातीय विवाह प्रति अवधारणा वा दृष्टीकोण बारे विश्लेषण गर्नु ।

## १.६ अध्ययनको औचित्य

यस बाँसगढी नगरपालिकमा थारु जातीको अन्तरजातीय विवाह बारे हालसम्मा अध्यया अनुसन्धान नभएको र शोधकर्ता आफै यस समाज अर्न्तगत बसोबास गर्ने भएकोले तथा समय, आर्थिक सुचना संकलन तथा अन्य जटिलतालाई मध्यनजर गर्दा शोधकर्ताको पहुँचयोग्य क्षेत्र भएले पनि यस क्षेत्रलाई अध्ययनको औचित्य बनाएको हो । यस अध्ययनबाट थारु जातीमा अन्तरजातीय विवाहको लागी कुन कुन तत्वले प्रत्साहन गरिरहेको छ र अन्तरजातीय विवाह प्रति विवाहित जोडीको धारण बरे बुझ्नाको लागी यस क्षेत्रको छनोट र  यसको औचित्य रहेको छ । तल अध्ययनको औचित्यलाई निम्ना बुदाँमा देखइएको छ ।

- थारुहरुको बारेमा तथा तिनीहरुको वैवाहिक पद्धतिको बारेमा खोज तथा अध्ययन अनुसन्धान गरिएको पाईएपनि बाँसगाढी नगरपालिका २ मा विवाह सम्बन्धी अध्ययन नभएकोले यस ठाउँमा अध्ययन गरेकी छु ।
- थारु जातिहरुले आफ्नो चालचलन तथा संस्कारहरुको बारेमा विस्तृतरुपमा अध्ययन गर्न सकुन् ।
- थारु समुदामा हाल बढिरहेको अन्तरजातीय विवाहका सामाजिक रुपमा पारेको प्रभावबारे जानकारी लिन ।

- थारु जातिमा रहेको विवाह पद्धतिमा आफ्नै मौलिकपन रहेको छ, जुन परम्परागत रुपबाट चल्दै आएको पाईन्छ। यस्ता संस्कार तथा संस्कृतिहरुलाई लोप हुनबाट बचाउन आवश्यक रहेकोले ।

## १.७ तथ्यांकको संगठन

मैले आफ्नो शोधपत्रलाई जम्मा सात अध्यायमा विभाजन गरेको छु। जसमा अध्याय एकमा पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्धेश्य, अध्ययनको महत्व र अध्ययनको सिमा राखिएको छ। अध्याय दुईमा पूर्व साहित्य समीक्षा रहेको छ। यस्तै अध्याय तीनमा अनुसन्धान विधि, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको संगठन, अध्याय चारमा तथ्याङ्कको विश्लेषण धर्म, चडपर्व, भाषा तथा विवाहका चरणहरु, थारु संस्कारमा प्रचलित विवाहका प्रकारहरु, त्यस्तै अध्याय पाँचमा अन्तरजातीय विवाह हुने कारणहरु र अन्तरजातीय विवाह प्रतिको समानिक दृष्टीकोण बारे विश्लेष्ण गरिएको छ। अध्याय छ मा आधुनिकीकरणले विवाह पद्धतिमा आएको परिवर्तन र अन्तरजातीय विवाह सम्बन्धी विवध पक्ष तथा वैयक्तिक अभ्यया रहेको छ र अन्तमा अध्याय सातमा साराशं, निष्कर्ष, नमुना प्रश्नावली, जिल्लाको नक्सा, गा.वि.स.को नक्सा, विवाहको फोटोहरु, विशिष्ट शब्दावली र अन्तमा सन्दर्भ सूची राखिएको छ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन/अध्ययन

## २.१ समाजशात्रीय बुझाईमा विवाह

कुनै पनि वैज्ञानिक अध्ययन अनुसन्धान पूर्व साहित्यको अध्ययन महत्वपूर्ण हुन्छ । अगाडि नै अध्ययान अनुसन्धान गरी तयार पारिएको पुस्तक, लेख, रचना, समीक्षालाई द्वितीय तथ्यांकको रूपमा लिने गरिन्छ । यो नै पूर्व साहित्यको अध्ययन हो । जसले विभिन्न महत्वपूर्ण कुराहरू पत्ता लगाउन थप सहयोग गर्छ । यस शोध कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न आफनो अध्ययन विषयको बारेमा पर्याप्त जानकारी आवश्यक पर्ने हुँदा उद्देश्य अनुरूप शोधकार्यको लागि आवश्यक सहयोग पुऱ्याउने सामग्रीहरू मध्ये पूर्व अध्ययन अनुसन्धान एवम् लेखहरूले थुप्रै सहयोग पुऱ्याएका छन् । विवाहको सम्बन्धमा प्रशस्त लेखहरू भएता पनि अन्तरजातीय विवाह सम्बन्धी लेख रचना अत्यन्त न्यून रहेको छ । नेपाली समाजमा भर्खरमात्र अन्तरजातीय विवाहले तीव्र रूप लिएकोले पनि हुनसक्छ । जे होस्, विभिन्न पुस्तक, पत्रपत्रिका, नियम, कानुन, लेख, रचना र वास्तविक घटनाहरूको प्रत्यक्ष अवलोकनलाई यस शोध विषयको लागि पूर्व समीक्षाको रूपमा प्रस्तुत गरिएको छ । यसबाट पछिल्लो समयमा पूर्ण रूपमा नभए पनि केही हदसम्म अवश्य सहयोग पुग्नेछ ।

विवाह एक सामान्य रीतिरिवाजको निर्वाह मात्र होइन । रीतिरिवाज अनेक रूपरङका होलान्, विवाहका ती आवरण र आभूषण मात्र हुन् । समाजशास्त्रको भाषामा विवाह एक संस्था हो । त्यसैले विवाह कोसँग गर्ने, किन गर्ने र कसरी गर्ने भन्ने विषय सामाजिक नियमले निर्धारित हुन्छन् । संस्कार, संस्कृति र परम्पराका तानाबाना त त्यही सामाजिक नियमलाई संस्थागत गर्ने विजबिज मात्र हुन् । एक संस्था भएकै नाताले विवाहले परिवार र समाजको राजनीतिलाई संस्थागत गर्छ । त्यहींबाट बन्छ जात, धर्म, परम्परा, तलमाथि, छोइछिटो आदि इत्यादि नियमको लगाम । विवाह संस्थाले आम परिवारलाई एउटा नियममा बाँधेर राख्छ, परम्पराको जञ्जालले मर्यादाको चुकुल लगाउँछ र नयाँ युवायुवतीलाई त्यहीअनुरूप शिक्षित दिक्षित विवाह कति सामाजिक मामला हो र कति व्यक्तिगत ? नेपाली समाजमा यस प्रश्नले धेरै छलफल पाएको छैन । तर विवाहलाई धेरै व्यक्तिक मामलाभन्दा सामाजिक मामला बनाइएको छ । समाजबाट उत्पादित ज्ञानले विवाह थिचिएको छ, जसले व्यक्तिका रोजाइ, छनौटलाई गौण ठान्छ र तथाकथित सामाजिक अनुशासनलाई स्वीकार गर्न व्यक्तिलाई बाध्य बनाउँछ । अन्तरजातीय

विवाहको सवालमा त अन्तरजातीय भन्नेबित्तिकै दलित र गैर-दलितबीचको विवाहलाई बुझिन्छ । खासगरी कम्युनिस्ट विचाधाराले यस्तो अन्तरजातीय विवाहलाई क्रान्तिकारी विद्रोहको सज्ञा दियो । यसका सामाजिक पक्षबारे व्याख्याविश्लेषण गर्न धेरै जाँगर गरेन । अन्तरजातीय विवाहलाई एक बहादुरी र विद्रोही कामका रूपमा मात्रै बुझियो । तर यसको सामाजिक पक्ष धेरै गहन छ । यो आलेख ठूलो अनुसन्धानबाट लेखिएको आलेख होइन, नेपाली समाजको मनोविज्ञान, हालसम्मका विवाहबारे उत्पादित ज्ञानलाई ख्याल गरेर अन्तरजातीय विवाहको सामाजिक पक्षलाई केलाउन मात्रै खोजिएको हो  घिमिरे (२०१८) ।

अन्तरजातीय विवाह के हो ? विवाह जातीय कुरा होइन । जात समाजले बनाएको कुरा हो । वैवाहिक लैङ्गिक कुरा हो । फरक सामाजिक तथा सांस्कृतिक धरातलले विवाह बन्धनलाई दिगो बनाउदैन भन्ने पनि पाइन्छन् । निश्चय नै एक-अर्कालाई नबुझ्ने हो भने अन्तरजातीय विवाह निकै जोखिमपूर्ण हुन सक्छ । सजातीय विवाहमा पनि यस्तो जोखिम छ तर बहुसांस्कृतिक सम्बन्धका आफ्नै सामाजिक फाइदा छन्। यसले सामाजिक अन्तरघुलनलाई बढाउन र उदात्त मानवीय सम्बन्धलाई उचाइदिन सहयोग गर्दछ । तर भन्नुपर्छ कि विवाह सजातीय वा अन्तरजातीय कुरा होइन । यो नितान्त लैङ्गिक कुरा हो । जब यो लैगिक हुन जान्छ, यसले लैङ्गिक साइनो नै खोज्छ । अतः विवाहमा जातीय तथा पृथक सामाजिक सम्बन्धको कुरा गर्नु बेकार हो । विवाह गर्न जात चाहिँदैन । लैङ्गिकता चाहिन्छ । महिला र पुरूष चाहिन्छ । महिला र पुरूषको स्वस्थ मन चाहिन्छ । त्यसैले विवाहलाई टिकाउँछ । बाँकी सबै फजुल कुरा हुन् । दुईजनाको कुरा हो । यसमा जोडिने बाँकी सबै विधि, प्रणाली र परम्परा मानवनिर्मित हुन् । भन्नु पर्दैन मानवनिर्मित कुरा सास्वत हुँदैनन् । ती प्राकृतिक पनि हुँदैनन् ।त्यसैले विवाहको हकमा विवाहबाहेक अरूसबै अप्रसङ्गिक हुन् । कुनखाले विवाह ठिक हो ? हाम्रो समाजमा यस्ता प्रश्न पनि गरिन्छ कि प्रेमविवाह ठीक कि मागी ? सजातीय विवाह ठीक कि अन्तरजातीय ? प्रेम र मागीविवाह कुन ठिक हो भन्ने विषयमा हामीसँग फरक-फरक धारणा छन् । परम्परागत धारणा छ कि प्रेम विवाहभन्दा मागीविवाह ठीक हुन्छ किनभने यसमा सामाजिक बन्धनले काम गर्छ । सामाजिक बन्धन र सामाजिक साक्षीले मागी विवाहलाई स्थायी बनाउँछन् ।

प्रेमविवाहमा सामाजिक तथा परम्परागत बन्धन हुँदैन । त्यसैले यस्तो विवाह भत्किने संभावना हुन्छ । तर यी धारणा सतही धारणा हुन् । दुवै विवाह टिक्न सक्छन् : यदिमहिला र पुरुषमा

आत्मिक समझदारी छ भने । आत्मिक समझदारीको स्कोप छ भने दुवै विवाह स्थायी हुन्छन् । मनमा सम्बन्धलाई बचाउने आगोको झिल्को छ भने प्रेमको आगो बल्छ र बलिरहन सक्छ । एउटाले अर्कोलाई बुझ्ने उदात्त भावनाले नै आत्मिक साइनोलाई प्रगाढ बनाउँछ । जुनसुकै खाले होस् यस्तो विवाह टिक्छ अन्यथा हजारौँ महापुरूष साक्षी बसेर विवाह रचना गरे पनि विवाह टिक्दैन । यसर्थ भन्न सकिन्छ विवाह दुईजनाको साइनो हो । बाँकी प्रयोगले यसको आयु निर्धारण गर्दैनन्  दाहाल (२०१८) ।

 नेपाली समाजमा विभिन्न जातजाति, भाषिक, सांस्कृतिक र धार्मिक समुदाय रहेका छन् । ती सम्पूर्ण समुदाय समष्टिमा नेपाली समाज हुन् । हिन्दू वर्णव्यवस्थाले बाहुन, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्ण र अनेकौं जातमा मानवलाई विभाजन गरेको पाइन्छ । यसका साथै मधेसी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम इत्यादि समुदाय छन् । शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बु, खस-आर्य, नेवार आदि सांस्कृतिक समुदाय पनि छन् । राष्ट्रिय जनगणना २०६८ ले नेपालमा १२५ वटा जात र १२३ भाषा बोल्ने देखिएका छन् । मुलुकी देवानी (संहिता) ऐन, २०७४ व्यवस्थापिका-संसद्ले हाल मुलुकी ऐन देवानी (संहिता) ऐन, २०७४ बनाएको छ । सो ऐन राष्ट्रपतिबाट २०७४ असोज ३० गते प्रमाणिकरण भइसकेको छ । यो ऐन २०७५ साल भाद्र १ गते देखि लागू हुँदैछ । यसले २०२० साल भाद्र १ गते लागू भएको प्रचलित मुलुकी ऐन खारेज गर्ने भएको छ । मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ६७ ले कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एकअर्कालाई पतिपत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने भनी विवाहको परिभाषा गरेको छ । ऐनको दफा ६९ ले प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता प्रदान गरेको छ । साथै दफा ७४ ले कुनै पुरूषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरूष र महिलाबीच स्वतः विवाह भएको मानिने विशेष व्यवस्था समेत गरेको छ । तर जबर्जस्ती करणीको कारणले महिलाले गर्भधारण गरी शिशु जन्मिएमा वा हाडनाता करणीमा सजाय हुने नाताका पुरूषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएमा स्वतः विवाह भएको नमानिने व्यवस्था सोही ऐनको दफा ७४ को उपदफा (२) ले गरेको छ । **महतो (२०१८)**

## २.२ समाजशत्रीय सिद्धान्तको कसिमा विवह

प्रस्तावना तयार पार्नका लागि यस विषयसगँ सम्बन्धित पूर्व साहित्यको अवलोकन अर्न्तगत विभिन्न कृतिहरुको समीक्षा गर्न अति आवश्यक छ । हुन त थारु जातिको बारेमा अहिलेसम्म धेरै किसिमका शोध अनुसन्धान  प्रस्तावनहरु भएका छन् । तर थारुको अर्न्तजातीय विवाहको बारेमा न्यून अध्ययन अनुसन्धान भएको देखिन्छ । तसर्थ यस विषयमा गहन अध्ययन गरी प्रस्तावना तयार गर्ने क्रममा निम्न किसिमका प्रकाशित कृतिहरुको समीक्षा गरिएको छ । समाजशास्त्रका विभिन्न सैद्धान्तिक मान्यताहरू छन् ।

### २.२.१  मार्क्सवादी दृष्टिकोणको अर्थमा विवाह

मार्क्सवाद शब्द कार्लमार्क्सको विभिन्न सामाजिक सिद्धान्त तथा सामाजिक परिवर्तनका लागि क्रान्तिका विश्लेषणमा आधारित रहेर समाज वा संस्कृतिको वा सम्पूर्ण मानवजगतको यथार्थपरक वैज्ञानिक र वस्तुगत व्याख्या गर्ने कार्यहरूको समष्टिगत रूप हो । मार्क्सवाद परिवर्तनकारी क्रान्तिकारी सिद्धान्त हो जसले द्वन्द्वात्मक भौतिकवादको आधारमा सामाजिक परिवर्तन संस्कृति र जीवनशैलीको व्याख्या र विश्लेषण गर्दछ । मार्क्सवाद एउटा दृष्टिकोण हो नयाँ समाज सांस्कृतिक परिपाटी अर्थतन्त्र, राजनीति, विवाह पद्धति, परिवार समुदाय, राष्ट्र र विश्वको निर्माण गर्ने गर्दछ । साथै परिवर्तित सामाजिक संरचना र सिंगो विश्वमानव समुदायका लागि न्यायपूर्ण, समानतायुक्त, जनतान्त्रिक, स्वतन्त्रतापूर्ण र वास्तविक रूपमा आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा सम्पन्न छ, छैन बुझ्न मार्क्सवाद एउटा दृष्टिकोणको रूपमा समाजशास्त्रमा रहेको छ । “मार्क्सलाई चिन्न पर्ने र मार्क्सबाट सिक्नु पर्ने तीनवटा मूलभूत कुराहरू छन् । एउटा सामाजिक विश्लेषण गर्दा कुन पद्धति अपनाउनु पर्छ भन्ने कुरा हो । दोस्रो पुँजीवाद र पुँजीवादको विश्लेषण कसरी गर्न सकिन्छ भन्ने कुरा हो । तेस्रो, वर्गीय अन्तरविरोध के हो र पुँजीवादले ल्याउने शोषणबाट मुक्ति पाउनका लागि के गर्नुपर्छ भन्ने कुरा हो ।” समाज वा सामाजिक यथार्थ समाजमा कसरी सम्भव छ भन्ने बारे मार्क्सवादी दृष्टिकोणको निचोड यसप्रकार प्रस्तुत गर्न सकिन्छ । ( चैतन्य मिश्र २०६२) समाज यसका अन्तरसम्बन्धित भागहरू मिलेर बनेको एउटा प्रणाली वा व्यवस्था  हो । वर्गीय स्वार्थ र द्वन्द्व प्रत्येक सामाजिक संरचनामा निहित भएको हुन्छ । सामाजिक प्रणालीका सबै तत्वहरू आ-आफ्नो स्वार्थका लागि अन्तर्क्रिया गर्दछन् ।

**पिटर २०१८** का अनुसार, प्रारम्भिक युगमा मातृप्रधान समाज थियो गोत्र एवम वंश आमाकै नाममा हुन्थ्यो जब शिकारी युगमा प्रवेश गऱ्यो तब महिलालाई गर्भाधारण गर्ने र उत्पादनमा पुरुषको भुमिका बढ्ने बित्तिकै पुरुष प्रधान समाज को सुरुवत भयो । कृषि युगमा विवाहले सामाजिक संस्थाकै रुप लियो । यो सत्ता कायम राख्न आफ्नै जाति सँग विवाहको चालनभयो र यहि सामाजिक संघर्षमा तल्लो उपल्लो जातिको निर्माण भयो । उत्पादनका साधान, स्रोत र स्वामित्वमा आएको फेरबदलसँगै मानवीय यौन नैतिकतामा पनि फेरबदल आउँछ । **मिश्र २०१८** का अनुसार अन्तरजातीय विवाह भन्ने वित्तिकै त्यहाँ प्रश्नहरु उठ्ने गछन् कसैले यसलाई समन्य अर्थमा लिन्छ त कसैले जतिल रुपमा लिन्छ । किनभने विवाह को सम्बन्ध एउटा स्त्री र पुरुष को मात्र नभाई यसको सम्बन्ध कुल, वंश, रगत, वीर्य आदि संग सम्बन्ध हुन्छ । यतिमात्र नभई यसको सम्बन्ध लैकिक, अलैकिक, दैविक हुँदै साचारहीन जीवनसँग पनि गासिन पुग्छ । यसैक्रम्मा यस्तो विवाह पुजा श्राद्धलगायत मरणोपरान्त प्रवेश गरिने भनिएका स्वर्गलोक र, नर्कलोक आदिसँग समेत गाँसिन पुग्छ । जसले गर्दा अन्तरजातीय विवाह अप्रिय, अवैध, अपवित्र लाग्छ । आफ्नो छोरा छोरीले अन्तराजातीय विवाह गरेमा इज्जत स्खलन हुने डर, धार्मिक, संस्कृतिक बहिष्कार को डर हुन्छ । स्वजातीयपद्धीको लगाव वर्तमान लेपालमा मात्र नभइ विश्वको सबैजसो मुलुकमा थोरबहुत छ । जहाँ आर्थिक विस्तार, व्यक्तिगत स्वतन्त्रता, व्यक्ति केन्द्रित रोजगारी आर्जन ले गर्दा अन्तारजातीय विवाह हुन्छ नकि धार्मिक करणले । जहाँ जातीयता र सजातीय विवाह मुलतः पितृसत्तात्मक राजनीति र अर्थतन्त्रको सबैभन्दा बदलिँदो आधार र हातियार बनेर रह्यो । पितृसत्तात्मक राजनीति, संस्कृति कायम हुनुमा उच्च जात र वर्गका पृरुषलाई फाइदा पुग्ने भएकाले यो संरचनालाई ज्युँदो राख्ना बरबधु एकै जातबाट खोज्ने परम्परा बस्यो । जहाँ सन्तान उत्पादनको चाप कम रहेको, धार्मिक अवस्था खुकुलो बनेको, दाइजोको मात्र न्युन रहेको र महिलाको श्रको मुल्य उच्च बनेको अवस्थामा अन्तरजातीय विवाह बढी ग्राहय बन्न पुग्छ । तीन चार दशकयता नेपालमा अर्थतन्त्र उल्लेख्य रुपमा विस्तृत हुँदै गरेको र बाह्य अर्थतन्त्रमा नेपाल श्रम र रोजगार पाँउदै गरेको, सन्तान उत्पादनतर्फको सामाजिक दबाब धेरै कम बनेको महिलाबीच शिक्षा आर्जन, सार्वजनिक क्षेत्रमा सहभागी हुन थालेको साथै सहरीकरण तीब्र बन्दै गरेको, बसाईसराँइ, नातागोताबाट टाढिने स्वनिर्णय गर्ने भएकाले अन्तारजातीय विवाह बदेको पाउन सकिन्छ । आज भोलि उत्पादनका साधनलगायत सीप, संगठनबाट निकै हदमा विमुख हुँदै व्यक्तिकेन्द्रित हुँदै छ । आफूले चाहेको काम स्वइच्छले गर्न थाले पछि युवायुवती अन्य पारस्परिक बाट

निस्कँदै नयाँ प्रणालीभित्र प्रवेश हुँदैछन् । पहिला बरबधुको जात, गोत्र हेरेरा परिवारले बरबधु हेर्ने चलान थियो भने व्यक्तिकेन्द्रित उत्पादत प्रणालीले प्रेम तथा अन्तारजातीय विवाहलाई मालजल गर्दछ ।

**chaudhary (2007)** को पुस्तक contentious marriage Eloping मा अन्तरजातीय विवाहका बारेमा उल्लेख गरेका छन् । उनले इन्डीया को हरियानामा गरिएको अध्ययनमा अन्तरजातीय विवाहको मुख्यकारण लिङ्ग र देशभक्तिलाई उल्लेख गरेका छन् । भारत को ग्रामिण इलाकामा अन्तरजातीय विवाहका कारणले धेरै परिवारमा हिंसा चलेको पाइन्छ । उच्च परिवारले महिला र तल्लो स्तरको परिवारको पुरूष, तल्लो स्तरको परिवारको महिला र माथिल्लो स्तरको पुरूषको बिचमा गरिएको विवाहमा बढी द्वन्द्व हुने देखिएको छ । भारत को हरियानामा यस्तो विवाह अस्तिवमा छ र यस्तो विवाह माथि प्रश्न चिन्ह खडा भएको छ । यस्तो विवाहले असहमति ल्याउने गर्दछ । यस्तो विवाह नभएको ठाउमा अन्तरजातीय विवाहले समाज र सरकारलाई नराम्रो प्रभाव पार्दछ र अस्तिवमा नभएको ठाउमा देखियो भने यसले देशको औपनिवेशमा, कानुनी रूपमा पनि प्रभाव पार्दछ र मुख्य रूपमा जातीय वर्गीकरणमा प्रभाव पार्दछ । अन्तरजातीय विवाह गरेका दम्पतीका बारेमा नातागोता, छिमेकी तथा साथीभाइबाट मिश्रित प्रतिक्रिया प्रतिक्रिया गर्ने गर्दछन् । समाजमा जसका छोरा छोरीले अन्तरजातीय विवाह गर्छन उनीहरूका बावु आमा समेत आफ्ना आफन्तबाट अनि छरछिमेकबाट बहिष्कृत गरेको, कुनै समाजमा चाहिँ बिस्तारै अन्तरजातीय विवाहलाई स्वीकार्न थालेको देखिन्छ ।

तानसेन जुनी गाउँमा जनजातिको मानवशास्त्रीय अध्ययन Aheran (2004) ले गरेकी छन् । उनको “साक्षरता र प्रेमपत्र” नेपालको सामाजिक परिवर्तनका बारेमा अध्ययन गरेकी छन् । त्यहाँ जब मान्छे साक्षर थिएनन् त्यति बेला हाटबजार मेलापात जाँदा आफैले भेटेर प्रेम प्रस्ताव राख्ने गर्दथे । जब त्यहाँ शिक्षाका लहरहरू फैलिएर मान्छेहरू साक्षर बने तव त्यहाँ प्रेमपत्रको माध्यमबाट प्रेमि प्रेमिकाले आफ्नो प्रेम प्रकट गर्न थाले । त्यति मात्र नभएर जब तानसेनमा सिनेमा घर बन्यो त्यहाँ हिन्दी तथा नेपाली फिल्मको प्रभावले प्रेमि प्रेमिकाले विवाह अगाडि नै प्रेम तथा विवाहका बारेमा सबै कुरा थाहा पाए । परिवर्तन सँगै त्यहाँका युवायुवतीको प्रेम जोडिको संख्या बढ्न थालेको कुरा उल्लेख गरेकी छन् । उनले गरेको अध्ययनबाट के देखिन्छ भने मुख्य चाहिँ शिक्षाको कारणबाट त्यो ठाउँमा प्रेम विवाह बढ्नुको कुरालाई बुझ्न सकिन्छ । त्यसैले परम्परागत विवाहलाई परिवर्तन गर्ने मुख्य तत्व शिक्षा अनि सूचना तथा संचार जस्तै रेडियो, फिल्म, टेलिभिजन आदिलाई पनि लिन सकिन्छ । जब जब देशमा

राजनैतिक क्रान्तिका अवस्था आउँछन् त्यो बेला नेपालको सन्दर्भमा अरूबेलको तुलनामा बढी अन्तरजातीय प्रेम विवाह गर्नेहरूको संख्या बढ्ने गरेको छ। यस्तो विवाह गर्नेहरूमा विभिन्न राजनैतिक दलका नेता तथा कार्यकर्ताहरूले गर्ने गरेको पाइन्छ। यस्ता घटनालाई २००७ सालको क्रान्ति, २०४६सालको जनआन्दोलन, माओवादीको १० वर्षे जनयुद्ध आदिलाई लिन सकिन्छ (**नेपाल २०६८ मूल्याङ्कन**)

**Regmi (1999) "Dimension of Nepalese and culture".** पहिलेको समयमा समाजमा Exgoumes विवाहलाई समाजबाट बहिष्कार गरिएको थियो। आजभोलि पनि समाजमा आफ्नै जातका केटाकेटीसँग विवाह गर्नुपर्छ भन्ने बावु आमाको धारणा पाइन्छ। अन्तरजातीय विवाह अझै पनि समाजमा धर्मको विरूद्धमा र भगवानको विरूद्धमा गरिएको छ भन्ने धारणा पाइन्छ। तर आजभोलि सहरी क्षेत्रमा अन्तरजातीय विवाहलाई सामान्य रूपमा लिएको पाइन्छ जुन कानुनी रूपमा पनि खुल्ला भएको छ। समाजमा सह-शिक्षा, समानता, प्रजातान्त्रिक अधिकार तथा उदारताले गर्दा आजभोलि समाजमा अन्तरजातीय विवाह बढ्दै गएको पाइन्छ। त्यसतर्फ समाजमा युवा वर्ग आर्कसित भएको पाइन्छ। अन्तरजातीय विवाहलाई अहिलेको समयमा युवापुस्ताले सामान्य रूपमा लिएको पाइन्छ। आजभोलि समाजमा सजातीय विवाह घट्दै गएको तर अन्तरजातीय विवाह बढ्दै गएको छ।

### २.२.२ सामाजिक परिवर्तन र विवाह

विवाह एउटा परिवर्तनशिल सामाजिक संस्था हो। विवाह संस्कारलाई हेर्ने हो भने समाजको परिवर्तन संगै विवाह पद्धतिलाई समाजवादि दृष्टिकोणले हेर्ने अवधारणा विकास भएको पाइन्छ। हिजो परिवार जातिय व्यवस्थामा संस्कार मुलक ढंगले चलेको विवाहलाई आज राज्य व्यवस्थाले कानूनी रुपमा रुपान्तरण गर्न थालेको छ। सामाजिक संस्थाहरुको विस्तार र परिवर्तन तथा राज्य व्यवस्थाका परिवर्तन कानूनी प्रक्रिया र नीति अनुसार विवाह संस्कारमा पनि परिवर्तन आएको छ। परम्परागत विवाह पद्धतिमा परिवर्तन आएको छ। जसरी पहिले पहिले रित लिने दिने, जबरजस्ती विवाह, मागी विवाह, चोरी विवाह, जारी विवाह, भाउजू सूमर्ने, पुरुषहरुले धरै वटा श्रीमती ल्याउने जस्ता विवाह पद्धति थिए। आमा बाबुले हेरेको केटा वा केटीसंग विवाह गर्न बाध्य पारिन्थ्यो, आमाबाबुको रोजाइ नै आफ्नो रोजाई हुने गरेको पाइन्थ्यो भने अहिले आएर यस्ता विवाह पद्धतिमा परिवर्तन आएको पाइन्छ। केटा र केटीको रोजाईमा मात्र विवाह हुने गरेको पाइन्छ। जबरजस्ती विवाह, चोरी विवाह, भाउजू सूमर्ने

जस्ता विवाह भने नरहेको पाइन्छ भने धरै वटा श्रीमती ल्याउने प्रचलनमा भने कमी आएको पाइन्छ । रित लिने दिने प्रचलनमा पनि परिवर्तन आएको पाइन्छ । अहिले आएर भने मागी विवाह, प्रेम विवाह, अदालती विवाह जस्ता प्रचलनमा रहि आएको पाइन्छ । यदि मागी विवाह भए पनि केटा र केटीको इच्छा विपरीत नहुने गरेको पाइन्छ। पहिले पहिले अन्तरजातिय विवाहलाई समाजमा कलंक वा नराम्रो मानिन्थ्यो भने अहिले आएर यस विवाहलाई समाजले सहजै स्विकार गर्ने गरेको वा राज्यबाट नै प्रोत्साहन गरिरहेको अवस्था छ । समयको परिवर्तनसंगै मानिसको सोचाईमा परिवर्तन आएको पाइन्छ जसले गर्दा विवाह पद्धतिमा पनि आधुनिकता भित्रिदै गएको पाइन्छ । राज्यको व्यवस्था विकासको प्रभाव सामाजिक तथा पारिवारिक जीवनमा पर्न जान्छ तब विवाह पद्वतिमा समेत राज्यको दायित्व बढ्नेछ । विवाह संस्कारमा परिवर्तन आउनुमा आधुनिकीकरणको विकास, पश्चिमीकरणको प्रभाव, परसंस्कृति ग्रहण, उत्पादन प्रक्रियाको तरिकामा परिवर्तन आउनु, घर भन्दा बाहिरको कार्यमा संलग्न पेशा, शिक्षा, रोजगार, व्यापार, यात्रा आदिमा गतिशीलता बढ्नु, सामाजिक हेलमेल राख्नु, अन्तरसम्बन्धको दायारा फराकिलो हुनु, विज्ञान तथा प्रविधिमा विकास र विस्तार, राजनीतिक प्रभाव, यातायात र संचारको विकास हुनु, बसाईसराई,परम्परागत मुल्य, मान्यता, व्यावहार र प्रचलनमा पुनर्मुल्याङ्कन, जातिय तथा भाषिव्यावस्था कमजोर हुँदै जानु, मानविय मनोविज्ञान र दृष्टिकोणमा परिवर्तन आउनु, कानूनको विकास र महिलाको स्थितिमा सुधार आउनु, आर्थिक हलचल देखापर्नु, व्यक्तिगत स्वतन्त्रतामा वृद्धि हुनु आदि कारणहरु प्रमुख देखिन्छन् (श्रेष्ठ २०५६) ।

सामान्तया परिवर्तन भन्नाले कुनै संरचनामा फरक आउनु हो । कुनै निश्चित समयावधिभित्र बस्तुको स्वरुप वा संरचनामा आउने परिवर्तनलाई बुझिन्छ । सामाजिक परिवर्तन सामाजिक संरचना वा ढाचाँ,एकाइ सम्बन्ध, अन्तरक्रिया आदिमा आउने परिवर्तन हो । समयको परिवर्तनसंगै समाज एक स्वरुपबाट अर्को स्वरुपमा परिवर्तन हुन्छ । मानव सभ्यताको आरम्भमा अस्तित्वमा रहेको समाज, सामाजिक ढाँचा ,एकाइ सम्वन्ध समयको गतिसंगै परिवर्तन भएको छ । आदिम समाज सरल, अविकसित, प्राकृतिक ,सामुहिक थियो तर अहिलेको आधुनिक समाज जटिल अवस्थामा रहेको छ । ग्रामीण समाजहरु शहरी समाजमा रुपान्तरण भइरहेको छन् । प्रत्येक समाजको संगठन ,कार्य र उद्देश्यमा परिवर्तन आएको छ । तीन चार दशकयता नेपालमा अर्थतन्त्र उल्लेख्य रुपमा अर्थतन्त्रमा नेपाल श्रम र रोजगार पाँउदै गरेको, सन्तान उत्पादनतर्फको सामाजिक दबाब धेरै कम बनेको माहिलाबीच शिक्षा आर्जन,

सार्वजनिक क्षेत्रमा सहभागी हुन थालेको साथै सहरीकरण तीब्र बन्दै गरेको, बसाँईसराँइ, नातागोताबाट टाढिने स्वनिर्णय गर्ने भएकाले अन्तारजातीय विवाह बढेको पाउन सकिन्छ । आजभोलि उत्पादनका साधनलगायत सीप, संगठनबाट निकै हदमा विमुख हुँदै व्यक्तिकेन्द्रित हुँदै छ । आफूले चाहेको काम स्वाइच्छाले गर्न थालेपछि युवायुवती अन्य पारस्परिकबाट निस्कँदै नयाँ प्रणालीभित्र प्रवेश हुँदैछन् । पहिला बरबधुको जात,गोत्र हेरेर परिवारले बरबधु हेर्ने चलान थियो भने व्यक्तिकेन्द्रित उत्पादत प्रणालीले प्रेम तथा अन्तरजातीय विवाहलाई मलजल गर्दछ ।

सामाजिक सांस्कृतिक तथा आर्थिक रुपान्तरणमा आधुनिकीकरणको सिद्धान्तले महत्वपुर्ण भुमिका खेल्दछ । वास्तवमा संसार परिवर्तनशील छ । यस संसारका व्यक्ति, समुदाय, संस्था,मूल्य, मान्यता, आदर्श परिवर्तनशील छन् । मानिसहरुको प्रर्वति, स्वभाव र रुची र चाहना परिवर्तन भईरहेका हुन । मानिसले दिनप्रति दिन नयाँपनको खोजी गरीरहेको छ । एकातिर व्यक्ति, परिवार,समुदाय,संगतन सबै नयाँ आयामको खोजीमा छन् भने अर्कोतिर परिवर्तको स्वभाविक गति पनि चलिरहेको छ । नयाँ व्यवहार, प्रविधि,सिग,चलन, पद्धति, भूमिका भित्रिदै जाँदा समाज आधुनिकताको मार्गमा लम्किरहेका छ। यहि नयाँ पन र समाजिक परिवर्तनले गर्द थारु समूदायमा पनि परिवर्तन आएको छ, यसकै उगजहो अन्तारजातीय विवाह जुन पाहिलको तुलनामा अहिले निकै बढेको देखिन्छ। र विस्तारै अन्तारजातीय विवाह प्रतिको अवधाणमा पनि परिवर्तन आएको देखिन्छ। सांस्कृतिक गतिविधिको रुपमा रहेको कुला विनिमय प्रणालीले उनीहरुको विनिमयको आवश्यकता पुरा गर्दथ्यो (मिश्र २०१८) ।

**रंजीत (२०१८)** का अनुसार दश हजार वर्षअघिसम्म मानिस जङ्गलमा बस्ने गर्दथे, जसलाई वाइल्ड एज भनिन्छ । त्यसपछि मानव जीवनबाट नग्न-मानव, पशुको छाला रजनावरको व्यवहार र जीवन, रुखको बोक्रा, पात-फूल र चिसो ताप लगाउने आजको युगमा पुगिसकेको छ, जहाँ जातीय र रंगभेद चरम सीमामा थियो । आफूलाई उन्नत चिन्तक भनिने मानव जाति टुक्रामा विभाजित छ । क्षत्रिय समूहमा भर्ना भए यस समूहमा एक खण्ड व्यक्ति त्यहाँ एक रोवर पनि छ। अन्तरजातीय विवाह व्यक्ति र समाजको स्वतन्त्रता हो, यो एक विचारधारा हो, जसमा जातिवाद मानवीय संवेदनाको विपरीत धर्म हो । मित्रवत प्रेम सम्बन्धमा जोश बढ्छ । तर यस प्रकारको विवाहमा धेरै आउँछन्, जसमा आजको सामाजिक परिवेश धेरै हदसम्म जिम्मेवार छ । यो बुझ्नको लागि हामीले जात र धर्मसँग सम्बन्धित इतिहासलाई

नियाल्नु पर्छ, जसको व्याख्या धेरै जटिल छ । इतिहासले भन्छ कि मानव समूहहरू विखण्डित हुनेछ । उनी व्यक्तिवादी बने आदिमहरू बथानमा खाना खोज्छन् विभाजनको क्रममा उनी व्यक्तिवादी बने । आम जनतामा जात र धर्मको नाममा विकृति फैलाउने र आफ्नो स्वार्थ प्रप्ति गर्ने । यसतर्फ हामीले गम्भीर भएर सोच्नुपर्छ अन्तरजातीय र अन्तरधार्मिक विवाह प्रवर्द्धन गर्ने । यसरी वर्तमान खण्डित परिवेशमा अन्तरजातीय र अन्तरधार्मिक मेलमिलापको वातावरण सिर्जना गर्ने विवाहले सबैभन्दा ठूलो भूमिका खेल्न सक्छ । यदि आवश्यक भएमा मात्र आपसी मानव संवेदनाहरूको, जुन औपचारिक भोजन पूर्तिले मात्र होइन तर तिनीहरूको सोच स्तरबाट गर्न सकिन्छ । तिनीहरूलाई प्रेम र सद्भावको परीक्षामा राखेर मानवीय आधारमा निर्णय गर्नुहोस् । त्यसोभए दाइजोजस्ता कुप्रथा पनि क्रमशः अन्त्य हुनेछ ।

## २.३ अन्तरजातीया विवाहबारे विश्लेषण

जसरी मार्क्सलाई तीन कुरा बाट बुझ्न सकिन्छ (१) सामाजिक विश्लेषण (२) पुँजिवादको विश्लेषण (३) वर्गीय अन्तरविरोध हो । यो एउटा सामाज र यसका अन्तरसम्बन्धित भागहरु मिलेर बनेको एउटा प्रणाली व्यवस्था हो । सामाजमा नयाँ परिर्वतनका लागी वर्गीय स्वार्थ र द्वन्द्व हुने गर्दछ । जसरी समाजिक प्रणालीका सबै तत्वहरु आ-आफ्नो स्वार्थका लागी अन्तरक्रिया गर्दाछन् । यहि कुरालाई मध्यनजर गर्दै हाम्रो सामाजमा पनि पहिला अन्तरजातीय विवाहलाई प्रोत्साहन नगरे पनि पछिल्लो चरणमा विभिन्न सामाजिक अन्दोलन जस्तैः जातीय, धार्मीक, जनअन्दोलन, महिला अन्दोलन, राजनैतिक जस्ता अन्दोलनले सामाजिक विभिन्न एकाईको परिर्वतन सँगै विवाह पद्धातिमा पनि परिर्वतन आएको छ । जहाँ आर्थिक विस्तार र व्यक्तिगत स्वतन्त्रता, व्यक्ति केन्द्रित रोजगारी हुन्छ त्यहाँ जोडी रोज्ने स्वतन्त्रता पनि हुन्छ र यो सबै कुराको प्रभाव बाँसगढी नगरपालिकामा पनि परेको देख्न सकिन्छ । तीन चार लशकयता नेपालमा पनि लैङ्गीक समानता, सहरीकरण तीब्र, समाजिक सञ्जाल, व्यत्तिलकेन्द्रित उत्पादनका साधान, थिक्षामा समानता जस्ता कुराले अन्तरजातीय विवाह मौलाउदै गएको छ ।

सामान्तया समाजिक परिवर्तन भन्नाले सामाजिक संरचनामा फरक आउनु हो । सामाजिक परिवर्तन सामाजिक संरचना वा ढाचाँ,एकाइ सम्बन्ध, अन्तरकिया आदिमा आउने परिवर्तन हो । समयको परिवर्तनसंगै समाज एक स्वरुपबाट अर्को स्वरुपमा परिवर्तन हुन्छ । विवाह पनि सामाजिक एकाई हो र समय सँगै यसमा पनि परिवर्तन आएको छ । पहिला आफ्नो जात,

गोत्र हेरेरा विवाह गर्ने चलन भए पनि पछिल्लो समयमा महिलाको शिक्षा, उच्चा श्रमको मुल्य, सहरीकरणको तीब्रता, बसाँइसराँइ, नातागोताबाट टाढिने, उत्पादनको साधनमा परिवर्तनले गर्दा विवाहमा पनि परिवर्तन अएको छ । संसार परिवर्तनशील छ, यस संसारका व्यक्ति, समुदाय, संस्था,मूल्य, मान्यता, आदर्श परिवर्तनशील छन् । मानिसहरुको प्रर्वति, स्वभाव र रुची र चाहना परिवर्तन भईरहेका हुन, मानिसले दिनप्रति दिन नयाँपनको खोजी गरीरहेको छ । जसले गर्दा विवाहमा पनि परिवर्तन आएको छ र थारु समुदायमा पनि प्रेम विवाहलाई प्रथम श्रणीमा रखेको छ जहाँ अफ्नो इच्छाले जोडी रोजीन्छ र त्यो जोडी चाहे अन्तरजातीय किन नहोस परिवार को स्वर्काय हुन्छ । यसरी थारु समुदायलाई समग्रता मान्ने हो भने विवाह त्यस समग्रताको एउटा महत्वपूर्ण इकाइ हो । विवाहलाई बुझ्नेहो भने थारु जातीका सामाजिक, सास्कृतिक परिवर्तनलाई बुझ्नु पर्दछ त्यसले यस अनुसन्धानमा अन्तरजातीय विवाह र विवाहको अन्य पक्षको परिवर्तन बारे केलाउने प्रयास गरिएको छ ।

# अध्याय–तीन

# अनुसन्धान - पद्धति

प्रस्तुत् शोधपत्र थारुहरुको अन्तरजातीय विवाह पद्धतिको बारेमा अध्ययन गर्न विविध सुचनाहरु संकलन गर्ने माध्यमहरु आवश्यक पर्ने भएकोले यस अनुसन्धान विधिमा अनुसन्धानको ढाँचा, अध्ययनको क्षेत्र छनौटको औचित्य, तथ्याङ्क संकलनको तरिका, तथ्याङ्कको स्रोत, अध्ययनको सीमा तथा तथ्याङ्क विश्लेषण जस्ता विधिहरु समावेश गरेका छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो शोधपत्र तयार पार्ने क्रममा विशेष गरेर प्राथमिक स्रोतहरु र आवश्यकता अनुसार द्वितिय स्रोतहरुमा आधारित रहेर घरधुरी सर्वेक्षणबाट प्राप्त जानकारी बमोजिम विश्लेषणात्मक प्रस्तुतिकरणमा आधारित रहेको छ । अध्ययनको प्रमुख केन्द्र बर्दिया जिल्लाको बाँसगाढी नगरपालिका २ बेलवाको थारु समुदायको मानिसहरुको अन्तरजातीय विवाह पद्धति तथा अन्तरजातीय वैवाहिक परम्परामा आएको परिवर्तनहरुसँग सम्बन्धित रहेको हुनाले गुणात्मक तथ्याङ्कमा विशेष जोड दिनु पर्ने भएकोले यहाँ अर्न्तरवर्ता, सर्वेक्षण र प्रश्नावली बढी उपयोगी हुने हुँदा म आफै यस क्षेत्रमा गएर अर्न्तवार्ता विधिको प्रयोग गरेर प्रश्नावली भरी आवश्यक सुचनाहरु संकलन गरेको छु ।

## ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

बाँके, बर्दिया, कैलाली र कञ्चनपुर थारुहरुको बसोवास गर्ने प्रमुख जिल्लाहरु हुन् । यहाँ बसोवास गर्ने थारुहरुले बोल्ने उनीहरुको मातृ भाषा थारु हो । बर्दियाको बाँसगाढी नगरपालिका मेरो आफ्नै घर भएको र म आफु स्वयंम् समुदायको व्यक्ति भएकोले थारुहरुको चालचलन तथा संस्कारहरुको बारेमा गहिरिएर जान्न ईच्छुक भएको र थारु समुदायमा के कस्ता विवाह को प्रचलन रहेको छ र अन्तारजातीय विवाह पहिला को भन्दा हाल कतिको बढेको छ । यस गा.वि.स.मा सबै जातको मिश्रित बसोबास रहेकोले अन्तरजातीय विवाह कतिको स्वइकार्य छ । अन्तरजातीय विवाहले यस समुदायमा कास्तो प्रभाव पारेको छ । थारुहरुको चालचलन तथा रीतिरिवाजहरुमा आफ्नै मौलिकपना रहेता पनि विविध कारणले गर्दा यसमा परिवर्तन हुँदै गई रहेको छ । यस ठाउँमा विवाहसम्बन्धी अध्ययन नभएको

कारणले र आफ्नो ठाउँ मा अनुसन्धान गर्न सजिलो हुने भएकाले छनौटको विषय र यो ठाउँलाई आफ्नो छनौटको क्षेत्र बनाएको छु ।

### ३.३ समग्रता र नमुना छनौटः

यस अनुसन्धानको लागि बर्दिया जिल्लाको बासँगढी नगरपालिका बेलवा २ मा बसोवास गरिरहेका अन्तरजातिय विवाह गर्ने थारु जातिहरुलाई आफ्नो अध्ययनको क्षेत्रको रुपमा छनौट गरेको छु । थारू समुदायमा शहरीकरण र आधुनिकीकरणको प्रभावले गर्दा आएका सामाजिक परिवर्तनले थारु समुदायमा अन्तरजातीय अध्ययन गर्ने क्रममा नेपालभरि छरिएका थारू समुदायमा यो अध्ययन अहिले गर्न सम्भव नभएकोले बदिया जिल्ला बासँगढी नगरपालिका २ बेलवा गाउँ क्षेत्र भित्रका थारू समुदायमा शहरीकरण र आधुनिकीकरणका प्रभावले अन्तरजातीय प्रतिको अवधाणमा परिवर्तनका प्रक्रियाहरूको अध्ययनलाई मात्र हाल यस अध्ययन कार्यका लागि छनोट गरिएको छ ।  यस वडा २ मा जम्मा ५०० घरधुरी रहेको छ त्यस मध्य थारु अन्तरजातिय विवाह गर्ने जोडि ५० जना रहेको हुँदा सम्रगमा अध्ययान गरिएका छ । प्रत्येक थारु अन्तरजातिय विवाह गर्ने जोडि को घरमा गई जोडिलाई आवश्यकता अनुसार तयार पारिएको प्रश्नावलीको आधारमा प्रश्न सोधी संख्यात्मक परिमाणात्मक तथ्याङ्कहरु संकलन गरेको छु । यसका साथै गुणात्मक तथ्याङ्कहरु लिन सोही जातिका घरमूलीहरुलाइ विज्ञ, बुढापाका, शिक्षित व्यक्ति आदिलाई मुख्य सुचनादाताको रुपमा लिइएको छु ।

### ३.४ तथ्याङक स्रोत र प्रकृति

यस अध्ययनका लागि छनोट गरिएको क्षेत्र बर्दिया जिल्ला बाँसगाढी नगरपालिका २ अन्तरजातिय विवाह गर्ने थारूजातिलाई समावेश गरिएको छ । प्रत्येक अन्तरजातिय विवाह गर्ने जोडिको घरमा गई घरका जोडिहरुलाई आवश्यकता अनुसार तयार पारिएको प्रश्नावलीको आधारमा प्रश्न सोधी संख्यात्मक परिमाणात्मक तथ्याङ्कहरु संकलन गरिएको थियो । यसका साथै गुणात्मक तथ्याङ्कहरु लिन सोही जातिका विज्ञ, बुढापाखा, शिक्षित व्यक्ति आदिलाई मुख्य सुचनादाताको रुपमा लिइएको छ ।

### ३.५ तथ्याङक सङ्कलन विधि

उल्लेखित उद्धेश्यहरु प्राप्तिको लागि आवश्यकता परेको तथ्याङ्कहरु संकलन गर्नको लागि छनौट गरिएको अन्तरजातिय विवाह गर्ने जोडिहरुसँग लिईएको अर्न्तवार्ताको आधारमा

तथ्याङ्कहरु संकलन गरेको छु । नमुनाको रुपमा छनौटमा परेका  प्रश्नहरु सोधेर तथ्याङ्क संकलन गरेको छु  अवलोकनको माध्यमबाट उनीहरुको घरको घरमूलीहरुले उनिहरु प्रतिगर्ने व्यवहार र  अन्तरजातिय विवाह प्रतिको अवधाण बुझ्न अर्न्तवार्ता गरेको छु । यसका साथै अध्ययन क्षेत्रमा गइ अन्तरजातिय विवाह सम्बन्धित अनुभवि तथा जान्ने मान्ने व्यक्तिको मद्धतद्धारा आफ्नो शोधकार्यलाई पूरा गरेको छु । यसको लागि तयार पारिएको प्रश्नावलीहरु र अर्न्तवार्ताको आधारमा सूचनादातालाई आवश्यक सूचनाहरु सोधेर तथ्याङ्कहरु संकलन गरेको छु । यसमा थारु समुदायमा प्रचलित विवाह संस्कारहरु, पहिले र अहिलेको विवाह पद्धति तथा अन्तरजातिय विवाह प्रतिको अवधाणमा आएको परिवर्तन र यसमा परिवर्तन आउनुको प्रमुख कारणहरु तथा यसले थारु संस्कृतिमा पारेको प्रभाव आदि सम्बन्धि तथ्याङ्कहरु संकलन गरेको छु। यस अनुसन्धानमा तथ्याङ्क संकलनको लागि द्धितिय तथ्याङ्क संकलन विधिलाई पनि आवश्यकता अनुसार प्रयोगमा ल्याएको छु ।

यो तथ्याङ्क संकलन गर्नको लागि स्थलगत अध्ययन तथा घरधुरी सर्वेक्षण अनिवार्य भएकोले म आफै त्यस ठाउँमा गएर निम्न विधिहरु अपनाएर तथ्याङ्क संकलन गरेको छु ।

**क) अर्न्तवार्ता विधि**

यस विधि अर्न्तगत अध्ययन क्षेत्रमा गएर अन्तरजातीय विवाहको बारेमा आफूले सोधपत्र तयार गर्न तथ्यांक लिन आएको कुरा जानकारी गराए । जहाँ अन्तरजातीय विवाह गरेका दम्पतीहरूलाई र समाजमा बौद्धिक व्यक्ति, शिक्षक, सम्बन्धित विषयमा जानकार व्यक्तिहरूबाट तथ्यांक संकलन गरिएको छ । उनीहरूलाई अन्तरजातीय विवाह भनेको के हो ? समाजमा अन्तरजातीय विवाहित दम्पती र छुवाछुतलाई कस्तो दृष्टिकोणले हेरिन्छ ? समाजमा कुन पुस्तका मानिसले अन्तरजातीय विवाहलाई अस्वीकार गर्छ र कुन पुस्ताका मानिसमा सकारात्मक धारणा छ ? पहिलेको तुलनमा समाजमा अन्तरजातीय विवाहि कातिको बढेको छ । थारु समुदायमा कुन कुन कुरामा परिवर्तन भएको छ ? अन्तरजातीय विवाह गर्न कुन कुन तत्वले प्रभाव पार्दछ ? लगायत समाजमा सामाजिक सम्बन्ध निर्माण, सांस्कृतिक मूल्य मान्यता आदि पक्षहरूका बारेमा तथ्यांक लिइएको छ । यस विधि बाट अन्तरजातीय विवाह प्रति समुदायको धाण सकरात्मक छ कि नकरात्मक छ यसको तथ्यांक निकालन सहज हुन्छ ।

**ख) वैयक्तिक अध्ययन**

व्यक्तिगत अध्ययनमा एउटा व्यक्तिको मात्र अध्ययन नभएर अन्तरजातीय विवाहका घटनाहरूको बारेमा अध्ययन गरिएको हो । यहाँ अन्तरजातीय विवाहका घटनालाई व्यक्तिगत एकाइ मानेर त्यस्ता घटनालाई परिवार तथा समाजले गर्ने गरेका व्यवहार, उनीहरूको शैक्षिक अवस्था, मनोवृत्ति, सामाजिक परिवेश आदिलाई लिइएर सामाजिक तथा आर्थिक पक्षको सूक्ष्म अध्ययन गरी तथ्यांक संकलन गरिएको छ। अन्तरजातीय विवाहमा प्रभाव पार्ने तत्व र यसबाट निर्माण हुने सामाजिक सम्बन्धका बारेमा अध्ययन गरिएको छ । यस अर्न्तगत बाँसगढी नगरपालिकाको थारु समुदायमा अन्तरजातीय विवाह गरेको जोडीहरुको समाग्र जानकारीको लागी र केश विश्लेषणको लागी वैयक्तिक अध्ययन गरीएको छ। यस वैयत्तिलक अध्ययन बाट विवाहित जोडीको उमेर, पढाईको स्तर, परिवारको र्वग, जोडीको पेशा जस्ता विभिन्ना कुराको जान्कारी लिन सजिलो भयो । र यसबाट अन्तरजातीय विवाह प्रति र्हेने दृष्टिकोण कस्तो रहेको छ भन्ने कुराको जान्कारीको लागी पनि वैयत्तिलक अध्ययन जारुरी रहेको छ ।

## ३.६. द्धितिय तथ्यांक संकलन विधि

शोधकार्यमा सहायक तथ्याङ्क संकलन विधिको पनि उत्तिकै आवश्यकता पर्दछ । प्राथमिकि तथ्याङ्कबाट प्राप्त नभएका तथ्याङ्कहरु सहयक तथ्याङ्कबाट प्राप्त गर्न सकिन्छ । यसको लागि बिभिन्न समाजशास्त्री  तथा मानवशास्त्री हरुले लेखेका लेख, रचना, पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, शोधपत्र आदिलाई स्रोत मानी त्यसबाट तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ ।

## ३.७. तथ्यांकका विश्लेषण तथा प्रस्तूतीकरण

अनुसन्धान गरी संकलन गरी ल्याएका तथ्याङ्कहरुलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ । सामान्य र अन्तरजातिय विवाहित जोडि जति समग्रमा प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । यसै गरी गुणात्मक तथ्याङ्कहरुलाई विषय वस्तुहरुको आधारमा वर्गीकरण गरिएको छ। सोही अनुरुप तिनलाई तर्कपूर्ण विश्लेषण गरिएको तथ्याङ्कलाई लिपीबद्ध गरिएको छ ।

## ३.८. अध्ययनको सीमा

थारु जातिको विवाहको अध्ययनको लागि आवश्यक श्रोत, साधन र समयको सीमिततालाई ध्यानमा राख्दै विवाहको अध्ययन गर्दा निम्न सीमाहरु रहेका छन । यो बर्दिया जिल्ला बाँसगढी नगरपालिका २ अन्तरगतको बेलवा गाउँको थारु टोलमा रहेका  थारु जातिका अन्तरजातीय विवाहको अध्ययन हो । जाहँ मिश्रित समुदायको बसो बास रहेकोले पछिल्लो दिन भन्दा हाल

अन्तरजातीय विवाह निकै भएको छ । तर क्षेत्रि र दलित बिच विवाह भएको छ तर यो अध्ययमा थारु र अन्य जाति बिचको विवाह मात्र समावेश गरिएको छ। यो अध्ययन मार्क्सवादी र सामाजिक परिवर्तन दृष्टिकोणबाट हेरिएको छ। यो सिन्द्धान्तले समाजलाई बुझ्ने हो सामाज र समाजिक मुल्य मान्यता कसरी परिवर्तन हुँदै आएको हुन्छ । त्यस मध्य विवाह पनि एक एकाई भएकोले थारु समुदयमा अन्तरजातीय विवाह प्रतिको धारण बुझनाको लागी अर्न्तवार्ता र वैयक्तिक अध्ययनका साधनहरु मत्र प्रयोग गरिएको छ ।

## अध्य–चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१ भौगोलिक अवस्था

नेपाल विश्वमानचित्रमा एशिया महादेशमा पर्दछ। यस क्षेत्रले विश्वको कूल क्षेत्रफलको ०.०३ प्रतिशत र एशियाको कूल क्षेत्रफलको ०.३ प्रतिशत ओगटेको छ। यसको भौगोलिक अवस्थिति अक्षांश २६० २२' उत्तरी अक्षांशदेखि ३०० २६' उत्तरी अक्षांश वीचमा र देशान्तर ८०० ४' पूर्वी देशान्तरदेखि ८८० १२' पूर्वी देशान्तरको वीचमा रहेको नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. (५६,८२७ वर्ग माइल) छ। लम्बाई सरदर ८८५ कि.मी. छ भने उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको सीमा र दक्षिणमा भारतीय सीमासम्म न्यूनतम १४५ कि.मी.देखि बढीमा २४१ कि.मी. सम्म छ । नेपालको औसत चौडाई १९३ कि.मी. भएको पाइन्छ (बृहद सामान्य ज्ञान, पैरवी प्रकाशन २०६१/०६२) । यो देशको पूर्वमा मेची नदी, पश्चिममा महाकाली नदी र दक्षिणमा भारतको उत्तर प्रदेश विहार, बंगाल राज्य र उत्तरमा चीनको तिब्बत क्षेत्र पर्दछ । विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८ मि) र विश्वको गहिरो उपत्यका अरूण उपत्यका (४५७ मी. उचाईमा अवस्थित) यसै देशभित्र पर्दछ (श्रेष्ठ, २०६२ : ७१) ।

भौगोलिक आधारमा नेपाल भूपरिवेष्ठित देश हो । धरातलीय स्वरूपको आधारमा हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरी ३ भागमा विभाजित गरिएको छ । प्रशासनिक दृष्टिकोणले पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदर पश्चिमाञ्चल गरी पाँच विकास क्षेत्रमा र १४ अंचल ७५ जिल्लामा विभाजन गरिएको छ। २०६८ सालको जनगणनाको प्रारम्भिक नतिजा प्रकाशित भएता पनि यसको आधिकारिक नतिजा प्रकाशित भइ नसकेको अवस्थामा वि.सं. २०५८ कै आधिकारिक जनगणनालाई आधार मानेर भन्नु पर्दा नेपालको जनसंख्या २,३१,५१,४२३ रहेकोमा पुरूषको संख्या ११५६३९२१ (४९.९६%) र महिला ११५८७५०२ (५०.०४%) रहेको छ । हिमाली क्षेत्रमा बसोबास गर्ने ७.२९% (१६८७८५९), पहाडी क्षेत्रमा ४४.२८% (१०२५११११) र तराई क्षेत्रमा ४८.४३% (११२१२४५३) रहेको छ भने जनसंख्या वृद्धिदर २.२४% रहेको छ (केन्द्रीय तथ्यांक विभाग, २०५८) ।

राष्ट्रिय जनगणना २०६८ नेपालको एघारौं जनगणना हो अर्थात् नेपालको इतिहासमा १०० वर्षको जनगणना हो यस जनगणनाको स्थलगत कार्य सम्पन्न भई प्रारम्भिक नतिजाका

अंकहरू मुख्य प्रशोधनको लागि केन्द्रीय तथ्यांक विभागमा आएको छ । प्रारम्भिक नतिजा अनुसार नेपालको जनसंख्या २,६६,२०,८०९ जना पुगेको देखिन्छ। जसमा पुरूष १,२९,२७,४३१ र महिला १,३६,९३,३७८ रहेको छ भने क्षेत्रगत आधारमा हिमाली प्रदेशमा १७९५३५४ (६.७%), पहाडी प्रदेशमा ११४७५००१ (४३.१%) र तराई प्रदेशमा १३३५०४५४ (२०.२) रहेको जानकारी नेपाल समाचार पत्रमा प्रकाशित भएको छ (नेपाल समाचार पत्र,वर्ष १७ अंक ३३०, २०६८ पौष ३ गते) ।

### ४.१.१ बर्दिया जिल्लाको परिचय

बर्दिया नेपालको मध्यपश्चिमाल विकास क्षेत्र, प्रदेश नं.५, भेरी अञ्चलको दक्षिण पश्चिमा पर्ने बर्दिया जिल्ला नेपालमको पश्चिम क्षेत्रको अन्न भण्डारको रुपमा पनि चिनिन्छ। यो जिल्लाको पूर्व बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान ताथ दक्षिण्मा भारतको उत्तरी प्रदेश पर्दछ । यहाँको कुल क्षेत्रफल २०२५ वर्ग किलोमिटर मध्ये अधिकांस भु-भाग (६८.७६%) तराईको समतल जमिनले ओगटेको छ भने बा‘‘कि भाग (३१.२७%) चुरे पर्वत पर्दछ। पहिले आदिवासी थारुहरुको बाहुल्यता रहेको यो जिल्लामा पछिल्ला दिनहरुमा वाह्य जिल्लाहरुबाट बसँई सराई गरी आउनेको भिडले गर्दा जातीय विविधता रहेको छ। यहाँको प्रमुख भाषाहरु नेपाली, थारु, मगर, हिन्दी, आदि । २.१ जिल्लाको सामान्य जानकारीःनेपालको मध्य-पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत भेरी अञ्चलमा अवस्थितखाद्यन्नको भण्डारकोरुपमा परिचित तराईका २० जिल्ला मध्येएक बर्दिया जिल्लापनि हो। सन १८५७ मा भारतमा भएको सिपाही विद्रोहको समस्या समाधान गर्न तत्कालीन प्रधानमन्त्री श्री ३ जंग बहादुर राणालेइष्ट इण्डिया कम्पनीलाई सहयोग गरे वापत बि.सं. १८७२९ 3 March, 1816)कोसुगौली सन्धीबाट गुमेको भू-भाग मध्ये पुरस्कार स्वरुप वि.सं. १९१७ मा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर नेपाललाई फिर्ता आएकोले उपरोक्त बर्दिया लगायतका जिल्लाहरुलाई नयाँ मुलुकका रुपमा चिनिन्छ। पुर्वमा बाँके जिल्ला, पश्चिममा कैलाली जिल्ला, उत्तरमा सुर्खेत र सल्यान जिल्ला र दक्षिणमा भारतीय सीमा संग जोडिएको बर्दिया जिल्लालाई विशेषत बाघ र वन्यजन्तु संरक्षित बर्दिया राष्ट्रिय निकुन्ज, खाता संरक्षण क्षेत्र, कृण्णसार संरक्षण क्षेत्र, वढैया ताल,कर्णाली तथा भेरी नदी, प्राकृतिक तथा पर्यटकिय स्थल बोकेको तथा थारू संस्कृतिको मौलिकता भएको,जंगलै जंगलकोजिल्लाको नामले परिचित छ । यस जिल्लाको केही भाग चुरे तथा मध्यवर्ति क्षेत्रमा पर्दछ भने धेरै जसो भु-भाग तराई क्षेत्र अर्न्तगत पर्दछ करीव आधा जति

क्षेत्र राष्ट्रिय निकुञ्जमा पर्दछ। कर्णाली, बबई नदी र मानखोलायसै जिल्ला भएर बगेकोले यो जिल्ला बाढीको हिसाबले उच्च जोखिममा रहेको छ।बन जंगलको ठुलो अंश ओगटेको नेपालकै तराईको सबैभन्दा ठूलो बर्दिया राष्ट्रिय निकुञ्ज यस जिल्लामा पर्दछ। यसर्थ पनि यो जिल्ला वन क्षेत्रको सवालमा तथा जैविकविविधताको संरक्षणको सवालमा धनीजिल्ला मध्ये एक हो।

बर्दिया जिल्लाको बासँगढी २ बेलवा नगरपालिका प्रोफाइल, २०७५ यस जिल्लाको नाम बर्दिया रहनुको पछाडी विभिन्न जनश्रुती, धार्मिक एवं पौराणिक आख्यानहरु रहेको पाईन्छ। ति मध्ये केही यस प्रकारका छन्: स्थानीय थारु भाषामा गाई गोरुलाई वलिवर्द भनिने र यहाका गाई गोरु राम्रा, मोटाघाटा र वलिया हुने हुँदा यो ठाउँलाई वलिवर्द भनिएकोमापछि अपभ्रंस भई बर्दिया भएको र यसै आधारमा जिल्लाको नामाकरण गरिएको मानिन्छ। ऐश्वर्य र सम्वृद्धिका प्रतिकका रुपमा रहेको गोरुलाई सस्कृत भाषामा पनि वलिवर्द नै भनिन्छ। पदनाह गा.वि.स.मा वारवर्दिया भन्ने गाउँ छ, पहिले यसै ठाँउमा हरीहर राजाको दरवार थियो। वारवर्दियामा खेतिको लागि उन्नत जमिन भएको कारण बाहिरबाट वसाँई सराई गरी यसै ठाउँमा आउन थाले र यो ठाउँ प्रसिद्ध हुन थाल्यो, अन्तमा यसै ठाउँको नामबाट बर्दिया जिल्ला नामकरण रहन गएको हो भन्ने भनाई छ। थारु भाषामा गाई गोरुलाई वर्दवा भनिन्छ। यस जिल्लाको भौगलिक बनावट अनुसार हावापानी पनि दुई प्रकारको पाइन्छ। यहाँको अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस र न्यनतम तापक्रम ६ सेल्सियससम्मा रेकर्ड भएको पाईन्छ। हावाको औषत वेग ३ किलोमिटर प्रति घण्टा छ भने अधिकतम वर्षा४३८ मिलिमिटर रेकर्ड भएको पाईन्छ ( **बर्दिया जिल्लाको बासँगढी २ बेलवा नगरपालिका प्रोफाइल, २०७५)।**

### ४.१.२ बाँसगढी नगरपालिका

बाँसगढी नगारपलिका बर्दिया जिल्लामा अवस्थित एक नगरपालिका हो। स्थानिय विकास मन्त्रालयले थप ६१ वटा नयाँ नगरपालिका थप्दा बर्दिया जिल्लामा बेलवा, मोतिपुर र डेउडाकला यी ३ गाँउ विकास समितिहरुलाई समेटेर बाँसगढी नगरपालीका घोषण गरिएको हो। यसको क्षेत्रफल २०६ वर्ग किमी (८० वर्ग माइल) र कुल जनसङ्ख्या २०६८ जनगणना अनुसार ५५,८७५ रहेको छ।

### ४.१.३ जातजाती

बाँसगढी नगारपलिका बर्दिया जिल्लामा मुख्य रुपमा व्राहमण क्षेत्री, थारु, मगर ,मधेसी मूख्यरुपमा वसोवास गर्दछन्।

### ४.१.४ धर्म

हिन्दु, वौध, किरात र क्रिश्चयन यहाका मानिसले मान्ने प्रमुख धर्महुन । यसको विवरण पनि धर्मको आधारमा जनसंख्याको विवरण स्पष्ट हुन्छ ।

### ४.१.५ मुख्य चाडपर्वहरुः

दशै, तिहार जनैपूर्णिमा माघेसंग्रान्ती,लोसार, छैठपर्व, तिज, कृष्ण अष्टमी आदी

### ४.१.६ सांस्कृतिक रितिरिवाज

न्वारन, पास्नी, छेवर, व्रतवन्ध,गून्यू चोली, वेलविवाह, रित बुझाउने विवाह,दुरान फिराउने मैताालु पठाउने, मलामी जाने, किरिया बस्ने, व्रखान्त वार्ने श्राद्ध गर्ने आदी ।

### ४.१.७ विवाहको किसिम

मागी विवाह, प्रेम विवाह, अन्तरजातीय विवाह, विधुवा विवाह, विदुर विवाह र अदालती विवाह ।

### ४.१.८ विवाहको औसत उमेर

केटी १८ वर्ष केटा २२ वर्ष

### ४.१.९ भाषा

(क)सार्वजनिक काम काजको भाषा नेपाली(यो भाषा प्राय सबैले वोल्दछन्)

(ख)मातृभाषा थारु, अवाधि, मगर आदी (यि भाषाहरु भाषाहरु घरभित्र र आफ्नो सप्रदायमा वोलि

### ४.२.१ उत्तरदाताको परिवारका किसिम

परिवार समाज तथा राष्ट्रको लागि महत्वपूर्ण संस्था हो । परिवारका लागि संरचना एउटै हुदैन । परिवारका संरचनालाई विशेष गरेर एकल परिवार संयुक्त परिवार गरी दुई भागमा विभाजन गरिएको छ । यसरी हेर्दा बाँसगढी नगरपालिका को थारु समुदायमा एकल परिवार र संयुक्त परिवार रहेको पाइयो । संयुक्त परिवारको संख्या धेरै रहेको र एकल परिवारको संख्या कम रहेको पाइयो । प्रायः गरेर एउटै परिवारमा बाजेबाजै, आमाबाबु छोराछोरीहरु, बुहारी, काकाकाकी र नातिनातीनीहरु आदि जस्ता सदस्य संख्या बसोबास गरेको पाइन्छ । यस समुदायमा विशेष गरेर छोराहरुले विहे गरेपछि छुट्टिएर बस्ने चलन रहेको छ । यसरी छुट्टिएर बसेको परिवारमा भने कम परिवार सदस्य संख्या हुने गर्दछ । यस समुदायको परिवारमा सबै परिवार सदस्याहरुको हक अधिकार समान देखिएता पनि परिवारको प्रमुख व्यक्तिका रुपमा भने बाबु, आमा लाई नै लिने गरिन्छ । यस ठाउँमा कृषि तथा पशुपालनमा पुरुषको भूमिका रहेको हुन्छ । भने महिलालाई विशेष गरेर गृहिणी तथा कृषिको काममा लगाइन्छ । घरपरिवारको मामिलामा महिलाको बढी निर्णायक अधिकार रहेको हुन्छ। अन्तरजातीय विवाह गरिएका जोडिको घर परिवारको पारिवारीक संरचनाको विवरणलाई तालिका नं. १ मा देखाइएको छ।

**तालिक नं.१ उत्तरदाताको पारिवारिक स्थितिको विवरण**

| क्र.सं | परिवारको किमिस | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | एकल | १५ | ३०% | ३० | ६०% |
| २ | संयुक्त | ३५ | ७०% | २० | ४०% |
| | जम्मा | ५० | १००% | ५० | १००% |

स्रोत स्थलगत अध्ययन, २०७८

यस तालिकाबाट प्रष्ट भएको छ कि अन्तरजातीय विवाह एकल परिवारमा रहने पुरुषले बढी गरेका छन् जाँह ६०% रहेका छन् । अर्न्तवताको क्रमा एकल परिवारमा परय एकलो छोराको संख्या रहेको र एकलो सन्तानको खुशिको लागी अन्तरजातीय विवाहको स्वकृति दिएको बताए । यस तथ्यांकमा ३०% एकल परिवारका महिलाहरु अन्तरजातीय विवाह भएको देखियो यहाँ एकल परिवारमा रहने पुरुष भन्दा महिला ३०% कमले अन्तरजातीय विवाह भएको देखियो ।

भने संयुक्त परिवारमा रहेको महिला ७०% रहेका छन् जहाँ ४०% पुरुष रहेका छन् यहाँ संयुक्त परिवारमा रहने महिला पुरुष भन्दा ३०% बढीले अन्तरजातिय विवाह गरेका छन् ।

### ४.२.२ अन्तरजातिय विवाह गरेका सदस्यहरुको शैक्षिक विवरण

शिक्षा मानिसको लागी एउटा मार्ग दर्शन हो जसले मानिसलाई सहि बाटोमा दोऱ्याउछ । शिक्षा बिना मानिस सहि रुपमा तथा सक्षम रुपमा सबल तरिकाले अगाडी बहन सक्दैन । यदि कुनैपनि परिवार, समुदाय, तथा राष्ट्रको मानिसहरु पूर्ण रूपमा शिक्षित छैनन् भने त्यो परिवार, समाज तथा राष्ट्र अन्धकारमय हुने गर्दछ। अशिक्षित वर्ग वसोवास गरेको क्षेत्रमा कुनैपनि प्रकारका विकासका कार्यक्रमहरु सफल हुन सक्दैन त्यसैले शिक्षालाई मानिसको मेरुदण्डका रुपमा लिने गरिन्छ । शिक्षाले मानिसको व्यक्तित्व विकास देखि लिएर सभ्य तथा अनुसाशित समाजको निर्माण गर्ने गर्दछ । कुनैपनि समाजका मानिसहरु शिक्षित भएनन् भने त्यहा हरेक प्रकारका अपराधिक क्रियाकलापहरु हुने गर्दछ । यस्ता कार्यहरु सधै भई रहेमा समाजको विकासको बाटो सधै बन्द भईरहन्छ यस्तो हुन नदिन सबै मानिसमा शिक्षाको चेतना हुन जरुरी छ । त्यसैले शिक्षा प्रदान गर्नु भन्नुनै ज्ञान प्राप्त गर्नु भन्नु हो । शिक्षा मानिसको जीवन पर्यान्त चलिरहने प्रक्रिया हो । यस अनुसन्धानका क्रममा प्राप्त तथ्याङ्का आधारमा पहिला वृद्धवृद्धाहरुमा असाक्षरता दर बढी पाइता पनि हालको पुस्तामा भने विद्यालय जानेको संख्या सयमा सय प्रतिशत नै पाइयो । यस अध्ययन

**तालिक नं.२ अन्तरजातीय विवाह गर्ने जोडीको शैक्षिक विवरण**

| क.स | शैक्षिक विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अनपढ/निराक्षर | ० | ० | २ | ४ |
| २ | साधरण लेखपढ गर्ने | ५ | १० | ५ | १० |
| ३ | प्राथमिक | १० | २० | ५ | १० |
| ४ | निम्न माध्यामिक | ८ | १६ | ६ | १२ |
| ५ | माध्यामिक | ११ | २२ | १० | २० |
| ६ | उच्च माध्यामिक | १३ | २६ | २० | ४० |
| ७ | स्नातक/सोभन्दा माथि | ३ | ६ | २ | ४ |
|  | जम्मा | ५० | १०० | ५० | १०० |

स्रोत स्थलगत अध्ययन, २०७८

यो तथ्यङ अनुसार अन्तरजातिय विवाह गरेका सदस्यहरु उच्च माध्यामिक तह गर्ने महिला र पुरुष सबैभन्दा धेरै अन्तरजातिय विवाह गरेको पइयो जस्मध्य महिला २६% र पुरुष ४०% रहेका छन् । यस नगरपालिका मा अन्तरजातीय विवाह गरेको जोडिहरुमा उच्चा शिक्षा हासिल गर्नेको संख्या एकदम न्युन रहेकोछ र निराक्षर रहने जोडीको पनि अन्तरजातीय विवाह कम

रहेको देखियो । कतिपए जोडिहरु प्राथमिक शिक्षा प्रप्त गरे पछि चिठ्ठि लेखना सक्ने वा समान्य भाषामा भन्नु पर्द चिठ्ठि लेखपढ गर्ने भएपछि प्रेम विवाह हुने गरेको पइयो जस्मा अन्तरजातीय विवाह गर्ने महिला १०% ले प्राथमिक शिक्षा हाँसिल गरेका छन् भने पुरुष २०% रहेका छन् । निम्न माध्यामिक सम्मा पढेका पुरुष १६% छन् भने महिला १२% रहेका छन् । त्यसैगरि माध्यामिक शिक्षा हाँसिल गर्ने पुरुष २२% र महिला २०% रहेका छन् । यस तालिका अनुसार महिलाको भन्दा पुरुषको संख्या शिक्षामा अगाडी रहेको देखियो भने महिलाको संख्यामा केही प्रतिशतले शिक्षामा कम रहेको देखियो ।

### ४.२.३ अन्तरजातिय विवाह गरेका सदस्यहरुको पेशागत विवरण

मनिसहरु आफ्नो जीवनलाई सहज बनाउन, जिविकोपार्जन गर्न र जीवन निर्वाह गर्न तथा बाच्नको लागि कुनै न कुनै पेशामा अवलम्बन गर्नुपर्ने हुन्छ । यसै क्रममा थारु जति पनि विभिन्न पेशामा अबद्ध छन् । यस क्षेत्रका थारु जातीको विशेष, पेशा कृषि पेशा हो । तर हाल पेशामा परिवर्तन अएको छ । अजाभोलि कृषि बहेक देशको आर्थिक अवस्था, रजनैतीक अवस्थाले गर्दा वैदेशिक रोजगारमा युवापुस्ताहरु बढि अबद्ध रहेका छन् । भने केहि मानिसहरु अन्य पेशाका रुपमा व्यापार, पशुपालन, नोकरी र ज्याला मजदुरी अदि गर्ने गरेका छन् । यस अध्ययनमा समेटिएका ५० जान अन्तरजातीय विवाह गर्ने जोडहरुको पेशागत विवरण तालिकामा देखाइएको छ ।

**तालिक नं.३ अन्तरजातीय विवाह गर्ने जोडीको पेशागत विवरण**

| क्र.स | पेशागत विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | १० | २०% | १५ | ३०% |
| २ | व्यापार | ५ | १०% | ८ | १६% |
| ३ | सरकारी नोकरी | २ | ४% | ५ | १०% |
| ४ | विदेश गएको | ३ | ६% | १२ | २४% |
| ५ | गृहिणी | १५ | ३०% | ० | ०% |
| ६ | विद्यार्थी | १० | २०% | ५ | १०% |
| ७ | अन्य पेशा | ५ | १०% | ५ | १०% |
| ८ | जम्मा | ५० | १००% | ५० | १००% |

स्रोत स्थलगत अध्ययन, २०७८

बाँसगढी नगरपालिका २ बेलवामा जम्मा घरधुरी ५०० रहेको छ । यस वार्डमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्ने भएकाले यस गाउँमा अहिलेसम्मा जम्मा अन्तरजातीय विवाह गर्ने जोडि ५० जान रहेका छन् । माथिको तालिकामा देखिए अनुसार अन्तरजातीय विवाह गर्ने महिला र पुरुष विभिन्न पेशामा संलग्न छन्  । यस अन्तरजातिय विवाहित सदस्यहरुमध्ये महिला १० जना र पुरुष १५ जना कृषि पेशामा संलग्न रहेका छन् । व्यापारमा महिला १०% र पुरुष १६% संलग्न छन, यो तथ्यांक अनुसार महिलाको भन्दा पुरुषको सख्या व्यापारमा ६% ले बढी  संलग्न रहेको देखियो । त्यसैगरी सरकारी नोकरी मा अबद्ध महिला २ जान र पुरुष ५ जान कोही शिक्षाक त कोही नेपाल प्रहारीमा अबद्ध रहेका छन् । बैदेशिक रोजगारीमा गएका महिला ६% र पुरुष २४% रहेको छन् । हाल नेपालमा रोजगारको अवसर नरहेकोले अधिकंस पुरुष बैदेशिक रोजगारको लागी पलायन भएका छन् , तर महिलाहरु घर परिवार, बालबच्चा रेखदेख गनुपर्ने भएको ले पुरुष को सख्या भन्दा महिलाको संख्या कम पाइयो । महिलाहरु घर परिवार, बालबच्चा रेखदेख गनुपर्ने भएकोले ६०% महिला गृहिणको रुपमा रहेकाछन् । यो तथ्यांक अनुसार विद्यार्थी जिवनमा बढी माया प्रेम सातासात हुने भएकोले २०% महिला र १०% पुरुष विवाह पछि पनि विद्यार्थी पेशामा अबद्ध रहेका छन् । अन्तरजातीय विवाह गर्ने जोडि मध्य अन्य पेशामा जस्तै ज्यलामजदुरी गर्ने कोही अरुको घरमा काम गर्ने गरेको गइयो ।

### ४.२.४ अन्तरजातिय विवाह गरेका सदस्यहरुको धर्मिक विवरण

धर्म मानव जीवनको एक अभिन्न अंगको रुपमा रहेको हुन्छ । धर्म मानिसको जीवनको पथ प्रदर्शन गर्ने एक माध्यम हो जसले आध्यात्मवाद प्रति विश्वास गर्न प्रेरित गर्दछ । यो समाज अनुरुप विभिन्न किसिमको हुन्छ र यही धार्मिक विश्वास अनुरुप मानिसका साँस्कृतिक कृयाकलापहरु समेत निर्धारण हुन्छन् त्यमध्यको विवाह पनि एक हो । हरेक जाती वर्ग भित्र आफ्नो साँस्कृति हुन्छ जुन धर्मले निरधाण गर्दाछ यस क्षेत्रमा हिन्दु धर्मको बहुल्यता रहेको छ भने अन्य धर्म मान्य को संख्या निकै कम रहेको छ । अन्तरजातीय विवाह गर्ने जोडीहरुको धर्मिक विवरण तालिकामा देखाइएको छ ।

**तालिक नं.४ अन्तरजातीय विवाह गर्ने जोडीहरुको धर्मिक विवरण**

| क.स | धर्म | महिला | प्रतिशत | पुरष | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हिन्दु | ४० | ८० | ४१ | ८२ |
| २ | कृश्चियन | ७ | १४ | ५ | १० |
| ३ | मुस्लिम | २ | ४ | ३ | ६ |
| ४ | बौद्ध | १ | २ | १ | २ |
| | जम्मा | ५० | १०० | ५० | १०० |

स्रोत स्थलगत अध्ययन, २०७८

माथि तालिकमा देखाए अनुसार अन्तरजातीय विवाह गर्ने महिला र पुरुष दुवै हिन्दु धर्ममा बढी अबद्ध रहेका छन् । भने कृश्चियन धर्ममा महिला १४% र पुरुष १०% रहेका छन् यो कृश्चियन धर्म मान्य महिला, पुरुष पनि हिन्दु धर्ममा बाट परिणनत भएका हुन । अँन्तरर्वातको क्रम्मा विभिन्न रोगबाट ग्रस्त भएर धर्म परिर्वतन अर्थत कृश्चियन धर्ममा गए पछि रोगहरुबाट मुक्त हुने मान्यता रहेकोले हिन्दु बाट कृश्चियनमा गाएको बताए । मुस्लिम धर्म मान्य महिला ४% र पुरुष ६% रहेका छन्, बौद्ध धर्म मान्य यस क्षेत्रमा निकै कम रहेका छन । अन्तरजातीय विवाह गर्ने मानिसलाई धर्मले रोक्दैन विवाहित जोडी बिच माया प्रेम भयो भने कुनै धर्मले नरोकिने रहेछ ।

# अध्याय-पाँच

# तथ्याङ्कको विश्लेषण र विवेचना

## ५.१ अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने कारकतत्वहरु

हिजोआज हाम्रो समाजमा विवाह पद्धतिमा परिवर्तन आउन थालेको देखिन्छ । पहिले पहिले सानै उमेरमा विवाह गर्ने चलन भने केटाकेटीको भेटघाट विना नै बाबुआमाले कुरा छिनेर विवाह गर्ने, आफ्नो जात, धर्म अनुसार विवाह गर्ने चलन थियो । तर हिजोआज धेरै उमेरमा विवाह गर्ने, पढेलेखेका आफ्नो खुट्टामा उभिएर केटाकेटीको रोजाइमा विवाह गर्ने चलन बढेको छ । युवा पिँढी कामको सिलसिलामा घरदेखि टाढा जाने उतै केटाकेटी मन पराएर विवाह गर्ने चलन बढेको छ । यस्तो अवस्थामा जातभातको कुरा नहेरी केटाकेटीले मन पराएर गरेको देखिन्छ । अन्तरजातीय विवाह दिनदिनै बढ्दै जानुका कारण धेरै हुन सक्छ । तर यस ठाउँमा स्थलगत अधययन गर्ने क्रममा उनीहरूसँग किन अन्तरजातीय विवाह गनुभयो ? यसका पछाडि के कारणहरू हुनसक्छ ? भन्ने प्रश्नको जवाफमा निम्न कारणहरू पाइएको छ ।

### ५.१.१ शिक्षाले गर्दा जोडी रोज्ने स्वतन्त्रता

शिक्षा भनेको त्यस्तो कुरा हो जसको अभावमा मानव जीवन नै अपुरो, अन्धकारमा बन्न पुग्छ, शिक्षले ज्ञान बढाउँछ । सोचविचार तथा दृष्टिकोणहरूको विकास गराउ छ र सहि गलत छुट्याउन सफल गराउ छ । त्यसैले शिक्षित वर्गले जातीय छुवाछुत, उचनिच भन्ने परम्परागत तथा कुसंस्कार हटाई मानिस सबै एउटै हो भन्ने भावना जागृत गराउ छ ।  उक्त क्षेत्रमा अध्ययन गर्दा केही जोडिहरू एउटै शिक्षण संस्थामा अध्ययन गर्दा एक आपसमा भेट हुने, सँगै स्कुल जाने आउने क्रममा एक अर्कालाई मन पराई विहे गरेको पाइयो भने केही जोडि शिक्षित भएकै कारणले गर्दा उनीहरू आत्म निर्भर, शिक्षित, सक्षम, आफैले निर्णय गर्ने क्षमता भएका त्यसैमा पनि परिवारका बाबुआमा दाजूभाइ पढेलेखेको परिवारमा अन्तरजातीय विवाहलाई सजह रूपमा लिएको माथिको घटनाहरूले देखाउछ । त्यसकारण अन्तरजातिय विवाह प्रति समाजमा अशिक्षितको तुलनामा पढेलेखेका रोजगार भएका व्यक्ति, परिवारमा अन्तरजातिय विवाह प्रति सकारात्मक बढी गरेको पाइयो । शिक्षा-दीक्षाको प्रसारसँगै कृषि वा पारम्परिक पेशाबाट अन्यान्य क्षेत्रमा मानिसको संलग्नता बढ्न थाल्यो । यस अवस्थामा पढाइ-लेखाइको उपक्रममा होस् वा कार्यथलो वा कार्यक्षेत्रमा निकटताको कारणले, केटा-केटीबीच भेटघाट र सम्पर्कको वातावरण सुस्त-सुस्त खुकुलो बन्दै गयो । उमेरजन्य औत्सुक्य र स्त्री-पुरूषबीचको

सहज-स्वाभाविक आकर्षण-गुणले गर्दा यस्तो अवस्थामा केटा र केटी आ-आफैले आ-आफ्नो जोडी छान्न थालेका यथेष्ट उदाहरण पाउन थालिएका छन् । यसरी छान्दा दुवैको मन-मस्तिष्कमा कुनै स्पष्ट खाका कोरिएको हुँदैन वा जसरी फिल्मी संवादमा भन्ने गरिन्छ : प्यार किया नहीं जाता, हो जाता है, यस्तै-यस्तै मानसिकता वा अवस्थाले काम गरेको हुन्छ । र, विना कुनै पूर्व योजना वा तैयारी नगरिकनै हुने भएकाले यो प्यार, मोहब्बत, प्रेम, माया आदि नामले सम्बोधन गरिने प्रक्रिया जाति, धर्म, क्षेत्रीयता, राष्ट्रियता आदि विभिन्न तवरबाट निर्दिष्ट सीमाभित्र बाँधिएर पनि बसेको हुँदैन । यस प्रकारबाट माया-प्रीतिको बन्धनमा बाँधिएका युवामध्ये कतिपयले कालान्तरमा आफ्नो सम्बन्धलाई विवाहमा रूपान्तरण गर्दछन् । फलस्वरूप पछिल्लो समयमा अन्तरजातीय, अन्तरधामिक, अन्तर्राष्ट्रिय विवाहको क्रम हाम्रो समाजमा पनि बढ्दो छ ।

अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने कारक तत्वहरूमा मुख्य गरी  शिक्षा हो । शिक्षाले रूढिवादी अन्धविश्वास एवम् कुरीतिलाई नष्ट पारेको छ । व्यक्तिवादी भावनाको उदय भयो, जसले विचार र विनिमय गर्ने अवसर पाए व्यक्तिवादी भावनाकै कारण यूवायूवतीहरू जातपातको घेराभित्र नबसी स्वेच्छापूर्वक आफूलाई  स्वतन्त्र ठानी मन परेको केटाकेटीसँग विवाह गर्न थालेका छन् । जसले गर्दा अन्तरजातीय विवाहले प्रोत्साहन पाएको हो भन्ने स्थलगत अध्ययनबाट देखिएको छ । केटा र केटी दुवैले एउटा शिक्षण संस्थामा शिक्षा ग्रहण गर्नु र एउटै शिक्षण संस्थामा सँगसँगै बसेर शिक्षा ग्रहण गर्दा एकअर्काको सम्पर्कमा आउँछन्, परस्परमा मैत्री सम्बन्ध राख्दछन्, सामाजिक असमानता हट्दछ । एक अर्कामा प्रेमसम्बन्ध स्थापित गरी विवाहसम्म गर्न सक्दछन् । यसरी प्रेम भएपछि को ब्राम्हण, को क्षेत्री, को नेवार, को राई, को लिम्बू, को थारू, को कामी, को गुरूङ, को सार्की आदि कसैको हेरविचार हुँदैन र शिक्षाले जातीय जटिलतालाई शिथिल बनाइदिन्छ । यसरी शिक्षाले अन्तरजातीय विवाह प्रोत्साहित भएको देखिएको छ ।

### ५.१.२ प्रेम नै विवाहको केन्द्रीय तत्व

प्रेम विवाह भन्नाले केटा र केटीले एक अर्कालाई मन पराई आफ्नो राजीखुशि तथा इच्छाअनुसार विवाह सम्बन्धमा बाँधिने विधिलाई नै प्रेम विवाह भन्ने बुझिन्छ । यो पद्धतीमा केटाकेटी एक अर्का बीच आफै चिनाजान भई तथा आफन्तको सहयोगद्वारा परिचय भई विस्तारै साथीको सम्बन्धबाट मायाप्रीति बढ्दै जान्छ यसम जाति, धर्म, धनी गरीब हेरिदैन

केवल महिला र पुरुष बिचको सम्बन्ध हेरी त्यो सम्बन्ध विवाहमा परिणत हुन्छ यसैलाई प्रेम विवाह भनिन्छ । यो प्रेम विवाह विशेष गरेर गाउँमा मेलापात जाँदा, जंगल जाँदा, गाईवस्तु गोठालो जांदा, हाटबजार जादाँ, सांस्कृतिक चाडपर्व मनाउँदा, नाचगानमा हिड्दा केटा र केटी बीच प्रेम भई वा माया बसी विवाह हुने गर्दछ । प्रेमको गाँठोमा कसिएका केटाकेटी गाउँबाट भागेर अन्यत्र जाने गर्दछन् । आधुनिक कालमा प्रेम सामान्य भैसकेको छ । नारी र पुरूषले समान अधिकार तथा स्वतन्त्रता पाउनाले र उनीहरू एक अर्काको नजिक रहन्छन्, गफिन्छन्, स्पर्श गर्छन् । यसरी मायाप्रिती प्रति आकर्षण बढ्दै गएपछि जातपातलाई चटक्कै भुल्छन् । यही प्रेमालापले गर्दा नै आज अन्तरजातीय मौलाएको कुरा यस स्थलगत अध्ययनबाट देखिएको छ । विवाह पारम्परिक शैलीमा गरिने स्वजातीय प्रकृतिको होस् या अन्य कुनै तवरबाट गरिने अन्तरजातीय वा अन्तरधामिक होस्, त्यसलाई दिगो बनाउन प्रेम हुनैपर्दछ । प्रेम नै विवाहको केन्द्रीय तत्व हो । सामान्यतया हामीकहाँ विवाहलाई दुई रूपमा - हेर्ने गरिएको छ : एउटा पारम्परिक अथवा मागीविवाह र अर्को प्रेमविवाह । नामले बोध गराएझैं प्रेम-विवाहमा मात्र प्रेमिल सम्बन्ध हुने र मागी विवाह फगत दाम्पत्य जीवनको गाडीलाई घिसार्ने उपक्रम हो भन्ने कुरा हुँदैन । प्रेम-विवाहमा केटा- केटीबीच पहिल्यैदेखि प्रेम हुन्छ भने पारम्परिक विवाहमा विवाहपछिको सान्निध्यले प्रेम उमार्दै ल्याउँछ । यसलाई कसरी पनि अर्थ्याउन सकिन्छ भने प्रेम-विवाहमा जीवनको कराहीमा पहिले मायाका मसला भुटभाट पारेर त्यसपछि त्यसमा दाम्पत्यको तरकारी ओइरिन्छ भने पारम्परिक विवाहमा जीवनको कराहीमा पहिला दम्पत्यको तरकारी ओइरिन्छ, त्यसपछि मात्र प्रेमको नुन-मसला हाल्दै गइन्छ ।

आधुनिक युवायुवतीको सन्दर्भमा यो प्रश्नले भिन्नै अर्थ राख्छ । समुदायबीच असमानता र दूरी संस्थागत गरेको राज्यसत्ताले आपसी प्रेम निर्माण हुन दिएन अन्यथा इतिहासले अर्कै गति समात्ने थियो । तर जनयुद्ध, दोस्रो जनआन्दोलन र मधेसी, थारू तथा जनजाति आन्दोलनका विभिन्न ऐतिहासिक घटनाक्रमबाट गुजिसकेपछि नेपालले पनि नयाँ सामाजिक, राजनीतिक सास फेरिरहेको छ । नयाँ पुस्ताका युवायुवतीले गणतन्त्र र समावेशी लोकतन्त्रको चेतनाद्वारा प्रेम सम्बन्धलाई पनि नयाँ ढङ्गले परिभाषित गर्ने क्रम बढेको छ । यसै सन्दर्भमा अन्तरजातीय विवाहले नयाँ फड्को हानिरहेको छ । हुन त जनयुद्धको बेला मुट्ठी उठाएर र बन्दुक साटेर अन्तरजातीय विवाह गर्ने जोडीहरू शान्ति प्रक्रियापछि क्रमशः परम्परागत सामाजिक मान्यताको शिकार भएका उदाहरण प्रशस्तै छन् । तर ती उदाहरणभन्दा धेरै गुना बढी अन्तरजातीय, अन्तरधार्मिक, अन्तरसमुदाय प्रेम र विवाहको नयाँ चेतनाले प्रभावित गरेका वा

त्यस्तो प्रयोगमार्फत् समाजलाई नयाँ गति दिइरहेका जोडी पनि भेटिन्छन् । भिन्नभिन्न समुदायबीच भाषा, संस्कृति, संस्कार, मान्यता, शीलस्वभाव, भावप्रवाह फरकफरक रहे पनि युवा प्रेम-विद्रोहीले यी सारा बाधा तोड्दै नयाँ संस्कृति निर्माणको पाइला चालिरहेका छन् ।

### ५.१.३ लैङ्गिक समान्ता र श्रमको मुल्यमा समान्ता

वर्तमान समयमा दाइजो/तिलक प्रथाले विकराल रूप लिएको छ । गृहकार्यमा निपूण, सुन्दरी, शिक्षित, चरित्रवान नारी भएर पनि दाइजोको कारण त्यस केटीको विवाह हुन नसकेको तीतो सत्य छदैछ । दाइजो प्रथाले गर्दा आर्थिक स्थिति सोचनीय भएका घरमा केटाकेटीहरू प्रेम विवाह गर्न रूचाउँछन् । जसले गर्दा जातपात विर्सेर जुन जातको केटाकेटी मनपऱ्यो, त्यसैसँग विवाह गर्ने चलन बढ्दो छ प्रेम विवाहमा दाइजोको प्रश्न नै उठदैना । त्यस्तो दाइजो प्रथा उन्मुलन गर्न वर्तमान समयमा अन्तरजातीय विवाहले प्रोत्साहन पाएको सर्भेक्षणबाट पाइएको छ । जीविकोपार्जन गर्नेले त्यस्तो सवल र दिगो सत्ता निर्माण गर्न सक्ने कुरा सत्ता हावी नभएको होइन तर उत्पादनको साधनबाट विमुख र आश्रित श्रमको भएन । त्यसैले पनि सायद तल्लो जात, वर्ग आदिमा सापेक्षिक हिसाबले महिला केही हृदसम्म समान रहे भने उपल्लो जात, वर्ग आदिमा पुरूष महिलामाथि अत्यन्त हावी रहे त्यसैले यस जात, वर्गका महिला अत्यधिक हिसाबले पुरुषमाथि आश्रित रहे । यिनीहरू अन्यभन्दा घरायसी काममा नै रुमल्लिए र सार्वजनिक संसारबाट टाढा रहे । तर अन्तरजातीय विवाह सबै ऐतिहासिक कालखण्डमा त्यतिकै वर्जित वा कष्टसाध्य नरहेको पनि होइन । हुन त यो निचोडमा पुग्नसकिने तथ्य हाल त्यति प्राप्त छैनन् तर पनि सायद यो भन्न सकिन्छ कि अर्थतन्त्र सङ्कुचित हुँदै गएको कालखण्ड सन्तान उत्पादनमा अत्यधिक सामाजिक मान्यता दिइएको समयमा, धार्मिक आस्था अत्यन्त बलियो भएको दाइजोको मात्रा र दर बढ्दै गएको बेलामा, महिलाको श्रमको मूल्य क्षीण रहेको बेला अन्तरजातीय विवाह अरू बेलाभन्दा धेरै कठीन बन्छ । उता अर्थतन्त्र विस्तार हुँदै गरेको, धेरै सन्तान उत्पादनको चाप कम रहेको, धार्मिक आस्था खुकुलो बनेको, दाइजोको मात्रा र दर न्यून रहेको र महिलाको श्रमको मूल्य उच्च बनेको ऐतिहासिक अवधिमा अन्तरजातीय विवाह बढी ग्राह्य बन्न पुग्छ । खास गरेरा मागी विवाहमा केटा केटी को खान्दान बिच दाइजोको कुरा आँउछ तर आजभोलि प्रेम विवाह गर्ने भएकाले दाइजो भन्दा खुसिको कुरा हुन्छ । कतिपए परिवारले दाइजो दिना नपरेको कारण आफ्नो सन्तानको बिहे अन्तरजातीय विवाह गरिदिन्छन् ।

### ५.१.४ समाजिक अन्दोलनले विवाहमा ल्याएको परिवर्तन

खुल्ला रुपमा अन्तरजातीय विवाह दश वर्षे जनयुद्धले ठूलो प्रभाव/भूमिका खेलेको पाइयो । युद्धकालिन समयमा माओवादीले उठाउदै आएका जातिय  समानता, समाजमा दुई जात भएका कुरा महिला र पुरूष । काटे रगत सबैको रातो जस्ता नाराले समाजमा तल्लो वर्गका मानिसमा लोकप्रिय बन्यो ।  युद्धकालमा सबै वर्ग तथा जाति सहभागिता थियो । युद्धकालमा संलग्न भएका लडाकु तथा कार्यकर्ताहरूले आफ्नै कार्यकताबीचमा विवाह गरेको पाइन्छ । धेरैले जातिय तथा छुवाछुत विरूद्धमा विवाह गरेको, समाजमा पनि जातिय विभेद गर्नेलाई तत्कालिन गठित जनसरकारबाट कारबाहि गरिन्थ्यो ।  त्यो समयमा समाजमा जातिय भेदभाव गर्ने परिवारमा दलितहरूलाई जर्वजस्ती भान्सामा, घरमा पसाउने गरिन्थ्यो । त्यसैले कतिपय व्यक्तिले स्वतस्फुर्त रूपमा जातिय स्तरिकरण भेदभावमा कम महत्व दिए भने कति पएलाई जर्वजस्ती पनि वाध्य बनाइयो  । जसले गर्दा समाज, परिवार, व्यक्तिगत रूपमा छुवाछुत तथा अन्तरजातीय विवाह प्रति सकारात्मक सोचाइ रहेको देखिन्छ । जव विवाह योग्य केटाकेटीमा परम्परागत धारणा विरूद्ध वैज्ञानिक सोच, चिन्तन हुन्छ केटाकेटी आफू सक्षम,आत्मनिर्भर भएको अन्तरजातिय विवाह हुन्छ ।

लेपालमा पनि युद्धकाल पछि विभिन्न सामाजिक अन्दोलन भए जस्तैः थारुहट अन्दोलन, दलित अन्दोलन, महिला अन्दोलन जस्ता विभिन्न सामाजिक अन्दोलनले सामाजिक परिर्वतन भयो । यस परिवर्तनले थारुको साथै अन्य समुदायको विवाहमा परिवर्तन अयो । नेपाल बहुभाषिक, बहुजाति र बहुसांस्कृतिक देश हो । त्यस्तै यो अध्ययन क्षेत्र पनि बहुजाति, बहुभाषी, बहुसांस्कृतिक भएको गाउँ हो । अनेकतामा एकता भएर एउटै गाउँमा बसेपछि पढ्न जाँदा, काम गर्न मेलापात जाँदा, दाउरा घाँस जाँदा, चाडपर्व मेला जात्रा जस्ता उत्सव मनाउँदा तथा मर्दापर्दा, पुजाआजामा सरिक भएपछि कसैप्रति मायाप्रिती प्रेम तथा साथीको भावना बढ्दै जाँदा अन्तिममा विवाहसम्म पुग्ने गरेको देखिएको छ । यसरी मिश्रित समुदायले गर्दा पनि अन्तरजातीय विवाह बढ्दै गएको पाइएको छ । बेलवा गाउँ पनि पहिला थारु समुदायको बस्ति मात्र थियो तर पछिल्लो केही समयमा पहाड बाट बँसाइसरेरा आउने को संख्या ह्वतै बढेको ले जातीय विविधताको कारण अन्तरजातीय विवाह मा नि वृद्धि भएको छ ।

### ५.१.५ कानुनी प्रावधानले जातीय व्यवस्था कमजोर हुनु

सबैभन्दा मुख्य कुरा त अन्तरजातीय विवाह गर्न कानुनले रोक्दैन । कानुनको कुनै भागमा अन्तरजातीय विवाह गर्न हुँदैन, कानुन लाग्छ, दण्ड जरिवाना लाग्छ भनेर उल्लेख गरेको पाइदैन । त्यसले गर्दा पनि शिक्षित यूवापिँढीलाई त केवल परम्परागत मानी ल्याएको संस्कार मात्र रहेछ भन्ने कुरा बुझ्न थाल्छन्, जसले सामाजिक संस्कारमा देखिएको कुरीति हटाउन यूवा पिढीहरू जातपातको विरोध गर्दै मन परेकोसँग विवाह गर्ने परम्परा बढेको देखिन्छ । उल्लेखित कारणबाट नै अन्तरजातीय विवाह बढ्दै गएको पाइएको छ । राष्ट्रिय जनगणना २०६८ ले नेपालमा १२५ वटा जात र १२३ भाषा बोल्ने देखिएका छन् । मुलुकी देवानी ( संहिता) ऐन, २०७४ व्यवस्थापिका-संसद्ले हाल मुलुकी ऐन देवानी (संहिता) ऐन, २०७४ बनाएको छ । सो ऐन राष्ट्रपतिबाट २०७४ असोज ३० गते प्रमाणिकरण भइसकेको छ । यो ऐन २०७५ साल भाद्र १ गते देखि लागू हुँदैछ । यसले २०२० साल भाद्र १ गते लागू भएको प्रचलित मुलुकी ऐन खारेज गर्ने भएको छ । मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ६७ ले कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एकअर्कालाई पतिपत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने भनी विवाहको परिभाषा गरेको छ । ऐनको दफा ६९ ले प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता प्रदान गरेको छ । साथै दफा ७४ ले कुनै पुरूषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरूष र महिलाबीच स्वतः विवाह भएको मानिने विशेष व्यवस्था समेत गरेको छ । फरक-फरक जातका नारी र पुरूषबीचको विवाह अन्तरजातीय विवाह हो ।

सामन्यतया फरक जात, धर्म, संस्कृतिका नारी र पुरुषबीच हुने विवाहलाई अन्तरजातीय भनिन्छ । हाल प्रचलित कानुनले अन्तरजातीय विवाहलाई मान्यता प्रदान गरेको छ । अन्तरजातीय विवाह अहिले समाजमा समाजिक मान्यता पनि पाउँदै गएको छ । अन्तरजातीय विवाहले फरक जातको नारी र पुरूषलाई एकीकृत गर्नुका साथै फरकफरक समुदायको परिवारमा पनि एकता कायम गर्दछ । यसका साथै दुई भिन्न मुलुकका नारी र पुरुषबीच हुने विवाहलाई अन्तरदेशीय विवाह भनिन्छ । यस्तो विवाह अन्तरजातीय वा स्वजातीय दुवै हुन सक्छ । नेपालको इतिहासमा विक्रम सम्वत् २०२० साल भाद्र १ गतेको दिन युगान्तकारी दिनको रूपमा रहेको छ । सो दिन जातका आधारमा विभेदपूर्ण समाज निर्माण गरेको वि.स. १९१० को मुलुकी ऐन खारेज भयो र नयाँ मुलुकी ऐन लागू भयो । २०२० सालको मुलुकी

ऐनले जातको आधारमा गरिएको सम्पूर्ण विभेदको अन्त्य गऱ्यो । यसरी जातमा आधारित युग कानुनी रूपमा समाप्त भयो । नयाँ मुलुकी ऐनले सबै नेपाली जनतालाई कानुनको दृष्टिमा समान बनायो । कानुनले सबैलाई समान बनाए पनि तात्कालीन अवस्थामा सामाजिक व्यवहार र जातीय विभेदमा रत्तिभर कमी आएनन् । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् पनि मानिसको सोचमा अद्यवधि पर्याप्त परिवर्तन आएको देखिन्न । सामाजिक व्यवहारमा परिवर्तन नल्यउन्जेलसम्म सामाजिक सदभाव कायम हुँदैन । सुन्दर समाजको परिकल्पना कोराकागज मात्र हुन्छ । त्यसैले व्यक्तिको सोच र व्यवहारले मात्र वास्तविक अर्थमा परिवर्तन ल्याउन सक्दछ । नेपाली समाजमा विकास र परिवर्तन हुँदै गएको सोही अनुरूप जातीय स्तरीकरण कमगर्न ऐन कानुन निर्माण भएका छन् । १९१० ले जातीय आधारमा छुवाछुत भेदभाव गर्नेलाई १ वर्ष कैद वा १००० सम्म जरिवाना वा दुवै सजायको व्यवस्था मुलुकी ऐनले गरेको छ । त्यस्तै नेपालमा छुवाछुत प्रथालाई कानुनी रूपमा २०२० सालमा अन्त्यको घोषणा गरियो । यसले पनि कानुनी रूपमा स्तरीकरणमा मद्दत गऱ्यो । २०४७ सालदेखि भएका आन्दोलनदेखि २०६२/०६३ को आन्दोलन र त्यस यता भएका राजनैतिक परिवर्तन जातीय आन्दोलनले पनि स्तरीकरण कमगर्न मद्दत गऱ्यो । त्यस्तै नेपालमा क्रियाशिल थुप्रै संघ संस्था सरकारी स्तरमा, गैरसरकारी संघ संस्थाले पनि यसलाई एजेन्डाका रूपमा लिएका छन् । जसले जातीय स्तरीकरण घटाउन सहयोग गरेको पाइन्छ । इतिहासदेखि नै बाहुन क्षेत्री बिचको अन्तरजातीय विवाह हुने गर्थ्यो उनीहरूलाई सामाजिक सजाय जात घटाउने थर परिवर्तन सजाय हुन्थ्यो तर अहिले बाहुन क्षेत्री लगायत दलितसँग पनि अन्तरजातीय विवाह क्रम बढ्दै छ । जातीय व्यवस्था समाजमा कायमै छ तर यस प्रतिको मान्यता र व्यवहारमा थेरै परिवर्तन आएका छन् । जाति व्यवस्था उन्मुलनका लागि राज्यले पनि धेरै प्रयत्न गर्दै आएको छ । तर यस प्रतिका मान्यता र व्यवहारमा धेरै परिवर्तन आएका छन् । जातीय व्यवस्था उन्मुलनका लागि राज्यले पनि थेरै प्रयास गर्दै आएको छ । गैरदलितले दलितसँग विवाह गर्दा उक्त दम्पत्तिलाई रू. १,००,०००।- दिने घोषणा पनि राज्यले गरेको थियो । यसरी विभिन्न तरिकाबाट र तरिकाहरूले अन्तरजातीय विवाह गर्न उत्प्रेरित गराई समाजमा अन्तरजातीय विवाहलाई मान्यता दिएको छ ।

### ५.१.६ सुचना सञ्चार र प्रविधिको विकासले मनिसको विचारमा परिवर्तन

विश्वमा समयको परिवर्तन संगै विज्ञान तथा प्रविधिको विकास पनि संगै भएको पाइन्छ । यसरी विज्ञान तथा प्रविधिको विकासले गर्दा विश्वमा विभिन्न संञ्चार तथा यातायातका साधनहरुको

विकास भएको छ जसले गर्दा विश्वका मानिसहरुको जीवनलाई नै सहज बनाएको छ । संञ्चार तथा प्रविधिको विकासले विश्वलाई एउटा सानो विन्दुमा ल्याएर समेटेको छ । विश्व साँघुरो हुँदै गइरहेको छ । संञ्चार तथा यातायातका साधनले मान्छेको विभिन्न पक्षहरुलाई प्रभाव पारिरहेको हुन्छ । यसरी प्रभाव पार्ने क्रममा मान्छेको विभिन्न संस्कृति तथा संस्कारमा पनि असर गरेको हुन्छ । यसै क्रममा यस क्षेत्रका थारु जातिको विवाह संस्कारमा विभिन्न सूचना तथा प्रविधिका साधनहरु फोन, रेडियो, टि.भि. कम्प्युटर, यातायातका साधन आदि कारणले विवाहका प्रक्रियामा पूर्णरुपमा परिवर्तन ल्याएको देखियो । आजभोलि सर्म्पुण मानव जाति समाजिक संजालमा आवद भएको कारणले गर्दा एकअपसमा माया प्रेम गर्न र माया प्रेम बाट अन्तरजातीय विवाह भएका छन् । यो समाजलाई अधुनिक सामाज भनेरा चिनिन्छ । आजको दिनमा सामाजिक संजाल बाट कोइ पनि छुटेको छैन । त्यसैले आधिकंस युवा पिढी facebook , tiktok, pupg,freefire game, viber, whatsapp जस्ता समाजिक संजालबाट चिनजान भइ प्रेम विवाह गरेर अनतरजातीय विवाह गरेको पाइन्छ । उक्त क्षेत्रमा अध्ययन गर्दा पुरानापुस्ताका तुलनामा नयाँ पुस्ताका युवा युवतीहरूमा सामाजिक मूल्य मान्यता, जातभात, छुवाछुत प्रतिको धारणाफरक रहेको पाइयो । उनीहरूमा शिक्षा तथा समाजिक संजाल चल्चित्रबाट सिकेर सबै मानिस एकै हो मानिसको जातभात भनेको महिला र पुरूषमात्र हो भन्ने धारणाको विकास भएको पाइयो । जातीय छुवाछुत गर्नु हुँदैन कुनै पनि जातजातिलाई समाजमा समान हैसियत छ भन्ने धारणा विकास भएको पाइयो, जसको कारणले समाजमा अन्तरजातीय विवाहमा वृद्धि भएको देखिन्छ । बाँसगढी नगरपालिका मा पनि सामाजिक संजाल बाट कोइ पनि छुटेको छैन घर घरमा विजुलिबत्ति, wifi भएकोले सबैको घरमा mobile पनि छ । सबै समाजिक संजालमा अवद्ध भएको ले माया पृति सजिलै सातने गरिन्छ र अफ्नो जिवसाथि अफ्नो स्वतन्त्रता ले छन्‍ने गर्दछन् ।

## ५.२ विवाहित जोडीहरुको अन्तरजातीय विवाह प्रतिको दृष्टीकोण

हाम्रो हिन्दुवादी नेपाली समाजमा व्यवस्था प्रतिका मान्यता र व्यवहारमा धेरै परिवर्तनहरू आए सँगै जातीय व्यवस्थामा पनि परिवर्तन भएको पाइयो । समाजले विभिन्न प्रकारका प्रेम विवाहलाई भन्दा मागी विवाहबाट पारिवारिक सम्बन्ध परिवारको सामाजिक इज्जत बढ्ने, सामाजिक नियम मूल्य मान्यतालाई अनुशरण गरेको इमान्दार व्यक्तित्वको रूपमा समाजले लिने गरे पनि समाजमा विस्तारै अन्तरजातीय विवाह र जातीय स्तरिकरण घट्दै गएको पाइयो ।

अन्तरजातीय विवाह गरेको जोडीहरुको अनुसार अन्तरजातीय प्रेम विवाहलाई तिनहरुको परिवार र समाजले सकारात्मक रूपमा स्वीकार नगरे पनि त्यसलाई विस्तारै व्यक्तिगत, घर परिवारको रूपमा स्वीकार गरिदै छ ।   नेपाली समाज पुरूष प्रधान समाज भएकाले जुनसुकै ठाउँ मा पनि पुरूषलाई भन्दा महिलालाई बढी सामाजिक बन्धन तथा समस्या रहेको पाइन्छ । त्यसैले अन्तरजातीय विवाहमा पनि महिलालाई बढी समस्या हुन्छन् । अन्तरजातीय प्रेम विवाह गरेका दम्पत्तिस का परिवार तथा समाजको आवत जावत, बोलचाल भएको पाइयो । जुन घर परिवारमा अन्तरजातीय विवाह भएको छ त्यो परिवारले आफ्ना छोराछोरी नातीनातिनाका माया ममताले पूर्ण रूपमा स्वीकार गरेको बताए छन् । समाजले पनि सबै कार्यमा स्वीकार गरे पनि सामाजिक कार्य (मर्दापर्दा, काजक्रिया सामाजिक भोज) देवाली ( कूलपूजा) जस्ता कार्यमा त्यस्ता दम्पत्तिलाई संलग्न नगराउने गरेको पाइयो । उक्त क्षेत्रमा अनुसन्धानका क्रममा गैरदलित केटाले दलित केटी घरमा भित्र्याएको भनि उक्त घरबाट निकालिएको (नातेदार मुर्दा उठाउने भन्न) मिसाइएन अर्थात् उक्त परिवारलाई सामाजिक कार्यमा सहभागी बनाइएन । यसबाट अन्तरजातीय विवाहमा व्यक्ति परिवारमा सकारात्मक धारणा आए पनि समाजको नियमले मानिसलाई अझै पनि बाधेको छ ।

भूमण्डलीकरणको अवधारणा अगाडि आए पश्चात् विश्व नै एउटा देश जस्तै साघुरो भइसकेको छ । मानिसहरू विभिन्न कार्य व्यापार व्यवसाय जस्ता कुराका लागि प्रायः जसो विदेश जाने संस्कृति आधुनिकरण, परसंस्कृतिकरण ग्रहण गर्न थाल्छन् । पूर्वीय संस्कृति भन्दा पश्चिमी संस्कृति तिव्र रूपमा ग्रहण भइसकेको छ । पश्चिमी संस्कृति खुल्ला संस्कृति बन्धनहरू कम हुने भएकाले मानिसले सजिलै त्यसलाई अपनाउन पुग्छन् । मानिस सचेत प्राणी हो जो अहिले पनि नयाँ कुराको खोजगरेरा, त्यसको फाइदा वेफाइदा केलाउदा फाइदाजनक कुरालाई आत्मसात गर्दै जान्छ । त्यसैले जुन कुराले मानिसलाई पछि पारिरहेको हुन्छ । त्यस्त परम्परा प्रथा तथा संस्कृतिहरूलाई परिमार्जन तथा सुधार गर्दै नयाँ दृष्टिकोणबाट अघि बढ्छ । त्यस्तै सामाजिक विकृतिहरू मध्येको एक हो, जातीय स्तरिकरण । त्यसैल जन्मदै कोही ठूलो र सानो नहुने ठुलो सानो भन्ने कुरा त उसले गरेको कार्यले विचारले हुने हो भन्ने दृष्टिकोण आएकाले मानिसको मनोविज्ञानमा परिवर्तन आएको र अन्तरजातीय प्रेम विवाहका घटना घटेको पाइन्छ ।

यस बाँसगढी नगरपालिका २ मा थारु समुदायमा यदि कुनै केटा वा केटी कामी, दमाई, सार्की जस्ता गहन अर्न्तजातिय विवाह परिवारको सहमतीमा आजसम्म पनि सम्पन्न भएको छैन ।

यी जातिहरुसँग कुनै पनि प्रकारको विवाह सम्पन्न गर्नको लागि बर्जित अवस्थामा नै रहेको पाइयो भने तामाङ, मगर, क्षेत्रि, गुरुङ, जस्ता जातिहरुसँग चाही ४/५ वर्ष अगाडी बाट थारु जातिहरुसँग परिवारकै सहमतिमै विवाह सम्पन्न भएको पाइयो । अन्तरजातीय विवाह गर्ने जोडीलाई समाजबाटै अपहेलना गर्ने, बाधा पुर्‍याउने हुन्छ । जब सम्मा अन्तरजातीय विवाहलाई समाजले सम्मान गर्दैन तब सम्म अन्तरजातीय विवाहमा परिवर्तन आउँदैन परिवर्तन ल्याउनलाई समाजले नै पहल गर्नु पर्दछ । समाज आफैले व्यवहारमा सुरुवात गर्नुपर्दछ अनि मात्र अन्तरजातीय परिवर्तन ल्यउन सकिन्छ । अन्तरजातीय विवाह गरेको जोडीले अन्तरजातीय विवाह बारे सोध गरिएको आधारमा हेर्दा यस ठाउँ मा पनि अन्तरजातीय विवाह बारे विभेद रहेको पाइन्छ । यहाँका मानिसहरु पनि अन्तरजातीय भन्दा आफ्नै जातिय विवाह धेरै रुचाएको देखिन्छ । वर्तमान अवस्था सम्म पनि कामी, दमाई, सार्की जस्ता तल्लो जातहरुसँग गहन अन्तरजातीय विवाह परिवारको सहमतिमा सम्पन्न नभएको पाइयो ।

अन्तरजातीय विवाहमा आवद्ध थारु जोडीहरुको अन्तरजातीय विवाह प्रति अवधारणा वा दृष्टीकोणमा थारु समुदाय सहज र मिलनसार सामाज भएकोले यहाँ महिला र पुरुष बाराबर मान्य भएकोले आफ्नो अधिनमा राख्नुभन्दा छोरा छोरीको स्वतन्त्रता हुने गर्दाछ । विवाहको लागी बर छन्ने कुरामा लैङगिक स्वतन्त्रता भएको ले आफ्नो राजी खुसीले बर छन्दाछन् । दुई परिवार विच वर्गको स्तार बाराबर छ भने दुवै परिवारको सहमतिमै रित पुगाएर विवाह हुने गरेको छ । छोइछिटवा हालन नर्पे जाती सँग केटा केटी पढेलेखेरा आफु सक्षाम भएको खण्डमा या दुवै विदेशियको अवास्थामा यस्ता विभिन्ना परिस्थिती हेरेरा घर परिवारको सहमतीमा विवाह भएको छ । भने दलित सँगाको विवाह भने आजा सम्मा भगि विवाह मात्र भएको छ । तर थारु र दलित बिच भागेरा विवाह भएको जोडी अनुसार सुरु सुरुमा भन्छामा छिर्ना नदिने अपहेलनाको व्यवहार गरे पनि विस्तारै सबै सहज बन्दैगयो र दुवै परिवार बिचको सम्बन्ध पनि सहाज बन्ना गयो । समग्रमा हेर्ने हो दलितसंग केही असहज भए पनि अन्य जातिमा स्वीकारयोग्य भएको र परिवार तथा समाजमा स्थापित भएर स्तरीय जीवन विताउन आफूले रोजेको विवाह गर्नु पर्ने, यसले भविष्यमा राम्रो हुने कुरा र छोराछोरीको भविष्यमा समेत स्वतन्त्रताको अनुभूति गराउन यसले सहयोग गर्ने गरेकोले पहिलो पुस्तामा भन्दा अबका पुस्तामा तुलनात्मक रूपमा अन्तरजातीय विवाहले सकारात्मक रूप लिएको कुरा र अबका दिनमा शिक्षाको स्तरप्रति चिन्तित हुनु पर्ने न कि जातको घेरामा भन्ने विचारले गर्दा परिवार

र समाजमा अन्तरजातीय विवाहको सकारात्मक प्रभाव रहेको अधिकांशको मत रहेको पाइएको छ ।

२/४ वर्ष यत बाँसगढी नगरपालिकाको बेलवा गाउँमा मिश्रित समुदायको संख्य निकै बढेकोले अन्तरजातीय विवाह पनि बढेको छ । तर दालीत संगा को विहे भागी विहे मात्र रहेको अनुसन्धान ले देखायो र दालित केटी थारुको घरमा आयो भाने विस्तरै नाती नातीन भए पछि स्वकर्य भएको पइयो । थारु समुदायमा कोहि कोही साधुशन्त रहेको पइन्छ, तेस्ता व्यक्ति मृतुप्रन्त सम्मा आफ्नो भान्छमा आउनदिदैन, भने बकीले बिस्तारै अछुतो नमानेको पइयो । अन्तरजातीय विवाहकै सम्बन्धमा अन्य जाति सँग भने केटा केटी को राजी खुसिले, कोहि पढेलेखेको जागिरेको लोभमा, कोहि धनि वर्ग सँगको सम्बन्धले समाजमा मानसम्मानको लोभले, प्रेम पछि घरपरिवारको सहमतिमै अन्तरजातीय विवाह भएको पइयो । समाग्रमा भन्नुपर्द समाजिक परिवर्तन, राजनीतिक परिवर्तन,आर्थिक बदलावले र पुँजिवदी परिवर्तन ले गर्दा अन्तरजातीय विवाह प्रति हद सम्म सकरात्मा विचार भएको छ । यसले सामाजिक विकासमा तेवा पुऱ्याकोछ ।

**५.३ केश विशलेषण**

बाँसगढी नगरपालिका २ मा अन्तरजातीय विवाह गर्ने जोडी मध्ये केहि जोडीहरुको वैयक्तिक अध्ययन गरिएको छ । यस वैयक्तिक अध्ययनमा १ जनाले मुस्लिम केटी सँग विहे गरेका छन् भने २ जना क्षेत्रि केटा सँग र २ जना दलित सँग विहे भएको छ । थारु समुदायमा बर छन्ने स्वतन्त्रता छ तर दलित र गैरदलित हेरेर । यस वैयक्तिक अभ्यन बाट के थाहा हुन्छ भने जन्जाती सँग र उपाल्लो जात सँग विवाहको स्वइकृति घरपरिवार बाटै मिलछ भने दलित सँगको विहे भागेरमात्र भएको यस अध्ययनले देखउँछ । मुस्लिम समुदायको धर्म, संस्कार नमिल्ने भएको ले यस जातीमा पनि छोरी दीन वा बुहारी भित्राउन मान्दैन्न । वैयक्तिक अध्ययन १ सुवोध चौधरी र रिहाना खातुन यस अध्ययनमा जोडीहरु भागेर विवाह गरे पछि अन्तरजातीय विवाह भएकै करण घरमा स्वकर्य भएन । दुवै दम्पत्ति सहरमा गएर बसे पछि आर्थिक अभावक करण केही अप्थ्यराहरु झल्नु पऱ्यो केहि समय पछि दुवै दम्पत्ति जागीरे भएपछि केहि सहज भयो र छोराको जन्म पछि घरमा नि अउजाउ सुरु भयो । अन्तरजातीय विवाहलाई स्वकर्य न गारे पनि विस्तारै शिक्षा, रोजगार र आर्थिक सुधारले स्वकर्य हुन्छ । वैयक्तिक अभ्यन २ मा सुस्मिता चौधरी र खगेन्द्र ओलीको विवाह घरपरिवारको सहमतिमा भएको हो । यस अध्ययमा दुवैको शिक्षाको स्तर बराबर रहेको र दुवैको परिवारको आर्थिक

स्तर, सामानिक स्तर एकै नास रहेको ले कुनै रोकतोक बिना विवह सम्पन्ना भएको देखाउछ । भने सुस्मिता अन्तरजातीय विवाह बाट खुशिरहेको अन्तरजातीय विवाह प्रति सकरात्मक धारण रहेको बताउ छिन । एक तिर हिरा चौधरीले राजु महत सँग विहे गरिन १८ बर्ष को उमेरमा क्षेत्रि केटा सँग, तर सानै उमेर र आर्थिक अभावले दम्पत्ति बिच सम्बन्ध पनि रामरो नरहेको र आफुले दुख पाएको बातउछिन् । उनको अनुभवमा अन्तरजातीय विवाह नराम्रो भन्न मिल्दैना तर विवाह गर्ने उमेर र कुनै रोजगारीमा आवद्ध हुन जारुरी छ । माथिको ३ अध्ययन बाट के भन्न सकिन्छ भने जिवन चलाउनलाई जातले फरक पार्दैन तर विहे गर्ने सहि उहेर, शिक्षा ,रोजगारीको अवसर हुना निकै महत्व छ ।

वैयक्तिक अध्ययन ४ मा मेघराज चौधरी र सुनिता बि.का को अध्ययन गरिएको छ । यो दलित र गैरदलित बिचको विवाह हो । मेघराज र सुनिताको क्यम्पस जाने क्रम्मा प्रेम बसे पछि, दलित सँगको विहे घरमा स्वकार्य न भए पछि दुवै भगेर विवाह गरे । घरमा भित्रउना न माने पछि केहि समय सहरमा बसे तर घरको एकलो सन्तान भएकोले परिवारले यो विवाहलाई स्वइकृति दियो । बिस्तारै घरको भन्छ सम्मा पनि छिराइयो तर छोरा र छोरी को लागी एउटै नियम हुदैन भन्ने कुरा वैयत्तिक अध्ययन ५ ले देखाउँछ । सरीता चौधरी रहुल परियार सँग भागी विहे गरे कटाको घरपरिवार राम्रो आर्थिक रुपमा सबल रहे पनि दलित भएकै करण बुवाले छोरी सँग बोलचाल बन्द गरे । तर घरमा आर्थिक रुपमा राम्रो भएको ले र श्रमाको घरपरिवारले छोरी जस्तो व्यवहार गरेको ले अन्तरजातीय र दलित जात भए पनि आफु खुसि रहेको बताइन र अन्तरजातीय विवाह प्रति सकरात्मा धाण व्यक्त गरिन ।

समग्रमा के भन्न सकिन्छ भने अहिलेको समयमा मानिसले जातभातलाई भन्दा आर्थिकलाई बढी महत्व दिन थालेको पाइन्छ । आजभोलि विवाह योग्य केटाकेटीले जातभातलाई भन्दा केटाकेटीको शिक्षा, रोजगार, सामाजिक हैसियतको आधारमा विवाह गरेको पाइन्छ । समाजमा युवा, शिक्षित व्यक्तिले जातभातलाई नमान्ने भएकोले पनि समाजमा दलितप्रति हेर्ने दृष्टिकोण तुलनात्मक रूपमा परिवर्तन भएको छ । यसरी यो वैयक्तिक अध्ययन बाट के बुझिन्छ भने शिक्षा, आधुनिक सामाज, राजनैतिक अवस्था, जातीगत नियम कानुन र सामाजिक संञ्जालको प्रभावले अन्तरजातीय विवाहलाई प्रभाव पारेको छ । दलित सँगको विवाहलाई प्रत्यक्षे रुपमा न माने पनि भागेर विवाह भए पछि भन्सा सम्मा चलाउनुको मतलब दलित जाती लाई पनि स्वकारनु हो ।

## ५.४ विवाहको आधुनिक प्रवृत्ति

### (क) ढिलो विवाह

बालविवाहका अनेक दुष्परिणनीहरूले गर्दा आधुनिक कालमा बालविवाहको वितृष्णा हटाउन विवाह गर्ने उमेरमा केही स्वतन्त्रता आएकोले आजका यूवायूवतीहरू पहिला जस्तो सानो उमेरमा नै विवाह गर्ने परम्परा तोडेर आत्म निर्भर भएपछि मात्र विवाह गर्न थाल्यो । आजकालका यूवायूवतीहरूको चाहना सुरक्षित, असल, जीवन बिताउन सहज हुने पतिपत्नीको खोजी गर्न थालेका छन् । त्यसैले त उच्च शिक्षा हासिल गरेर आत्मनिर्भर बनेपछि मात्र विवाहको मेलोमेसो देखाउँछन् । यसरी उच्च शिक्षा हासिल गरेपछि दुवैको उमेर परिपक्वता हुन्छ । एक अर्कामा भावनात्मक सम्बन्ध कायम गर्न सहज प्रक्रिया हुन्छ । यस्तो ढिलो विवाहलाई आदर्श विवाह भनिन्छ । ढिलो विवाहबाट दम्पत्ति स्वास्थ्य रक्षा, स्वास्थ्य सन्तान जन्मने, व्यक्तित्व विकासमा टेवा पुग्ने अवसर प्राप्त हुन्छ । । थारु जातिमा पनि कुन उमेर विवाह गर्ने भन्ने कुरा आफ्नै किसिमको मान्यता पाइन्छ । बुढापाकाका अनुसार थारु समुदायमा छोरा १५/१६ वर्ष लागेपछि छोराको लागि बुहारी खोज्न थारुका बाबुआमा तम्सिन्थे । अहिले समयको परिवर्तनसँगै अलिक ढिलो र आफ्नो राजीखुशीमा विवाह गर्न थालेको अध्ययनको क्रममा थाहा पाइयो । यस समुदायमा पहिला भागि विवाह र बाल विवाह गर्ने गरेको बताइन्छ भने अहिले मागी विवाह र प्रेम विवाह गर्दै आएको अध्ययनको क्रममा थाहा पाइयो ।

### (ख) विधवा विवाह

श्रीमान/श्रीमतीको मृत्यु भईसके पछि पूनः विवाह गर्नु नै विधुर/विधवा विवाह हो । थारु जातिमा यस प्रकारको विवाह परम्परागत रुपले चल्दै आएको छ । यहाँको थारु समुदायमा स्वास्नी मरेको लोग्ने मानिसले दोस्रो विवाह गर्न सामाजिक बन्देज छैन । उसले मागी, प्रेम, चोरी सवै खालको विवाह गर्न पाउँछ । विधवा विवाह पनि विधुर विवाह जतिकै प्रचलनमा छ । लोग्नेको मृत्यु भईसके पछि विधुवा जवान छ भने उसले अर्को व्यक्तिसँग पुनः विवाह गर्न पाउँछे । माइतीको सल्लाह र आफ्नै इच्छाले फेरी विवाह गर्न सक्छे । विधवा भएपछि जीवनभर आफ्ना स्वर्गीय पतिको नाममा जीवन बिताउनु पर्ने पुराना धारणामा परिवर्तन भई विधवा विवाहको प्रचलन बढेको छ । विधवा महिलाहरूले पनि विदुर पतिले झैं पुनर्विवाह गर्न पाउने नैतिक तथा सामाजिक दृष्टिकोण छ । वास्तवमा एक्लो जीवन मानसिक पीडामा बिताउन भन्दा पुनर्विवाह गरी एक्लो निरस जीवन बिताउनबाट बच्ने भएकोले नेपालमा पनि

यो आधुनिक प्रवृत्तिप्रति दिन दिनै ध्यानाकर्षण बढ्दै गएको छ । थारु समुदायम पनि विधवा विवाह गर्ने चलन छ चहे अन्तरजातीय विवाह भए पनि स्वकृति दिने गरेको पइन्छ ।

**(ग) अदालती विवाह प्रति रूचि**

वर्तमान अवस्थामा विवाहको बढ्दो रूचि अदालती विवाह (कोर्ट म्यारिज) प्रति छ । विवाहको तामझाम खर्चलाई समयको वर्वादलाई मध्यनजर गर्दै छिटो मिठो रूपमा कोर्ट म्यारिजलाई बढावा दिन थालेका छन् । वास्तवमा यसले विवाहप्रतिको तमाशा देखाएर समाजका को भन्दा को कम भन्ने भावना हराउँदै गएको छ ।

अदालती विवाह भन्नाले कुनैपनि कानुनविद तथा कानुनी रोहवरमा रहि न्यायलय तथा कानुनी निकायमा गई वा अदालतमा गई कानुन बमोजिम लिखित रुपमा विवाह सम्बन्धी कागजमा केटा र केटीले सही छाप लगाई गरिने विवाह नै अदालती विवाह हो । यस विवाहलाई कागजी विवाह (Paper Marriage) पनि भनिन्छ । बेलवा गाउँका थारु जातिमा हालसम्म अदालती विवाह नभएको पाइयो तर ब्रमाण र क्षेत्रि बिच सवहि गाउँ मा  अदालती विवाह भएको पइयो र थारु समुदायमा यस सम्बन्धी ज्ञान भने भएको पाइयो । यस जातिमा अदालती विवाह कहाँ गरिन्छ ? भनि प्रश्न गर्दा सबैले अदालतमा गरिन्छ भन्ने उत्तर दिएका थिए । यस समुदायका मानिसले अदालती विवाहलाई एकोहोरो रुपमा हेर्दा सटिक तथा आर्थिक रुपमा उपयुक्त मानेको पाइयो । यस थारु समुदायमा अन्तरजातीय विवाह परिवारले स्वइकार नगरेको खण्डमा मात्रै अदालती विवाह गर्छन् तर तेहाँ दालीत बहेक गैरदाली विवाह स्वकर्यछ । त्यसैले होला हालसम्म यो समुदायमा अदालती विवाह भएको छैन । यदि अन्तर जातिय विवाह गरेमा वा आफ्नो परिवारले अस्विकार गरेमा र विवाह गर्ने शैलीमा परिवर्तन ल्याउने सोच विचार बोकेका मानिसहरुले र शहरमा बसोबास गर्ने मानिसहरुले अदालतमा विवाह गर्ने गरेको पाइन्छ भने बेलवा गाउँमा अदालती विवाह थारु समुदायमा अहिले सम्मा भएको छैन ।

**(घ) सम्बन्ध विच्छेद र पुनर्विवाह**

पहिले पहिले महिलाहरू सम्बन्ध विच्छेद वा पारपाचुके सम्बन्धी सोच्नसम्म सक्दैनथे । एकपटक विवाह भएपछि लोग्ने जतिसुकै अन्यायी, अत्याचारी, दुराचारी, व्यभिचारी भए पनि विवाहलाई अटुट बन्धन सम्झेर बस्नै पर्दथ्यो । त्यसैले पुरूषले महिलालाई अति अत्याचार गर्दथे । तर आजको सन्दर्भमा शिक्षाको प्रचारप्रसार, महिला जागृति, अधिकारको प्रत्याभूति कानुनी

प्रावधानले गर्दा पारपाचुकेलाई नराम्रो मानिदैन । विशेष परिस्थिति आए सम्बन्ध विच्छेद गर्न र पुनः विवाह गर्न स्वतन्त्र र छुट छ । यो पनि विवाहको आधुनिक प्रवृत्ति हो ।

**(ङ) अन्तरजातीय विवाह**

विवाह एउटा केटा र केटी वीचको सम्बन्ध हो, जसबाट वैधानिक रूपमा सन्तान उत्पादनमा स्वीकार्य छ । त्यस्तै एक जातको केटा अर्कै जातकी केटी अर्थात २ फरक जातका केटाकेटी वीचको विवाह अन्तरजातीय विवाह हो । प्राचीनकालमा विवाहमा जातिगत प्रावधान थिएन र जातिप्रथाको सुरूवात भयो । समयको परिवर्तनसँगै पाश्चात्य शिक्षा, सहशिक्षा, प्रेमालाप, समानताको धारणा, राष्ट्रिय आन्दोलन, महिला आन्दोलनले गर्दा विवाह एक जातिमा मात्र सीमित नभएर अन्तरजातीय विवाह स्वरूपमा पनि बदलियो । यो एउटा क्रान्तिकारी कदम हो र समायोचित माग हो । दिनदिनै अन्तरजातीय विवाहले बढ्दो रूप लिदै अएको छ । यस थारु समुदायमा पनि मिश्रित समुदायका करण,उच्चा शिक्षा,रोजगारीको अवसर, सामाजिक परिवर्तन, राजनीतिक परिवर्ता यसता विवध कुराको प्रभावले परेकोछ तेस्कारण थारु समुदायमा पनि अन्तरजातीय विवाहले स्वकृति पाएको छ ।

## ५.४.१ अन्तरजातीय विवाहका असल र दुर्बल पक्षहरू

जुनसुकै कुराको असल र खराव पक्ष त हुन्छन् नै । धेरै थोरै मात्र हो र खराब पक्षको लागि सुधारका कदम चालेर असल पक्षका लागि आत्मसात गर्दै जानुपर्छ । अन्तरजातीय विवाहका असल र खराव पक्षलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ ।

**(क) अन्तरजातीय विवाहका असल पक्ष**

उक्त क्षेत्रमा अध्ययन गर्दा केही गैरदलित सदस्यले अन्तरजातीय विवाहलाई सहर्ष समाजमा स्वीकार नगरे पनि उनीहरूले व्यक्तिगत रूपमा सकारात्मक धारणा खेलेको पाइयो । जो समाजमा बौद्धिक, सामाजिक कार्यमा सहभागी भएका राजनैतिक रूपमा काम गर्ने सदस्यहरूले समाजमा विकास र परिवर्तन चाहन्छन् । यस्ता व्यक्तिहरूले विस्तारै विस्तारै समाजमा सचेतना जातिय समता कार्यमा सकारात्मक धारणा ल्याउनका लागि सहयोग पुऱ्याएको पाइन्छ । अनुसन्धानका क्रममा यस्ता व्यक्तिहरूले व्यक्तिगत रूपमा दलित तथा अन्य जाति सगसँगै बस्ने, खाने, कार्यक्रममा सहभागी हुने । समाजमा दलित तथा पिछडिएका वर्गका आवाजलाई प्रतिनिधित्व गराउने, समस्यालाई समाधान गर्ने, हरेक कार्यमा दलित समुदायलाई

सहभागितामा जोड दिने गरेको पाइयो । यसले अन्य जाति तथा अन्तरजातिय विवाहित दम्पत्तिलाई समाजमा थप सहयोग गरेको पाइयो । अन्तरजातीय विवाहले समाजमा विद्यमान जातभात, छुवाछुत, तलमाथि जस्ता अन्याय र अत्याचारी विचारहरू हट्न थालेको, मिश्रित संस्कृति अवलम्बन भएको, एकअर्काको संस्कृति खुलेआम मनाउन थालेको, सामाजिकीकरण बन्दै गएको दाइजो प्रथाको उन्मुलन भएको, छोराछोरीले मिश्रित संस्कार सिकेको जस्ता विभिन्न फाइदाकै कुराहरू भएका छन् । शिक्षाले गर्दा मानिसमा चेतना बढ्दै गएको परम्परागत मागी विवाहको कोर्ट म्यारिज बढ्दै गएको र अन्तरजातीय विवाहमा बाबुआमाले स्वीकृति दिन थालेको देखिएको छ । समयको परिवर्तनसँगै अन्तर जात-जातीय तथा सामुदायिक सम्बन्ध विस्तार हुन थालेका छन् । यी सम्बन्ध एकातिर स्वाभाविक विकासक्रमले ल्याएको परिवर्तनका प्रभाव हुन् भने अर्कोतिर सचेततापूर्वक विभिन्न विभेदको अन्त गर्ने सामाजिक चेतनाको परिणाम हुन् । बाध्यात्मक दाइजोप्रथा, पुँजी प्रदर्शनको होडबाजीले ल्याएको विकृतिलाई रोक्न अभियान नै चाल्नुपर्ने भइसकेको छ । खुला समाज र परिवेशले पुराना विकृत मान्यता त भत्कँदैछन् र सम्बन्ध अलि सहज बनेका छन् तर पुँजी प्रतिस्पर्धाले विकृत पार्दै लगेको छ । बसाइँ सराइ, सञ्चार, प्रवृधि विकास, सूचना आदिले ल्याएको खुलापन यस दिशामा सकारात्मक योगदान गरेको छ । यसबाट फाइदा

- अन्तरजातीय विवाहले जातीय भेदभाव, अन्धविश्वासपूर्ण कुप्रथा, छुवाछुत आदिलाई न्यूनीकरण गर्न मद्दत पुगेको छ ।
- सामाजिक जीवनमा एकता, सद्भाव, सहयोगात्मक भावनाको विकासमा मद्दत पुगेको छ ।
- परम्परागत, पछौटे, एकलकाँटे, अलगाववादी व्यवहारबाट मुक्त हुँदै सांस्कृतिक अन्तरघुलन पैदा गर्न योगदान पुगेको छ ।
- सामाजिक सुरक्षाको विकासमा सहयोग पुग्ने गरेको छ ।
- मिश्रित जात, जाति, धर्म संस्कृतिको मिलनबाट पैदा हुने सन्तान तीक्ष्ण, र उन्नत हुने गरेको छ ।
- नयाँ समाजको निर्माण र जुझारू क्षमताको विकास भएको छ ।

**(ख) अन्तरजातीय विवाहका दुर्बल पक्षहरू**

त्यति धेरै पारिवारीक फाइदा भए पनि केही न केही वेफाइदाका अवस्था पनि सम्हाल्नु परको देखिन्छ । जातपातको मतलब नराखी अन्तरजातीय विवाह गर्दा पुराना मागी विवाह संस्कार लोप हुन थालेको देखिएको छ । परम्परागत भेषभुषा, संस्कार क्रमशः लोप हुँदै गएको, यूवापिढीले परम्परागत धारणालाई मतलब नगरेको, पश्चिमीकरण भित्रिएको, जातिगत संस्कार क्रमशः घट्दै गएको पाइएको छ ।

समग्रमा अन्तरजातीय विवाहको फाइदा तथा वेफाइदा केलाएर नयाँ अवधारणा अनुसार पुराना कुरीति परिमार्जन गर्दै पुराना पनि चट्टै नछोडी मिश्रित संस्कार मानी ल्याउन प्रेरणा प्रदान गरेकोले र कानुनमा नै जातिगत व्यवस्था नभएकोले यो प्रथा बढ्दै गएको छ । जसलाई राम्रै मानेको पाइएको छ ।

**समस्या**

- रूढी, परम्परावादी परिवार र समाजमा सहज घुलमिल हुन कठिन ।
- फरक जात संस्कृति र समुदायलाई सहज स्वीकार्न समस्या ।
- खानपिन, रीतिरिवाज, रहनसहन, अङ्गीकार गर्न वा आफूअनुकूलको मान्यतामा ल्याउन, लान कठिन छ ।
- यसले कतिपय अवस्थामा परिवारको विखण्डन पनि हुने गरेको छ ।

# अध्याय–छ
# वैवाहिक सामान विवरण

समय परिवर्तनशील छ, यो समयको प्रवाहसँगै हरेक समाजमा व्याप्त रहेको संस्कार रीतिथिति र प्रचलनमा पनि क्रमशः परिवर्तन हुँदै आइरहेको देखिन्छ । यसै सन्दर्भमा बाँसगढी नगरपालिका २ थारु समाजमा हुने विवाह संस्कारमा पनि समय अनुसार विभिन्न किसिमले बदलिदो परिवेश, परिस्थिति जस्तै शिक्षा, जनचेतना, औद्योगिकिकरण, आधुनिकिकरण अन्य समुदायको आपसी हेलमेल, देखासिकीको कारण, शहरीकरण बसाँईसराई, बैदेशिक रोजगार र संचारमाध्यमको व्यापकताले परिवर्तन आएको छ । यसै अनुसार यस ठाउँमा प्रथाको रूपमा रहिआएको विवाह संस्कार मागी विवाह, प्रेम विवाह अदालती विवाह, विधवा विवाह, जारी विवाह र अन्तरजातीय विवाहको स्वरूपमा समय अनुसार धेरै परिवर्तनहरू आएको देखिन्छ, जसको कारण नै मान्न सकिन्छ कि अन्तरजातीय प्रेम विवाह सम्बन्धी आकर्षण केटाकेटी आफै मन पराएर गर्ने विवाह प्रेम विवाह हो र अलग अलग जातवीच विवाह हुनु अन्तरजातीय विवाह हो ।

१०/१२ वर्ष अघिसम्म अन्तरजातीय वा प्रेम विवाह गर्दा बाबुआमाले, घर परिवारले स्वीकार नगरेर बाहिरै बस्नु परेको थुप्रै घटनाहरू छन् । केटाकेटीले म फलानासँग विवाह गर्छु भनेर भन्ने साहस पनि गर्न सक्दैनथे । तर आजकाल अधुनिकिकरणले गर्दा, अरूको देखासिकीले गर्दा खुलेआम प्रेम गर्ने, भिन्न जात भए पनि म फलाना केटा वा केटीसँग विवाह गर्छु भनेर बाबुआमालाई भन्न सक्दछन् र मागेर पनि विवाह हुन्छ । अथवा ल्याइसकेपछि पुन सम्पूर्ण कार्यक्रम गरी विवाह गरिदिने प्रचलन पनि छ । सुरूमा बुबाआमासँग नसोधी केटाकेटी भागेर विवाह गरेको तर पछि बाबुआमाले बोलाएर केटीलाई पुन माइत पठाएर केटापक्षबाट जन्ती गएर धुमधामसँग अन्तरजातीय विवाह गरेको पनि यस ठाउँमा पाइएबाट यो स्पष्ट छ कि प्रेम विवाहमा ठूलो परिवर्तन आइसकेको यथार्थता पाइयो ।

यस अन्तर्गत समाजमा देखिएका विविध पक्ष राखिएको छ । घरमा अन्तरजातीय विवाह गर्दा अरू सदस्यलाई नकारात्मक पर्ने, दोस्रो सदस्यको विवाह गर्न खोज्दा सबैले त्यो परिवारमा त अन्तरजातीय विवाह गरेको रहेछ भनेर नाक खुम्च्याउन खोज्ने गरेको, अझ एउटै घरमा जेठानी, देउरानी स्वजातीय भएर आफू अन्तरजातीय भएको अवस्थामा सासु ससुराले

अन्तरजातीय विवाह गर्ने छोराबुहारी प्रति दोस्रो दर्जामा राख्ने प्रयास गरेको र जेठानी देउरानीले, दाजुभाइले समेत अन्तरमनबाट खुसी नभएको पनि अध्ययनले देखाएको छ । तर अधिकांश परिवारमा जातभन्दा पनि शिक्षा, पेशा र उसको अवस्थाबारे खोजी गरेको पाइयो । अध्ययनकै क्रममा केही अन्तरजातीय विवाह गर्ने भन्दा बाहेकका अभिभावकसँग पनि यसबारे जिज्ञासा राख्दा खै हाम्रा पालामा त्यस्तो स्वीकार्य थिएन तर अब त अन्तरजातीय विवाह सामान्य भएको र समाजमा स्वीकार्य भइसकेको र छोराछोरीले अन्तरजातीय विवाह गरे अवस्था हेरेर स्वीकार्नु पर्ने कुरा यस ठाउँका स्थानीय ले बताएका छन् । पञ्जिकाधिकारीको समेत कामकाज गर्दै आउनु भएका सुदर्शन बराल, स्थानीय मानु प्रा.वि.का प्र.अ. मनिराम थारु, स्थानीय बुद्धिजिवी तथा समाजसेवी रिते महत, विष्णु थारु आदिबाट समेत पाइएको छ । स्थानीय गा.वि.स.सचिव तथा पञ्जिकाधिकारीको कार्यभार सम्हाल्नु भएका सुदर्शन बरालले यो पनि स्पष्ट पार्नु भयो कि यस ठाउँमा अन्तरजातीय विवाह गर्ने व्यक्तिहरू निसंकोच विवाह दर्ताको लागि आउने गरेकोले पनि यसप्रति समाजमा सकारात्मक प्रभाव पर्दै गएको देखिन्छ ।

त्यस्तै समाज सेवी रिते महतका अनुसार हिन्दू र बौद्ध सम्प्रदायभित्र पनि दलित र गैरदलित वीचको अन्तरजातीय विवाह पचाउन कठिन तथा अन्त्यष्टि कार्यको लागि असहज अवस्था हुने गरेको परम्पराले गर्दा केही कठिन भए पनि अन्तरजातीय विवाहप्रतिको नकारात्मक धारणा विस्तारै हटाउदै लानु पर्ने कुरा उल्लेख गर्दै व्यक्तिगत रूपमा यसप्रकारको विवाहलाई स्वीकार्ने कुरा बताउनु भएको छ । त्यस्तै क्षेत्री र ब्राम्हणवीचको अन्तरजातीय विवाहले समाज तथा परिवारमा खासै फरक नपार्ने र अन्य जातिसँगको विवाह पनि स्वीकार्न थालिसकेको छ । शिक्षाले समाजलाई निकै अगाडि लम्काइसकेकोले हामी बुढाबुढी भए पनि नयाँ पिढीको निर्णय मान्नु पर्ने, सँधै आफनै पालाको जस्तो खोज्न नहुने भनेर आफ्नै छोरी पनि क्षेत्रीसँग विवाह भएको स्वीकार्दै अन्तरजातीय विवाहप्रति वितृष्णा हटाउनु पर्ने कुरामा जोड दिँदै स्थानीय शिक्षक नबीन महतले बताउनु हुन्छ ।

समग्रमा हेर्ने हो भने दलितसंग केही असहज भए पनि अन्य जातिमा स्वीकारयोग्य भएको र परिवार तथा समाजमा स्थापित भएर स्तरीय जीवन विताउन आफूले रोजेको विवाह गर्नु पर्ने, यसले भविष्यमा राम्रो हुने कुरा र छोराछोरीको भविष्यमा समेत स्वतन्त्रताको अनुभूति गराउन यसले सहयोग गर्ने गरेकोले पहिलो पुस्तामा भन्दा अबका पुस्तामा तुलनात्मक रूपमा

अन्तरजातीय विवाहले सकारात्मक रूप लिएको कुरा र अबका दिनमा शिक्षाको स्तरप्रति चिन्तित हुनु पर्ने न कि जातको घेरामा भन्ने विचारले गर्दा परिवार र समाजमा अन्तरजातीय विवाहको सकारात्मक प्रभाव रहेको अधिकांशको मत रहेको पाइएको छ ।

## वैयक्तिक विवरण

### १ सुवोध चौधरी र रिहाना खातुन

सुवोधको उमेर अहिले ४५ वर्षको छ, उनको विवाह २४ वर्षको उमेरमा १८ वर्षकी रिहाना खातुन केटीसँग भएको थियो । उनी सरकारी सेवामा कार्यरत छन् । उनको श्रीमती सरकारी नोकरीमा भएकोले २ छोराहरू सहित शहरमा बस्दै आएका छन् । एस.एल.सी. पास गरेपछि जागिर खान सुरू गरेको जागिरकै क्रममा शहरमा बस्दै जाँदा उनको त्यही ठाउँको एउटा केटीसँग प्रेमसम्बन्ध भयो । घरको जेठो छोरो भएकोले विवाह गर्न उसलाई घरमा बोलाइयो । तर ऊ अहिले विवाह नगर्नेमा जोड दिन्थे । पछि उनले एक दिन आफनो एकजना अन्तरजातीय केटीसँग प्रेम रहेको र उनीसँगै विवाह गर्ने मनसाय व्यक्त गरे । जुनकुरा त्यसबेलाको समयमा सजिलै स्वीकार्ने कुरा थिएन । तर पनि उनले आफ्नो प्रेमलाई विवाहमा परिणत गर्दै भगाएर घरमा नै लगे । अन्तरजातीय भएकै कारण घरमा स्वीकार्य त भएन तर समझदारी गरेर बस्न खोज्दा बुबाआमा, दिदीबहिनीहरू सबै विरोधी भए । पछि दुवै जाना सहार पसे सुरूका दिनमा न्यूनतम कमाई, सानो जागिर सबथोक किन्नु पर्ने, पैसाको कारण व्यवहारमा केही कठिनाई पनिसहनु पर्‍यो तर संघर्ष गर्दै आए । श्रीमतीलाई पढाउने काम निरन्तर भयो र केही समयपछि उनको श्रीमतीको पनि नोकरी मिल्यो तब दिनहरू केही सहज बन्दै गए । मान्छेको मन हो समयको परिवर्तनसँगै घरपरिवारको र ससुरालीको पक्षको पनि बोलचाल, आउनेजाने, बोलाउने जस्ता काम सुरू भयो । जसबाट केही मात्रामा भए पनि आउने जाने क्रमको विकास हुन थाल्यो । त्यसपछि भने दुवैजनाको जागिर, २ छोराहरू सहित सुखी र आनन्दी जीवन विताइरहेका छन् । यसरी सुरूको समयमा केही भिन्न व्यवहारको महसुस भएता पनि अहिले उनीहरूलाई कुनै पछुतो छैन । घर र ससुरालीकै बराबर आउजाउ भइरहने, जुनसुकै कार्यक्रममा सरिक भइरहने भएकोले आफूले अन्तरजातीय विवाहमा कुनै पनि पछुतो नरहेको उनको भनाई छ । आजकाल अन्तरजातीय विवाह गर्दा मागी विवाह सरह नै गर्ने परम्परा बसिसकेको देख्दाा आफूले चाँहि कुनै ठूलो अपराध गरेको झैं व्यवहार गर्ने समयका मानिसहरूमा आएको परिवर्तन र आधुनिक धारणाले मानिसमा चेतना फैलिएको

देखेर समाज निकै अघि बढेको कुरा बताउ छन्" । कुराको प्रसंगमा आफ्नो छोराहरूलाई अन्तरजातीय प्रेम विवाह गर्न स्वीकृती दिनुहुन्छ ? भन्ने जिज्ञासामा उ र उनका श्रीमती सहितको जवाफमा राम्ररी पढेर एउटा काममा अल्झिए पछि उसलाई मन परेको केटी रोजेर आमाबाबुलाई (हामीलाई) भनोस् मागी विवाह झैं धुमधामसँगले खुलेर विवाह गरिदिने कुरा बताए । किनकि आज शिक्षा नै सबैभन्दा उच्च, महान र आदरणीय चिज भएकोले उच्च शिक्षा प्राप्ति पछि आफ्नो भविष्य उज्ज्वल बनाउन आफै सचेत हुने कुरामा उनको विश्वास छ । त्यसैले उनी छोराछोरीको उज्ज्वल भविष्यप्रति मात्र चिन्तित छ न कि जातभित्र विवाह गर्छ कि गर्दैन भन्ने चिन्ता । यति चाँहि उनको चाहना छ आफ्नो पनि विवाह धुमधामसँग नगरेकोले छोराहरूको विवाह भने उनीहरूले हेरेको केटी नै भए पनि धुमधामसँग मागी विवाह गर्ने । त्यसैले ऊ बेलाबेला आफ्ना छोराहरूलाई यो कुराको संकेत पनि दिने गरेका छन् । पढेलेखेका मानिसले गलत निर्णय गर्दैन भन्नेमा पूर्ण विश्वास भएको बताए । यसरी यो वैयक्तिक अध्ययनबाट के स्पष्ट भएको छ भने केटा र केटी मन पराएर गरिने प्रेम विवाह वा अन्तरजातीय विवाह गर्दा पहिले पहिले अपराध गरे झैं हुन्थ्यो । तर आधुनिकीकरणको प्रभाव र शिक्षाको कारणले यसप्रकारको विवाह सहजै स्वीकार हुने गरेको र जातभन्दा शिक्षा र उज्ज्वल भविष्यप्रति बढी चिन्ता गर्ने गरेको पाइयो ।

### २ सुस्मिता चौधरी र खगेन्द्र ओली

सुस्मिता चौधरी अहिले २२ वर्षको भइन उनको विहे खगेन्द्र ओली सँग भएको छ । ओलीको घर कोहलपु बाँकेमा हो । सुस्मिता मामाघर बसेर पढथीन् त्यतिबेल तीनहरु एउटै कक्षामा पढ्थे । " हाम्रो भेट कक्षामा नै भएको हो । हामी त्यतिबेलादेखि मिलनसार साथी थियौ । एक अर्कालाई मन पनि पराउन्थ्यौ, हाम्रैं बारे गाँउमा हल्ला चलेपछि हामी विहे गर्ने कुरालाई अगाडि बढायौ । हामी माया गरथ्यौ एक अर्कालाई विहे गर्ने सोचमा थियौ तर हामी जातियताका हिसावले फरक थियौ म थारु जातिका भएकाले उ चाही उपल्लो जाति क्षेत्री रहेकाले घर परिवार ढुक्कसाथ स्वीकार्ने अवस्थामा थिएनन । हामी एक अर्कोलाई माया गरथ्यौ । नछुटिने अवस्थामा थियौ, विहे गर्ने संकल्पमा नै थियौ । दुवै को परिवार समान हैसियतका र केटा कटी पनि सहपथि भएकोले समय वित्दै जादा करिव २ वर्षाको प्रेम पछि दुवै परिवारको साहमतिमा विवाह गराइयो किन भने केटा पत्तिका एकलो छोरा र केटी पत्तिको पनि भाइ र आफु मात्र रहेकोले दुबै पारिवरको सहमतिमा विहे गराइयो तर पहाडीया संस्कारकामा अर्थत

पण्डीत रितिरीवाजमा विहे सम्पन्न गराइयो । विहेको बेला केटी पत्तिकाले थुपरो दाइजो दीएका थिए तर आफ्नो राजि खुसिले दुवै परिवारको हैसियत बराबर भएकोले होला  परिवार बिचको सम्बन्ध रामरो रहेको पइएको छ । सुस्मिताको १ वर्ष को छोरी पनि छ र उनि खुसि जिवान विताइरहेकि छिन् । दुवै तर्फको पारिवारिक, आर्थिक र सामाजिक अवस्था उन्नत नै रहेकाले समाजले हेर्ने दृष्टिकोण राम्रो छ । समाजले गर्ने व्यवहार सौहार्दपुर्ण नै छ । उनको अनुभवमा “अन्तरजातीय विवाह गलतहैन गलत हाम्रो समाजहो तर विसतारै सहज हुदैछ” । सुस्मिताको अनुसर परिवार र जिवन साथिको राम्रो साथ रहेमा अन्तरजातीय विवाह कुनै ठुलो कुरा हैन , प्रेम विनाको विवाह स्वजातीय भए पनि सम्बन्ध विक्षेद भएर जन्छ त्यसैले जात जुन सुकै होस प्रेम हुन जरुरीछ । यो जोडीले अन्तरजातीय विवाह को पक्षमा सकरात्मक धाणन राख्दा छन् ।

### ३ हिरा चौधरी र राजु महत

हिरा चौधरीको  उमेर अहिले २९ वर्षको छ उनको १८ वर्षको उमेरमा २२ वर्षको राजु महत भन्ने केटासँग अन्तरजातीय प्रेम विवाह भएको हो । उनको अहिले ५ वर्षको छोरो छ । उनी जब कक्षा १० मा पढ्दै थिइन् आफ्नै कक्षामा पढ्ने एउटै गाउँको साथीसँग एस.एल.सी. आउने बेलामा भागेर विवाह गरे । सानै उमेर, केटाकेटी स्वभाव, घरछाडेर बाहिर बस्न थालेका थिए । एस.एल.सी. परीक्षा सकेर घरको एकलो सन्तान भएकोले उनको माइतीमा बोलाएर तीको तालो गरि दीए यत केटा पत्तिको आमा सानैमा बितेको र काका र काकीको जीम्मा मा बुवा बिदेशिनु भएकोले बुढा सँगै बसिन । घरमा आर्थिक स्थिती रामरो नरहेकोले उनको श्रीमान वैदेशिक रोजगारमा विदेश जाने भनेर विदेश लागे । केही समयसम्म विदेश बसी फर्किए पछि पनि घरको खर्चा, छोराको पाढइ, साउको रिनले गर्दा आर्थिक स्थिती सुधरिना सकेना यता माइतिमा आफैले मान पराएरा भगेरा गएकोले खासै साहयोग नभए पछि सोचे जास्तो जिन्डागी र स्थिती नरहेकोले  उनीमा मानसिक पीडा सुरू भएको र हतारमा विवाह गरी फुर्सदमा पछुताउने काम सुरू भएको कुराको प्रसंगमा सुनाईन् । उनको श्रीमान् बाहिर बसेर घरमा कमैमात्र आउने, सम्पर्कमा कमै रहने भएपछि झन उसमा शंकाको त्रासता बढ्दै गएको थियो । घरधन्दा, गाइभैंसीको घाँस, दाउरा, जस्ता काममा व्यस्त रहनु पर्ने, श्रीमान् प्रायः बाहिरै बस्ने अवस्था भए पनि माइत बस्ने भनेर उनी कहिले ढीपी नगर्ने कुरा पनि बताइन् । यता श्रिमानको परिवारमा कुनै पुजाआजा भएमा उनलाइ त्यस पुजा भन्दा टाधै रखिन्थेयो भने घरको बाहिरी काम मा भने सारीक गराइन्थ्यो ।

उनी भन्छिन्, सानो उमेरमा अन्तरजातीय विवाह गरियो । आफू माइतिघरमा रजाइ गरेरा बसेको बुवाआमाले सबै थाोक पुराउथे, कहिले दुख नपाको विहे पछि दुखमात्र छ । उनको विचारमा अन्तरजातीय विवाह नराम्रो त होइन तर विवाह गर्ने उमेर चाँहि महत्व रहेछ । पढ्ने काम सकेर एउटा नोकरीमा अल्भिएए पछि मात्र विवाह गर्ने हो भने जातको कारणले मात्र नराम्रो हुँदैन होला । परिपक्व भएर जीवन के हो ? प्रेम के हो ? विवाह के हो भन्ने राम्ररी बुझेर मात्र विवाह गर्नु पर्ने र श्रीमान श्रीमती सँगै बस्नु पर्ने कुरामा जोड दिन्छिन् आफनो छोरालाई अन्तरजातीय विवाह गर्न सहमत दिनुहुन्छ भन्ने सन्दर्भको प्रश्नमा उनी भन्छिन्– मैले त ठूलो गल्ती गरेँ तर छोरोले आमाबुवाको जस्तो गल्ती नदोहोर्‍याओस्, दुःख गरेरै भए पनि पढाउने र पुरै परिपक्व भएर मात्र विवाह गरिदिन पाउँ भन्ने चाहना छ । उनको भोगाई अनुसार प्रेम विवाह गरेकी महिला त्यसमा पनि कुनै नोकरीमा अल्भिन सकिएन भने गाउँ, छरछिमेकले पनि हेप्दो रहेछ । त्यसैले मागी विवाह नै राम्रो हो भन्दछिन् ।

## ४ मेघराज चौधरी र सुनिता बि.का

उक्त जोडी एउटै गाँउका हुन् । केटाले S.L.C पास गरेर गाउँकै उच्च मा.वि.मा पढ्नेक्रममा सुनिता बि. का केटीलाई मन पराउन थाल्यो । एउटै विद्यालय एउटै गाउँ भएकाले विद्यालय जाने आउने क्रममा उनीहरू बिचमा कुराकानी हुन थाल्यो, समय वित्दै जाँदा त्यो कुराकानी मायाप्रेममा परिणत भयो एकले अर्कोलाई मन पराउन थाले । दैनिक विद्यालय जाँदा आउँदा, मेलापात उनीहरू बीचमा भेटघाट, कुराकानी र कहिले मोबाइल तथा सामाजिक संजाल मार्फत, कुराकानी हुने क्रम्मा केटाले केटीलाई प्रेम प्रस्ताव राखे । केटीले उक्त प्रेम प्रस्ताव स्वीकार गरिन । त्यति बेला केटीले ११ मा पढ्दै थिइन भने केटाले १२ मा पढ्दै थिए जतिबेला केटाको उमेर २० वर्षको थियो भने केटीको उमेर १९ वर्षको उमेरमा उनीहरू बीच प्रेम विवाह भयो यस गाउँमा विभिन्न जातजातिका मानिसको बासोवास रहेको पाइन्छ । केटाको परिवार एकल परिवार थियो उक्त परिवारमा त्यसभन्दा अगाडि कसैले पनि अन्तरजातीय विवाह गरेको थिएन । विहे गर्नु अघि उनीहरू बिचमा जातीय छुवाछुत तल्लो र माथिल्लो जातका कुरा हुने गर्थ्यो । केटाले केटीलाई मायाका कुरा गर्ने, विहे गरेपछि यी समाधान हुने र आफु जातीय विरोधीको रूपमा उदाहरण हुने कुरा गरेको पाइयो । विहे गरेर घरमा लिएपछि केटाको परिवारमा घरभित्र पस्न दिइएन । केही समय सहरमा बिताए पछि घरको एकलो छोरा भएकोले दलित भए पनि बुहारीको रुपमा स्वकारना बाध्य भए । तर तेस घरमा साधशन्त आउँदा कहिले पानी पनि खादैनन् र घरको पुजाआजामा बहिस्कार गर्छन् । घरको परिवारले

विस्तारै सहाज बनाय पनि आफन्तहरु यो विवाहको विरोधमा छन् साधै हेप्हाको दारजा दीनेगरेको जोडी को भनाइ थियो । शिक्षित व्यक्ति तथा नयाँ पुस्ताले  अन्तरजातीय विवाह, छुवाछुत प्रथालाई अस्वीकार गर्छन्  । समाजमा मध्यम वर्गको तुलनामा अलि धनीहरूले र अशिक्षितव्यक्तिले जातीय व्यवस्थालाई कडाइ गर्ने गरेको पाइयो भने तल्लो/ मध्यम वर्ग र शिक्षित व्यक्तिहरुले जाती वयवस्था अस्वीकार गर्छन्  । केटाकेटी बीचमा कहिले काही भनाभन हुने तर एकआपसमा माया भएकाले त्यति ठूलो विषय नबनाइएको पाइयो । केटाले यो जातभात भन्ने कुरा गाउँ समाजमा बढी भएको तर सहर बजारतिर कुनै महशुस नहुने बताउँछन् । गाउँमा बुढापाकाका तुलनामा समाजमा नयाँ पुस्ता शिक्षित व्यक्तिले जातभात छुवाछुतलाई परिवर्तन गर्न खोजेको पाइन्छ ।

उक्त विवाह दलित-गैरदलित बीचको अन्तरजातीय विवाहको कारण उक्त दम्पतीलई परिवार तथा समाजमा असहजता परेको देखिन्छ । अन्तरजातीय विवाह दलित र गैरदलित बीचको विवाहलाई हाम्रो समाजले सहर्ष स्वीकार गरेको पाइदैन । पहिले पहिले समाजमा गैर दलित र दलित बीचको विवाह भएमा गाउँबाट निकाल्ने गरिन्थ्यो तर अहिले ढीलो चाँदो स्वर्कय हुन्छ । यसले समाजमा मानिसले दलितलाई गर्ने व्यवहारमा परिवर्तन भएको पाइन्छ । समाजमा धनी व्यक्तिले , अशिक्षित व्यक्तिले समाजमा जातीय वर्चश्व कायम राख्न खोजेको पाइन्छ । अन्तरजातीय विवाहलाई समाजले प्रतिवन्ध गर्न खोजेको तर कुनै कानुनी प्रक्रिया नभएकाले सामाजिक नियम लगाएर निषेध गर्न खोजिएको छ । यसबाट नियम कानुनभन्दा समाजको नियम अझैँ पनि गाउँघरमा रहेको पाइयो । केही पढेलेखेका र बाह्यवातावरण बुझेका युवाहरूमा जातीय विभेदलाई परिवर्तन गर्न खोजेको तर समाजका वृद्धाहरूबाट यसलाई रोक्न खोजेको देखिन्छ । यसले समाजमा क्रमिक विकास र परिवर्तनको संकेत देखाउछ । माथिल्लो घटनाबाट यौटा परिवारले छोराको खुसीलाई स्वीकार गर्दा गर्दै पनि समाजमा सामाजिक संस्कारबाट बष्हिष्कृत हुने डरले अलग राख्ने गरेको पाइयो ।

### ५ सरीता चौधरी र रहुल परियार

सरीता चौधरी अहिले २५ बर्षको भइन १ बर्ष अगादी उनको रहुल परियार सँग भागि विवाह भएको थियो । रहुल र सरीता facebook मार्फत साथी बनेका थिए । सुरुवाती दाउरमा एक आर्का सँग facebook मै chat गर्ने गर्दे केहि समय पछि नम्बार साता सात भयो र सम्बन्ध अझै सुमाधुर हुन गयो । दुवै मायमा ताल्लीन भए यता केटीको घरमा दलित केटा

सँग प्रेम मा रहेको कुरा थाहा पाए पछि परिवारले उनलाई सम्भ्काउनुको साथै धम्की पनि दिए यदि त्यस केटा सँग विहे गरिस भने हाम्रो लागी सदाको लागी मर्छस् । करण दलित जातीको केटा भएकोले छोरीले त्यहाँ विवाह गरेमा इज्यत, मान, प्रतिस्था जान्छ भनेर घर बाट चेतावनी आएको थियो । केटा दलित जातको भए पनि सम्गन्ना परिवारको छ, उसको घर सहरको नाजिकै छ, तिनीहरु सब परिवार व्यपारमा लागेका छन् । केटाले घर परिवार अहिले नमाने पनि विहे पछि सब थिक हुन्छ भनेर भरोसा दीलाए पछि दुवै भागेरा विवाह गारे । केटाको परिवारले सहजै स्वकार गरेको र घरको आर्थिक अवस्था रामरो रहेकोले अन्तरजातीय त्यसमानि दलित जातीको भए पनि सरीता निकै खुसि छिन् । आफुले कुनै गालत कम न गरेको बताउछिन् तर १ बर्ष बितिसक्दा पनि बुवाको बोलचाल नरहेको र बँकि परिवारको सदास्य सँगा समान्य बोलचाल रहेको बताउछिन् ।

माथिको घटनाबाट के देखिन्छ भने अहिलेको समयमा मानिसले जातभातलाई भन्दा आर्थिकलाई बढी महत्व दिन थालेको पाइन्छ । आजभोलि विवाह योग्य केटाकेटीले जातभातलाई भन्दा केटाकेटीको बाह्य परिवेश (लवाइ खवाइ) आधारमा विवाह गरेको पाइन्छ । समाजमा युवा, शिक्षित व्यक्तिले जातभातलाई सहज रूपमा स्वीकार गर्नाले पनि समाजमा दलितप्रति हेर्ने दृष्टिकोण तुलनात्मक रूपमा परिवर्तन भएको छ । यसरी यो वैयक्तिक अध्ययनलाई के बुझिन्छ भने शिक्षा प्राप्ति र श्रीमान श्रीमती वीच समझदारी नै प्रमुख चिज हो । अर्को कुरा परिवारका अन्य सदस्यहरूको माया, ममता, सदभाव, सहयोग भन्दा श्रीमानको साथ र सहयोग ठूलो रहेछ भन्ने सन्देश दिएको देखिएको छ ।

# अध्याय-सात

# अध्ययनको सारांश र निश्कर्ष

यस अध्यायमा सोधपत्रमा समेटिएका मूलभूत कुराहरूलाई प्राप्त तथ्यांकको आधारमा अध्ययनको सारांश र निश्कष प्रस्तुत गरिएको छ ।

## ७.१ अध्ययनको सारांश

प्रस्तुत अध्ययन बर्दिया जिल्ला बाँसगढी नगरपालिका २ बेलवा गाउँको थारु समुदायमा अन्तरजातीय विवाहको एक समाजशास्त्रीय अध्यय हो । यस अध्ययनको प्रमुख उद्येश्य अन्तरजातीय विवाहलाई प्रोत्सहान गर्ने कारकतत्वहरुको खोजी गर्न र अन्तरजातीय विवाहमा आवद्ध थारु जोडीहरुको अन्तरजातीय विवाह प्रति अवधारणा वा दृष्टीकोण बारे बुझ्न रहेको छ। विवाहलाई मानव समाजमा सवैभन्दा महत्वपूर्ण र पुरानो संस्थाको रूपमा लिईन्छ। मानवीय समाजलाई संगठित गर्दै स्थायीत्व प्रदान गर्न सामाजिक संस्थाको रूपमा विवाहलाई लिन सकिन्छ। विभिन्न समय तथा कालखण्डको विवाह पद्धतिहरू फरक फरक किसीमले अघि बढेर अहिलेको विवाह पद्धति सम्म आईपुगेको विभिन्न समाजशास्त्री तथा मानवशास्त्री बताउछन् । यस क्षेत्रका थारु र गैर थारु बिचमा अन्तरजातिय विवाह भएको पाइयो। बाँसगढी नगरपालिका २ मा अन्तरजातिय विवाह गर्ने ५० जोडी लाई छनौट गरीएको छ तथा घटना अध्ययन, व्यक्तिगत अध्ययन पद्धतिलाई अपनाइ आवश्यक सुचना तथा तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययन क्षेत्र भित्र अन्तरजातिय विवाहको विद्यमान अवस्था, उनीहरूलाइ समाजमा र परिवारले हेर्ने दृष्टिकोण के रहेको छ पत्ता लगाउन । थारु र गैर दलित बिचको विवाहलाई समाजले विस्तारै स्वकार गरिरहेका छन् तथा थारु र दलित बिचको विवाहमा अझै पनि समाजमा पुर्ण रुपमा स्वीकार नगरेको पाइयो । तर एकल परिवार को एकलो सन्तान छ र दालित केटी भगाएर ल्यको छ भने विस्तारै स्वकारेका छन् भान्छमा पनि चलाउने गरेको पइयो । अन्तरजातिय विवाहका घटना कस्तो परिवेशमा घट्दा रहेछन् भन्ने बारेमा हेर्दा कस्तो देखिन्छ भने अहिलेको समाज भनेको सबै जातजातिको बसोबास छ्यास्मिस् रहेको यिनीहरू एक अर्काप्रति अन्तरसम्बन्धित तथा परनिर्भर रहेको देखिन्छन् । पहिलेको जस्तो जाति विशेषको समाज कम देखिन्छ । यहाँका मानिसहरू वैदेशिक रोजगारको क्रममा विभिन्न ठाउँमा जाने, पढाईका क्रममा शहरमा जाने, शिक्षाले मानिसको सोचाईमा परिवर्तन, युवाहरूको धारणामा परिवर्तन आउनु, शहरीकरण, पश्चिमीकरणको प्रभाव परेको देखिन्छ। त्यसैले विभिन्न चाडपर्व,

मेलापात, स्कुल, सामुहिक क्रियाकलाप, जमघट बारम्बार हुने हुँदा उनीहरूबिच चिनजान, आवतजावत बढ्नाले एकअर्काप्रति मनपराएर प्रेम विवाह गर्ने र यस्तो अवस्थामा अन्तरजातिय प्रेम विवाहका घटना घटेको देखिन्छ । अन्तरजातिय विवाहलाई मुख्य रूपमा परिवर्तित समय अनुसार परिवर्तन हुँदै जान्छ । साथै युवाहरूको धारणामा परिवर्तन आउनु, शिक्षाको वृद्धि र विकमस, प्रेमविवाह को बहुल्यता, दाइजो प्रथाको न्युनिकण, समाजिक अन्दोलन तथा जातीय विविधता कानुनी प्रावधन, सुचना सञ्चार र प्रविधिको विकास आदिलाई अन्तरजातिय विवाह गर्न प्रेरित तत्वका रूपमा लिन सकिन्छ । यो शोध सामाजिक परिवर्तन र मार्क्सवादी दृष्टिकोणसँग मेल खाने भएकोले यससँग जोडिएको छ । यसमा क्षेत्र भ्रमण, अवलोकन, प्रश्नावली, अन्तरवार्ता जस्ता पद्धति अपनाई अध्ययन विषयलाई सार्थक बनाइएको छ ।

(क) यस क्षेत्रका मानिसहरूमा शैक्षिक चेतनाको विकास, शहरतिरको बसाँईसराई र जनसम्पर्क, वरपरको देखासिकी र सरसंगतले गर्दा परम्परागत विवाह संस्कारमा परिवर्तन हुँदै आएको मागी विवाहमा पनि परिमार्जित भएको, विवाह प्रतिका वाहियात रूपमा बढ्दै गएको विकृति बढ्दै गएको कुरीति क्रमशः हटाउदै लगेको कुरालाई अध्ययनले स्वीकारेको छ । शिक्षा तथा चेतनाको कारणले विवाह गर्ने उमेरमा केटाकेटी छान्ने प्रक्रियामा, कम उमेरमा विवाह गर्ने संस्कारमा अझ अन्तरजातीय विवाह प्रति बढेको मोह र स्वीकृतिमा आएको परिवर्तन एकदम सकारात्मक भएको यस अध्ययनले समेट्ने प्रयास गरेको छ । अन्तरजातीय विवाह प्रति समाजको धारणा के कस्तो रहेको छ भन्ने कुरा समेत यस अध्ययनले समेट्ने प्रयास गरेको छ। यसबाट थाहा हुन्छ कि गैरदलितको बाहुल्यता रहेको यस ठाउँमा जातिपाति, छुवाछुतप्रति सामान्य बन्दै गएको देखिएको छ ।

(ख) यस क्षेत्रका मानिसहरूको प्रेम विवाह प्रति र अन्तरजातीय विवाह प्रति आकर्षण बढ्दै गएको पाइन्छ । केटाकेटी मन पराएपछि बाबुआमा केटी माग्न जाने औपचारिकता पूरा गरेको र विवाह पछि संयुक्त परिवारमै बसेको तथ्याङ्कबाट स्पष्ट देखिन्छ परम्परागत संस्कार मागी विवाह नै भए पनि आधुनिकिकरण सँगै विवाहमा आएको नयाँ प्रकृतिमा अन्तरजातीय विवाहले पनि सकारात्मक रूप लिएको पनि तथ्याङ्कबाट देखिएको छ ।

(ग) अन्तरजातीय विवाह सम्बन्धमा राम्रो हो, तुलनात्मक रूपमा अन्तरजातीय विवाह गर्नु हुँदैन भन्ने कम नै देखिन्छ । परिवारले स्वीकार्ने कुरामा केही झट्टै स्वीकार नगरे पनि

पछि स्वीकार गरेको छन् । तर यो अवस्था गैरदलित र थारुको वीचको विवाहमा पाइयो भने दालित सँगा भागि विवाह मात्र भएको  देखिएको छ । तुलनात्मक रूपमा एकदमै कम, त्यसमा पनि शैक्षिक अवस्था कमजोर भएकोमा मात्र । आफ्ना छोराछोरीलाई अन्तरजातीय विवाह गर्न स्वीकार्ने वा नस्वीकार्ने भन्ने सवालमा परिवारको र केटाको शिक्षा रोजगारको अवस्था हेरेरा दिने भन्ने पाइयो । यसको मतलब शैक्षिक, आर्थिक र सामाजिक अवस्था बलियो छ भने जातपातको कुरा हुदैन भन्ने हो । आधुनिकिकरणले विवाहमा ल्याएको परिवर्तन प्रति सकारात्मक नै बढी देखियो ।

## ७.२ अध्ययनको निश्ष्कर्ष

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक र धार्मिक विविधतामा एकता भएको देश हो । समाज परिवर्तनशील विकासशिल छ । सोही अनुरूप समाज तथा सामाजिक संस्थालाई बुझ्नका लागि सर्वप्रथम त्यस ठाउँको परिवर्तन र विकासलाई बुझ्नुपर्दछ । जुन क्षेत्रमा विकासका पूर्वाधार, औद्योगीकरण, बजारीकरण भएको छ त्यस्तो क्षेत्रमा समाज परिवर्तन छिटोछिटो हुने गर्दछ र ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा अन्तरजातीय विवाह बढी र जातीय भेदभाव कम हुने गर्दछ । शहरी क्षेत्रमा मानिसको जातिय स्तरीकरण भन्दा व्यक्तिगत प्रतिस्पर्धाले मानिसलाई ठुलो सानो बनाएको छ । जुन क्षेत्रमा शिक्षा, संचार, वाह्य परिवेश आत्मनिर्भर जस्ता पहुँच प्राप्त हुन्छ । यस्तो अवस्थामा मानिसमा समाजिक नियम कानुन संस्कारलाई तथा क्रमशः तोड्दै अगाडी बढ्छ । यहाँ कुनै जातिय भेदभाव हुँदैन यस्तै ठाउँको पश्चिम बर्दिया जिल्ला बाँसगढी नगरपालिका पनि एक हो । यस ठाउँमा थारु, ब्राम्हण र क्षेत्री, गुरुङ, मगर,मुस्लिम र दालित समुदायको बाहुल्यता रहेको छ र सबै जातिहरू एक आपसमा मिलेर बसेका छन् । कृषि मुख्य पेशा रहेर पनि समय अनुसार व्यापार, पशुपालन, नोकरी र वैदेशिक रोजगारमा संलग्न रहेका यस ठाउँमा विकासका पूर्वाधारहरू बढ्दै गए पनि समयको माग अनुसार यसलाई कम नै मान्नुपर्छ । विकासको काममा सबैको मन मिल्ने यस ठाउँमा पहिल्लो समयमा राजनीतिक खिचातानी बढ्दै गएकोले राजनीतिक प्रभावले यस ठाउँलाई पनि अछुतो राखेको छैन । शैक्षिक क्षेत्रमा अग्रपंक्तिमा रहेकै कारण यस ठाउँबाट उत्पादन भएको व्यक्तिहरू देश विदेशमा समेत पुगेका छन् । प्रस्तुत अध्ययनले यस ठाउँमा विवाहमा आएको परिवर्तन अर्थात विवाहको आधुनिक प्रवृत्ति अन्तरगत अन्तरजातीय विवाहका कारण र थारु समुदायमा अन्तरजातीय विवाह प्रतिको अवधारण, सम्बन्धी खोज तथा अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

सामान्यतयाः अन्तरजातिय विवाहलाई समाजले सकारात्मक रूपमा लिने गरेको पाईदैन । केटाकेटी बढी स्वतन्त्र(छाडा) भएको अभिभावकको इज्जत नगरेको समाजको नियमलाई वेवास्ता गरेको भन्ने बुझिन्छ । अन्तरजातिय विवाह प्रतिको समाजको दृष्टिकोण तथा व्यवहारहरू पनि फरक फरक रहेको पाइयो । थारु र अन्य जातहरूको विवाह लाई समाजले पहिलेको तुलनामा धेरै सकारात्मक धारणा आएको तर थारु जातमा दलितसँग विवाह गर्दा अस्वकार र अपमान गर्ने गरेको पाइयो । तर जहाँ एकल सन्तान छ र त्यसले दलितसँग भागी विवाह गरेको छ भने विस्तारै स्वकारेको पाइन्छ । यस अध्ययन अनुसार जुन घरमा एकल परिवार छ, उच्चा शिक्षा छ, रोजगार छ त्यस्तो घर समाजमा अन्तरजातीय विवाह सहाज छ चहे दलित होस य गैरदलित यस क्षेत्रमा प्रचलनमा रहेको विवाह संस्कारमा मागी विवाह नै मुख्य हो । त्यसपछि प्रेम विवाह, अदालती विवाह, विधवा विवाह रहेको र प्रेम विवाह अन्तर्गत अन्तरजातीय विवाह बढ्दै गएको पाइयो । अन्तरजातीय विवाह बढनुका कारण र यस विवाह प्रति सामाजिक धारण बरे अध्ययनको निश्कर्षमा समाजमा यसको सकारात्मक प्रभाव परेको छोराछोरीले आफूले रोजेको, आफू सुहाँउदो केटाकेटी छानेर बुबाआमा घरपरिवारमा प्रस्ताव राख्दा अवस्था हेरेर मागी विवाह गरिदिने गरेको समेत पाइयो । तर दलित सँगको विवाह समाजमा अझइ सुइकार्य छैन र गैरदलित बिचको विवाह समान्य बन्दैगएकोछ । अबका अभिभावकले छोराछोरीको शिक्षा र भविष्यको चिन्ता लिएर काम गर्ने, अवसर जुटाइदिने न कि जातको सीमित घेराभित्र कुण्ठित बनेर उज्ज्वल भविष्यप्रति खेलवाड गर्ने जस्ता कार्यमा सोच्नु पर्ने दिन आएको विभिन्न व्यक्तिसँगको अन्तरवार्ता तथा कुराकानीबाट थाहा भएको छ । महिला पुरूषप्रतिको विभेद हटाएर हरेक क्रियाकलापमा पुराना संस्कार हुबहु अवलम्वन गर्नु भन्दा पनि समय अनुसार परिमार्जन गर्दै लानु पर्नेमा यस क्षेत्रका केही मानिसहरू बाहेक धेरै मानिस सक्रियतापूर्वक लागीपरेको पाइएको छ ।

## सन्दर्भग्रन्थ सुची


अधिकारी, रेशराज (वि.सं. २०५६). *नेपाली समाज संस्कृति,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

गुरुङ, गणेशमान ( २०५६). *इन्डिजिनस पिल मोविलाइजेसन एण्ड चेन्ज*।

गौतम, टेकनाथ (वि.सं.२०४४). थारू जातिको इतिहास तथा संस्कृति, दाङः प्रकाशक सुशिलकुमार गौतम प्रथम संस्करण, थारु पुराण ।

चौधरी, सगुनलाल (२०४८). *थारुजातिको विवाह नया युगवोध,* साप्ताहिक दाङ ।

झा,अरुण कुमार (२०६६). *थारु जतिको सामाजिक , सास्कृतिक, आर्थिक,* एम.ए.सोधपत्र प्रकाशित ।

डा. शर्मा, मेदीनी (वि.सं. २०४४). *थारू जाति एक अध्ययन,* विराटनगर :पूर्वाञ्चल साहित्य प्रतिष्ठान, प्रथम संस्करण ।

दहित, गोपाल (२०६२). *थारु संस्कृतिको संक्षिप्त परिचय,* सानेपा : आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

देवकोटा, पदमलाल तथा ओझा नेत्रकुमार (२०६७) *सामाजिक संस्था र प्रक्रियाहरुको विश्लेषण,* काठमाडौं : देउराली प्रकाशन प्रा.लि.।

नेपाल, यात्री पि.पि. (वि.सं २०३३). *महाकाली अञ्चल दिग्दर्शन,* विराटनगर : हिमाली सौगात प्रकाशन, नेपाल ।



नेपाल, यात्री पि.पि. (वि.सं २०३३). *महाकाली अञ्चल दिग्दर्शन* , विराटनगर : हिमाली सौगात प्रकाशन, नेपाल ।



प्याकुरेल, केलाशनाथ (२०३९). *एथतिक एण्ड सरल डिभलपमेन्ट इन नेपाल सोसयोलोजिकल स्टडी,* अफफोर थारु भिलेज इन नेपाल (शोधपत्र पि.एच.डि.अप्रकाशित) ।

पाण्डे, मधुसुदन (वि.सं.२०६०). *नेपालका जनजातिहरू,* काठमाडौँ : पैरवी प्रकाशन, नेपाल ।

पाण्डे, रामकुमार (वि.सं.२०४२). *नेपाल परिचय मूलग्रन्थ,* ललितपुरःविद्या पुस्तक भण्डार ।

पिटर, नरेन्द्रजं (२०१८). *अन्तरजातीय विवाह एक संक्षिप्त विश्लेषण,* काठमाडौँ : सुजल अफसेट प्रस बागबजार ।

मिश्र, चैतन्य (२०१८). *अन्तरजातीय विवाहको चिरफार,* बागबजार, काठमाडौँ (प्र.५७) ।

विष्ट, डोरबहादुर (सन् १९८६). *सबै जातको फुलबारी,* काठमाडौँ : रत्नपुस्तक भण्डार, नेपाल ।

विष्ट, डोरबहादुर (वि.सं. २०५५). *सबै जातको फूलबारी,* काठमाडौं: साझा प्रकाशन ।

भट्ट, ठाकूर प्रसाद (१९९६). *ल्याण्डलेसनेस इन सोसियो इकोनोमिक स्टाटस पर्सपेक्टिभ अफ थारु कम्युनिटी, ए केस स्टडी अफ पटहानी भिडिसी अफ चितवन,* अप्रकाशित एल. ए. को् शोधपत्र) बृहत्ज्ञानकोष ,बागबजार काठमाडौं:आशिष पुस्तक भण्डार ।

यादव,रामरिझन (८ मार्च,२०१८). *विवाह सम्बन्धको बदलिँदो स्वरुप,* काठमाडौं : यामकुमार खड्का र खुशिला खडका ।

रजौरे, द्रोणप्रसाद (१९९७). *एन आन्थ्रापोलोजिकल स्टडी अफ थारुज अफ दाङ देउखुरी,* एम, एम,शोध पत्र, अप्रकाशित ।

साह, रीता (वि.सं.२०१८) *मधेसी समुदायमा अन्तरजातीय विवाह* बागबजार, काठमाडौँ ( प्र.२३६) ।

श्‍र्मा, अनिल (वि.सं.२०१८). *युद्धाकालीन विवाह : एक विश्लेषण,* बागबजार काठमाडौँ ( प्र.१९९) ।

शर्मा, जनकलाल (वि.सं.२०३९). *हाम्रो समाज एक अध्ययन,* काठमाडौँ :साझा प्रकाशन ।

शर्मा जनकलाल, वम मानकृष्ण (२०४९). *हाम्रो समाज एक अध्ययन,* काठमाडौँ : साझा प्रकाशन

श्रेष्ठ, हरिप्रसाद (२०५६). *नेपालको इतिहास र संस्कृति : एक झलक,* काठमाडौँ : शृङ्खला अफसेट प्रेस ।

श्रेष्ठ, पदम (११३३). *प्रकाशन ने.स.थारुको परिचय ।*

Chaudhary, P. (2007). *Contentous Marriage Eloping Couples*. New Delhi: Oxford University Press.

Knskar S. and Ghimire K. (2009)**.** *Identity and society social Exclusion and inclusion in Nepal*.

Regmi, R. R (1990). *Dimensions of Nepalese society and culture Kantipath*, Kathmandu: Modern Printing Press.

Sztompka, Piotr (1993a). *The Sociology of social change*. Oxford and Cambridge: Blackwell [Read Chapter 2, pp. 13-32].

# परिशिष्ट-१

## अन्तरवार्तामा सोधिएका मुख्य प्रश्नहरु

नाम :

जाति :

लिङ्ग :

उमेर :

पेशा :

शिक्षा :

धर्म :

वैवाहिक स्थिति :

१. विवाहको आधुनिक प्रवृत्तिहरू के के हुन् ? बताइदिनुहोस् न ।

२. तपाई धर्मप्रति कस्तो आस्था राख्नुहुन्छ ?

(क) आस्तिक...... (ख) नास्तिक ...... (ग) सामान्य ......

३. तपाईको मुख्य चाडपर्व कुन कुन हुन् ?

४. तपाईहरूको समाजमा प्रचलित विवाह संस्कार कुन कुन हो ?

(क) मागी ...... (ख) प्रेम....... (ग) अदालती...... (घ) अन्तरजातीय...... (ङ) अन्य......

५. अन्तरजातीय प्रेम विवाहलाई तपाई कस्तो दृष्टिले हेर्नुहुन्छ ?

(क) राम्रो........ (ख) नराम्रो...... (ग) सामान्य.......

६. तपाईले अन्तरजातीय विवाह गर्नुको कारण के हुनसक्छ ? बताइदिनुहोस् न ।

७. तपाईको विचारमा विवाह गर्ने उमेर कति वर्ष उपयुक्त लाग्छ ?

(क) छोराको........ (ख) छोरीको.........

८. तपाईको विचारमा छोराछोरी कति जन्माउन ठीक हुन्छ ?

(क) एकमात्र......... (ख) दुईसम्म...... (ग) भगवानको बरदान.......

९. अन्तरजातीय प्रेम विवाह गर्नुका फाइदाहरू बताई दिनुहोस् न ।

९. अन्तरजातीय विवाहलाई तपाइको परिवारले स्वीकारे ?

(क) स्वीकारे....... (ख) स्वीकारेन...... (ग) केही समयपछि स्वीकारे.......

१०. अन्तरजातीय विवाहले तपाईलाई कस्तो अनुभव भएको छ ?

(क) ठीक गरे जस्तो...... (ख) समाजलाई चुनौति...... (ग) पछुतो.......

११. तपाई आफ्नो छोराछोरीलाई अन्तरजातीय विवाह गर्न सहमति दिनुहुन्छ ?

(क) दिने...... (ख) नदिने...... (ग) अवस्था हेरेर.......

१२. आधुनिकीकरणले विवाह संस्कारमा कस्तो प्रभाव पारेको छ ?

(क) सकारात्मक...... (ख) नकारात्मक.....

१३. विवाहको सन्दर्भमा महिलाको निर्णय मान्य हुन्छ ?

(क) हुन्छ..... (ख) हुदैन.....

१४. तपाईको परिवार तथा समाजमा छोरा छोरी वीच विभेद गर्ने चलन छ कि छैन ?

(क) छ...... (ख) छैन..... (ग) केही.....

१५. अन्तरजातीय विवाह गर्नेलाई प्रोत्साहन स्वरूप पुरस्कार दिने सरकारी नीति तपाईलाई कस्तो लाग्यो ?

(क) राम्रो..... (ख) नराम्रो ......

१६. अन्तरजातीय विवाह गर्नेलाई प्रोत्साहन स्वरूप पुरस्कार दिने सरकारी नीतिको फाइदा तथा वेफाइदा बताइदिनुहोस् न ।

१७. आधुनिकीकरणले विवाह संस्कारमा आएको परिवर्तन प्रति तपाईको विचार वा तपाईले देख्नु भएको अवस्था छोटकरीमा बताइदिनुहोस् न ।

१८. अन्तरजातीय विवाहले परिवारमा पारेको प्रभाव र पुराना (अघिल्लो पुस्ता) र नयाँ पछिल्लो पुस्ता) यसप्रतिको दृष्टिकोणबारे छोटकरीमा बताइदिनुहोस् न ।

१९. तपाईको शैक्षिक अवस्था कस्तो छ ?

(क) निरक्षर..... (ख) सामान्य लेखपढ .... (ग) एस.एल.सी..... (घ) आइ.ए.... (ङ) बी.ए.....

(च) एम.ए....

२०. अन्तरजीय विवाहले परिवारमा के कस्तो प्रभाव पारेको छ ? यसप्रकारको विवाह प्रति पहिले र अहिलेको दृष्टिकोणबारे छोटकरीमा बताइदिनुहोस् न ।